# अध्याय : एक

## परिचय

### विषय प्रवेश

शब्दकोश शब्दका बारेमा विविध जानकारी दिने ग्रन्थ हो । शब्द र कोशको योगबाट निर्मित शब्दकोश अङ्ग्रेजीको डिक्सनरी शब्दको नेपाली रुपान्तरण हो । यसमा शब्दका विविध सूचनाहरु समावेश गरिएको हुन्छ । कुनै पनि शब्दको अर्थ, स्रोत, व्युत्पत्ति, हिज्जे, व्याकरण, पर्याय, विपर्याय, उदाहरण जस्ता सूचनाको विस्तृत जानकारी कोशमा समावेश गरिएको हुन्छ ।

शब्दकोशले शब्दभण्डारको प्रवृति र प्रकृतिको अध्ययन सहित शब्दको उच्चारण, हिज्जे, व्युत्पत्ति, व्युत्पादन, शब्दवर्गीय स्थिति, व्याकरणिक सूचनाहरु, शब्द प्रयोगको सामाजिक स्तरगत अवस्था, अर्थ, विविधता जस्ता समग्र शाब्दी सूचनाहरु प्रदान गर्दछ । भाषाका शब्दहरुलाई वर्णानुक्रममा मिलाएर तिनको स्रोत, अर्थ, प्रयोग आदि सूचनालाई व्यवस्थित रुपमा प्रस्तुत गरिएको ग्रन्थ शब्दकोश हो (अधिकारी र भट्टराई, २०६८ : ९३५) । क्रमपूर्ण रुपले भाषा वा विषयका शब्दहरुको उत्पत्ति, अर्थ, प्रर्याय आदि खुलाई लेखिएको ग्रन्थ शब्दकोश हो (शर्मा, २०६९ :७४९) ।

कुनै भाषाका शब्दहरुको वर्णक्रम अनुसार शब्द सङ्कलन गरी व्याकरणात्मक कोटी आदि खुलाएर उही वा अन्य भाषामा अर्थ, पर्याय, विशेषता आदि लेखिएको ग्रन्थ शब्दकोश हो (पोखरेल सम्पा , २०६७ : १२०७) ।

परम्परागत रुपमा कोश निर्माणको इतिहास खासै लामो नभए पनि पूर्वमा निघण्टु र निरुक्त महत्वपूर्ण रहेका छन् भने पाश्चात्य परम्परामा ल्याटीन र अङ्ग्रेजी भाषाका विविध कोशको ठुलो स्थान रहेको छ ।

बोध र अभिव्यक्ति क्षमतामा आफुलाई सक्षम बनाउन, वर्णविन्यासमा रहेका अन्योलतामा नअल्मलिई शब्दको सही अर्थ, सही उच्चारण र सही प्रयोगमा सक्षम बनाउन शब्दकोशको भूमिका महत्वपूर्ण साबित भएको छ ।

नेपाली भाषा नेपालको राष्ट्रभाषा हो । नेपालको पूर्व मेची देखि पश्चिम महाकाली सम्म र अन्य छिमेकी राष्ट्रमा समेत व्यापक रुपमा यो भाषाको प्रयोग गरिन्छ । शिक्षाका क्षेत्रमा प्राथमिक तहदेखि विधावारिधी तहसम्म अध्ययन, अध्यापन र अनुसन्धान भएपनि तहगत र कक्षागत रुपमा कोश निमार्ण गर्ने कार्य खासै भएको छैन् । कक्षा दशको नेपाली पाठ्यपुस्तकमा आधारित शब्दकोश निर्माण नगरिएकाले यहाँ सम्बन्धित शीर्षकमा नमुना शब्दकोश तयार पारिएको छ ।

## समस्याकथन

सम्पूर्ण शोधकार्य समस्यामै केन्द्रित भई त्यसैको समाधान तिर लक्षित हुने भएकाले समस्या शोधको महत्वपूर्ण अङ्ग हो ।

शैक्षिक जगतमा बृहत् क्षेत्र ओगट्न सफल शब्दकोश निर्माण कार्य एक चुनौतिपूर्ण कार्य हो । यो अनुसन्धान कक्षा दशको नेपाली पाठ्यपुस्तकमा आधारित रहेर सम्बन्धित पाठ्यपुस्तकका विविध विधामा समाविष्ट शब्दहरुको निम्न समस्याको समाधानसँग सम्बन्धित रहेको छ :

क) कक्षा दशको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कठिन शब्द र तिनका अर्थ के-के रहेका छन्?

ख) सम्बन्धित शब्दहरुको स्रोत, व्युत्पत्ति, शब्दवर्ग र अर्थ के-कस्ता रहेका छन् ?

ग) कक्षा दशको नेपाली पाठ्यपुस्तकमा भएका कठिन शब्दहरुको शब्दकोश निर्माण कसरी गर्न सकिन्छ ?

## अध्ययनको उद्धेश्य

यो अध्ययन कार्य निम्न उद्धेश्यमा केन्द्रित रहको छ :

क) कक्षा दशको नेपाली पाठ्यपुस्तकमा भएका अर्थका दृष्टिले कठिन शब्दहरु सङ्कलन गर्नु,

ख) सङ्कलन गरिएका शब्दहरुको अर्थ, स्रोत, व्युत्पत्ति  र शब्दवर्ग पत्ता लगाउनु ,

ग) कक्षा दशको नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोश निर्माण गर्नु ।

## अध्ययनको औचित्य

नेपाली भाषा नेपालको राष्ट्रभाषाका साथै शिक्षा, स्वास्थ्य, सञ्चार र प्रकाशनको प्रमुख र प्रभावकारी माध्यम भाषा हो । यसको विकास, विस्तार, आधुनिकीकरण, मानकीकरण र स्तरीकरणका लागि थुप्रै प्रयासहरु भएका छन् । यसै गरी भाषाको स्तरीकरण र मानकीकरणकै प्रयास स्वरुप शब्दकोशको निर्माण गर्न थालिएको पाइन्छ । भाषाको विकास साथै मानक रुपसँग सबैलाई परिचित बनाउन नमुना शब्दकोश निमार्ण कार्य औचित्यपूर्ण रहेको छ ।

विविध विषय र क्षेत्रसँग सम्बन्धित कोश निर्माण कार्य धेरै भइसक्दा पनि तहगत र कक्षागत रुपमा विद्यार्थीको स्तर र आवश्यकतालाई ध्यानमा राखेर कोश निर्माण नगरिएको अवस्थामा कक्षा दशको नेपाली  पाठ्यपुस्तकमा आधारित रहेर सम्बन्धित तहका विद्यार्थीको स्तर र आवश्यकतालाई ध्यानमा राखेर कोश निमार्ण गर्नु यसको औचित्य रहेको छ ।

नेपाली भाषा प्रयोगमा आएको खिचडी प्रवृतिलाई निरुत्साहित पार्न, सही, शुद्ध र मानक रुपको भाषाको प्रयोगमा सक्षम बनाउन शब्दकोश अति आवश्यक छ । विद्यालय तहबाट नै विद्यार्थीमा शब्दकोश प्रयोग क्षमता बढाएर सही र मानक भाषा प्रयोगमा सक्षम बनाउन जरुरी छ । यस लक्ष्यमा सफलता प्राप्त गर्नका लागि विद्यार्थीमा शब्दकोश प्रयोगमा अग्रसर र प्रोत्साहन गराउनु पर्नेमा हालसम्म कक्षा दशको नेपाली पाठ्यपुस्तकमा आधारित

भएर कोश निर्माण भएको पाइदैँन् । जसकारण भाषाको मानकता र शुद्धता ओझेलमा परेको छ । त्यसैले भाषाको मानक प्रयोगमा सक्षम बनाउन, कठिन शब्दको अर्थ, स्रोत, व्युत्पत्ति आदि पत्ता लगाउन यो अनुसन्धान कार्य औचित्यपूर्ण छ ।

विद्यार्थीका लागि मात्र नभएर यो कार्य सम्बन्धित विषय शिक्षकका लागि पनि सम्बन्धित पाठ्यपुस्तकमा प्रयुक्त कठिन शब्दको जानकारी लिन, श्रम र समयको वचत हुने भएकाले यो कार्य औचित्यपूर्ण रहेको छ ।

## अध्ययनको सीमाङ्कन

अनुसन्धान कार्यलाई व्यवस्थित र स्पष्ट बनाउनका लागि सीमाङ्कन आवश्यक रहेको छ । क्षेत्र स्पष्ट रुपमा किटान गर्नु नै सीमाङ्कन हो । यो अनुसन्धान कार्य निम्न क्षेत्रमा निकट रहेर सम्पन्न गरिएको छ :

क) प्रस्तुत शोधकार्य कक्षा दशको नेपाली पाठ्यपुस्तकमा रहेका कठिन शब्दसँग सम्बन्धित रहेको छ ।

ख) कक्षा दशको नेपाली पाठ्यपुस्तकमा रहेका कठिन शब्दहरुको पाठगत रुपमा वर्णानुक्रममा नमुना शब्दकोश निर्माणमा केन्द्रित रहेको छ ।

ग) यसमा कक्षा दशका विविध विधामा प्रयुक्त करिब ७०० शब्दहरु समावेश गरिएको छ ।

घ) सङ्कलित शब्दहरुको अर्थ, स्रोत, व्युत्पत्ति र शब्द र केही शब्दहरुको वाक्यमा प्रयोग, उदाहरण, विपरीतार्थी शब्द समेत समावेश गरिएको छ ।

ङ) प्रा. डा. हेमाङ्गराज अधिकारी र बदीविशाल भट्टराइको *प्रयोगात्मक नेपाली शब्दकोश* र नेपाल प्रज्ञा प्रतिष्ठानको *नेपाली बृहत् शब्दकोशलाई* आधार मानेर यो नमुना कोश तयार पारिएको छ ।

## शोधको रुपरेखा

कक्षा दशको नेपाली किताबमा आधारित नमुना शब्दकोश निमार्ण शीर्षकको शोधलाई व्यवस्थित बनाउनका लागि यसको रुपरेखा यसप्रकार रहेको छ :

अध्याय एक : शोधको परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

अध्याय तिन : अनुसन्धान विधि

अध्याय चार : कक्षा दशको नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोशको प्रस्तुति

अध्याय पाँच : सारांश, निष्कर्ष

परिशिष्ट र सर्न्दभसूची ।

# अध्याय : दुई

## पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

### पूर्वकार्यको समीक्षा

बन्धु, (२०६५) द्वारा अनुसन्धानका शिलशिलामा सम्बन्धित विषयमा यस अघि सम्पन्न गरिएका कार्यहरु (पुस्तक, पत्रपत्रिका, लेख, शोधप्रबन्ध, प्रतिवेदन आदि) को व्यवस्थित रुपमा अध्ययन गरी ती सबै कार्यको कमबद्ध समीक्षा गर्नुलाई नै पूर्वकार्यको समीक्षा भनिएको छ । पूर्वकार्यको समीक्षाले पूर्वकार्य गर्ने व्यक्तिले उसले गरेको अनुसन्धान किन ? कुन कुन सिद्धान्त वा आधारमा कुन विधि अपनाएर कार्य सम्पन्न गरेको छ ? भन्ने कुरा पत्ता लगाउन र आफुलाई कुन बाटो लाग्ने भनी मार्गदर्शन गर्न सहयोग गर्दछ ।

लम्साल, (२०५७) द्वारा नेपाली कोश निर्माण परम्परामा १९ औँ शताब्दीसँगै शब्दावली वा शब्दसूची कै रुपमा भए पनि नेपाली भाषाका शब्दहरुको सङ्ग्रह प्रकाशित हुन्छ । डब्लु. जे कर्क पेट्रिकले सन् १८११ मा लण्डनबाट प्रकाशित *नेपाल अधिराज्यको विवरण (An account of the kingdom of Nepal)* नामक अङ्ग्रजीमा लिखित कृतिमा नेपाली भाषाका शब्दहरु सङ्कलन गरी नेपाली कोशको ऐतिहासिक विकासमा गौरवमय कार्यको शुभारम्भ गरेको र यसमा नेपालका आठ वटा भाषाको चर्चा, नेपाली भाषाको नाम पर्वती उल्लेख गरी करिब सातसय नेपाली र नेवारी शब्दहरुको सूची दिइएको कुरा उल्लेख छ ।

लम्साल, (२०५७) द्वारा डेनियल राइटको *हिष्ट्री अफ नेपाल (History of Nepal)* १८७७ परिशिष्ट अर्न्तगत अङ्ग्रेजी अर्थका साथै नेपाली र नेवारी भाषाका शब्दहरु सङ्ग्रहित कोश प्रकाशित भएको थियो । यसमा नेपाली भाषालाई पर्वतीया भनी २०० शब्दसूची उल्लेख गरिएको थियो भनी बताइएको छ ।

लम्साल, (२०५७) ले *कोशविज्ञान र नेपाली कोश* मा उल्लेख गरे अनुसार पादरी गंगा प्रसाद प्रधानबाट नेपाली सिकेका पादरी टर्नबुलको १९८७ मा प्रकाशित *नेपाली व्याकरण*

*र शब्दावली (Nepali Grammer and Vocabulary)* पनि महत्वपूर्ण रहेको छ । यो पुस्तक पाश्चात्य कोशीय विधानसँग सानिध्य राख्ने नेपाली कोशात्मक कृतिको पहिलो नमुना हो ।

लम्साल, (२०५७) द्वारा नेपाली एकभाषी कोश निर्माण परम्परामा मोतीराम भट्टको *उखानको वखान (१९७५)* समकालीन शम्भु प्रसाद ढुङ्गेलको *शब्दसुधानिधि* (१९७६) पनि प्रमुख भनी बताइएको छ ।

लम्साल, (२०५७) ले *कोशविज्ञान र नेपाली कोश*मा भनेका छन् : कोश निर्माणका क्रममा नेपाली भाषाका अनुसन्धाता, सस्कृतका विशेषज्ञ अङ्ग्रेज विद्वान प्राध्यापक सर राल्फ लिलि टर्नरको *नेपाली भाषाको तुलनात्मक तथा व्युत्पत्तिपरक शब्दकोश (A comparative and Etymological Dictionary of Nepali Language)* प्रथमतः आधुनिक कोशका रुपमा उपस्थित छ ।

शर्मा, (२०१९) द्वारा सम्पादित *नेपाली शब्दकोश* एकभाषी कोशको ऐतिहासिक विकासका सन्र्दभमा युगान्तकारी र अविस्मरणीय सिद्ध भएको छ । क्षेत्रीय भाषिकाको पनि प्रविष्टि दिइएको, शब्दको स्रोत, व्युत्पत्ति, परिभाषीकरण, व्याख्या, उदाहरण आदि राखिएका छन् । यस कोशले वर्णानुक्रमको नियम स्थिर गरेको छ ।

पोखरेल, (२०४०) द्वारा सम्पादित *नेपाली बृहत् शब्दकोश* कोश परम्परामा आधुनिकताको प्रवेशद्वार हो । प्रस्तुत कोशमा भाषिक व्यवहार र वाङ्मयका विभिन्न फाँटमा प्रचलनमा आएका नेपाली शब्दहरु दिने प्रयास गरिएको छ । यसमा शब्दको व्युत्पत्ति, स्रोत, अर्थ, पर्याय, विपर्याय र सम्बन्धित शब्दबाट बन्ने अन्य शब्द समेत दिइएको छ । शब्दको अर्थ लेख्दा छोटकरीमा परिभाषित गर्ने वा व्याख्या गर्ने यथासम्भव प्रयास गरिएको छ । त्यसपछि उपलब्ध भएसम्मका पर्याय दिइएको छ । यसले आफ्नो सम्पादकीय लेखलाई छ वटा उपशीर्षक राखी एकमा प्रस्तावना भित्र नेपाली शब्दकोशको संक्षिप्त इतिहास र कोश निर्माणको आवश्यकता, दुईमा शब्दचयन तथा प्रविष्टि अनुक्रम, तिनमा व्युत्पत्ति, चारमा अर्थलेखन, पाँचमा वर्णविन्यास र छमा उपसंहार राखी शब्दकोशको सम्पूर्ण कलेवर सम्बन्धी स्पष्ट धारणा व्यक्त गरेको छ । यस कोशलाई नै नेपाली कोशको इतिहासमा अहिलेसम्मको आधुनिक कोश मान्न सकिन्छ ।

पं.वसन्तकुमार शर्मा नेपालको *नेपाली शब्दसागर* (२०५७) पनि नेपाली शब्दकोशको इतिहासमा अर्को उल्लेख्य शब्दकोश हो । कोशकारले यस कोशलाई सोपपत्तिक कोश भनेका छन् र आजसम्मका सबै शब्दकोशले भन्दा धेरै शब्दहरु सङ्कलन गरेर नेपाली शब्दलाई लोप हुनबाट बचाउने काम गरेको भनिएको छ ।

राम प्रसाद लम्सालद्वारा प्रकाशित *कोशविज्ञान र नेपाली कोश* कोशका क्षेत्रमा एक महत्वपूर्ण निधी हो । प्रथम पटक वि.स २०४६ सालमा र २०५७ मा संशोधित यस पुस्तकमा विषय प्रवेश, कोश परिचय, कोश वर्गीकरण, शब्दकोशको स्वरुप, कोश सम्पादन प्रक्रिया, भाषा सङ्ख्यापरक कोश र यसका समस्या, नेपाली कोशको ऐतिहासिक विकासक्रम र नेपाली कोशका प्रकार जस्ता आठ वटा शीर्षकमा कोशका बारेमा व्यापक चर्चा परिचर्चा गरिएको छ । सम्बन्धिल पुस्तकमा कोश निमार्णमा आवश्यक पर्ने सैद्धान्तिक ज्ञान र कोशका बारेमा वृहत् जानकारी दिने प्रयास गरिएको छ ।

हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराईको सम्पादकत्वमा प्रकाशित *प्रयोगात्मक नेपाली शब्दकोश* (२०६१) ले *नेपाली बृहत शब्दकोश* भन्दा अगाडी बढेर नेपाली हिज्जेलाई सरलीकरण गर्दै शब्दोच्चारण, शब्दवर्ग, व्युत्पत्ति, पर्याय, विपर्याय, शब्दको वाक्यमा प्रयोग समेत गरिदिएर शैक्षणिक किसिमको शब्दकोश लेखनको थालनी गरेको पाइन्छ ।

यस विविधतामा अगाडी बढेको कोश निर्माण परम्परामा तहगत र कक्षागत रुपमा कोश निमार्ण कार्य भने पछि मात्र देखा परेको पाइन्छ । तहगत आवश्यकतालाई मध्यनजर गरी निमार्ण गरिएको कोश मध्ये प्रेम प्रसाद भट्टराईको *प्रारम्भिक नमुना नेपाली शब्दकोश* एक प्रमुख हो । स्नात्तकोत्तर तह उपाधिका लागि वि.स २०६७ मा यो नमुना शब्दकोश तयार पारिएको हो । प्राथमिक तहका लागि निर्मित कोशको अवस्था र उपयोगिता पत्ता लगााउनु नमुना कोश निर्माण गर्नु उनको प्रमुख लक्ष्य हो । ४५० भन्दा बढी शब्दहरु सङ्कलन गरी ती शब्दहरुको उच्चारण, स्रोत, अर्थ, शब्दवर्ग, पर्याय, विपर्याय साथै वाक्यमा प्रयोग समेत दिइएको छ ।

भट्टराईको कोश निर्माण भन्दा भिन्न रहेर वि.स २०६७ सालमा इन्दिरा शर्माले *कक्षा नौको नेपाली किताबमा आधारित नमुना नेपाली शब्दकोश* तयार पार्नु भएको छ। स्नात्तकोत्तर तहको उपाधिका लागि कक्षा नौका विविध विधामा समाविष्ट अर्थका दृष्टिले कठिन शब्दहरु

सङ्कलन गरेर ती शब्दको अर्थ, स्रोत, व्युत्पत्ति समावेश गरेर सम्बन्धित तहका लागि उपयोगी नमुना शब्दकोश निर्माण गर्नु प्रमुख लक्ष्य रहेको थियो । पुस्तकमा रहेका ५०० शब्दहरुको अर्थ, स्रोत, व्युत्पत्ति समावेश यस नमुना शब्दकोशमा गरिएको छ ।

यसरी विविध प्रयोजनले विविध कोशहरु निर्माण गरिए पनि विद्यालय तहमा तहगत र कक्षागत रुपमा कोश निर्माण गर्ने कार्य भने केही सुस्त नै रहेको पाउन सकिन्छ । यसकारण कक्षा दशका विद्यार्थीका लागि शब्दभण्डारमा भएका विविध अन्योलता हटाई सहज रुपमा अध्ययन अध्यापन गर्न सहयोग मिल्ने अपेक्षा गरी यो नमुना कोश तयार पारिएको छ ।

## पूर्वकार्यको उपयोगिता

कुनै पनि अनुसन्धानलाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि पूर्वकार्यको समीक्षा आवश्यक पर्दछ । कक्षा दशको नेपाली किताबका आधारित नमुना शब्दकोश शीर्षकको शोधपत्र तयार पार्नका लागि, यसमा समस्या र उद्देश्य निर्धारण गर्नका लागि पूर्वकार्यकार्यले ठुलो सहयोग पुऱ्याएको छ ।

शोध कार्यमा पुनरावृति हुन नदिएर सम्बन्धित क्षेत्रमा रहेका अन्य समस्याको खोजी समाधान गर्न पूर्वकार्यको ठुलो भुमिका रहेको छ । पूर्वकार्यमा विविध कोशहरु र नमुना कोशहरु रहेका छन् । प्रेम प्रसाद भट्टराईको *प्रारम्भिक नमुना नेपाली शब्दकोश,* चेतनाथ पौडेलको *हाम्रो नेपाली किताबमा आधारित नमुना नेपाली शब्दकोश,* इन्दिरा शर्माको *कक्षा नौको नेपाली किताबमा आधारित नमुना नेपाली शब्दकोश* रहेका छन् । यसरी तहगत रुपमा यी विविध नमुना शब्दकोश निमार्ण गरिए पनि कक्षा दशको नेपाली पाठ्यपुस्तकमा आधारित शब्दकोश निमार्ण नगरिएको र यो शीर्षक नदोहोरिएको, यसमा के कस्ता समस्या रहेका छन् भन्ने कुरा पूर्वकार्यबाट प्रष्ट भएको छ । यी विविध अनुसन्धानात्मक कार्य र शब्दकोशले यो शोधलाई व्यवस्थित बनाउन मार्गदर्शन प्रदान गर्दछ ।

## सैद्धान्तिक अवधारणा

शब्दको परिचय दिने ग्रन्थ नै शब्दकोश हो । यसमा कुनै पनि शब्दको अर्थ, पर्याय, विपर्याय,उदाहरण जस्ता सूचनाको विस्तृत जानकारी समावेश गरिएको हुन्छ ।

शब्दकोशका सन्र्दभमा लम्सालले के भनेका छन् भने ; शब्द + कोश =शब्दकोश । यो व्युत्पत्तिका सन्र्दभमा शब्दको सङ्ग्रह भन्ने बुझिए पनि यो परम्परागत रुपबाट अर्थविस्तार गरी कोश शब्दको व्यापक अर्थलाई समाहित गरेको छ । यसरी प्रयोग हुनुमा अङ्ग्रेजीबाट रुपान्तरण भएको प्रभावले बढी स्थान प्राप्त गरेको छ । अङ्ग्रेजीका डिक्सनरी र लेक्सिकन शब्द कमश : ग्रीक र ल्याटीन मूलबाट शब्दसङ्ग्रह भन्ने मूल अर्थ लिई विकास हुनु यसरी नै व्यापक र सङ्कीर्ण अर्थमा उक्त अङ्ग्रेजी शब्दको समेत प्रचलन हुनु आदि कारण रहेका छन् ।

शब्दकोशले शब्दभण्डारको प्रवृति र प्रकृतिको अध्ययन सहित शब्दको उच्चारण, हिज्जे, व्युत्पत्ति, व्युत्पादन, शब्दवर्गीय स्थिति, व्याकरणिक सूचनाहरु, शब्द प्रयोगको सामाजिक स्तरगत अवस्था, अर्थ, विविधता जस्ता समग्र शाब्दी सूचनाहरु प्रदान गर्दछ । भाषाका शब्दहरुलाई वर्णानुकममा मिलाएर तिनको स्रोत, अर्थ, प्रयोग आदि सूचनालाई व्यवस्थित रुपमा प्रस्तुत गरिएको ग्रन्थ शब्दकोश हो (अधिकारी र भट्टराई, २०६८ : ९३५) । कमपूर्ण रुपले भाषा वा विषयका शब्दहरुको उत्पत्ति, अर्थ, प्रर्याय आदि खुलाई लेखिएको ग्रन्थ शब्दकोश हो (शर्मा, २०६९ : ७४९) ।

कुनै भाषाका शब्दहरुको वर्णकम अनुसार शब्द सङ्कलन गरी व्याकरणात्मक कोटी आदि खुलाएर उही वा अन्य भाषामा अर्थ, पर्याय, विशेषता आदि लेखिएको ग्रन्थ शब्दकोश हो (पोखरेल सम्पा., २०६७ : १२०७) ।

नेपाली एकभाषी कोश निर्माण परम्परामा मोतीराम भट्टको *उखानको वखान* ( १९४५) बाट अगाडी बढदै कमश : बालचन्द्र शर्माको *नेपाली शब्दकोश* (२०१९),केशवलाल कर्माचार्यको *संक्षिप्त शब्दकोश* (२०२०), पारसमाणि पधानको *सानो नेपाली शब्दकोश* ( २०३९) हुदैं वि.स २०४० मा ने.रा.प्र.प्र को प्रकाशत्वमा प्रकाशित *बृहत नेपाली शब्दकोश,*

वसन्त शर्माको *नेपाली शब्दसागर,* हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराईको *प्रयोगात्मक नेपाली शब्दकोश* (२०६१) बाट विकास र विस्तार हुने मौका पाएको छ। द्विभाषी र बहुभाषी कोश परम्परामा ए. टर्नबुलको *नेपाली व्याकरण र शब्दावली,* कर्कपेट्रिकको *एन एकाउन्ट अफ द किङडम अफ नेपाल* जस्ता कोशको ठुलो देन रहेको छ।

कोशको सैद्धान्तिक अवधारणामा नै कोशका प्रकारहरुको चर्चा गर्न सकिन्छ । कोशको स्वरुप अनुसार विविध आधारमा कोशको वर्गीकरण गर्न सकिन्छ, ती आधारहरु निम्न छन् :

क. भाषा सङ्ख्याका आधारमा : कोशमा प्रयुक्त भाषाका आधारमा एकाभाषी, द्विभाषी र बहुभाषी कोश गरी तिन भागमा बाँड्न सकिन्छ ।

अ. एकभाषी कोश : जसमा एक भाषाको मात्र प्रयोग गरिएको हुन्छ। जुन भाषामा कोशको प्रविष्टि दिइएको छ त्यही भाषामा त्यसको अर्थ, प्रयोग अर्थात उदहारणको प्रयोग गरिएको कोशलाई एकभाषी कोश भनिन्छ (ढुङ्गेल र दाहाल, २०६९ : ३८१) ।

आ. द्विभाषी कोश : स्रोत भाषा र लक्ष्य भाषासँग सम्बन्धित कोशलाई द्विभाषी कोश भनिन्छ (लम्साल, २०५७ :४०) ।

इ. बहुभाषी कोश : एउटा भाषामा दिइएको प्रविष्टिलाई दुई वा सो भन्दा बढी भाषाका समानार्थी इकाइको प्रयोग गरेर प्रष्ट पार्ने काम हुन्छ (ढुङ्गेल र दाहाल, २०६९ : ३८३) ।

ख. स्वरुपका आधारमा : स्वरुपका आधारमा कोशलाई भाषापरक र ज्ञानपरक गरेर दुई भागमा विभाजन गर्न सकिन्छ ।

अ. ज्ञानपरक कोश : जुन कोशमा भाषा बाहेक ज्ञान पक्षलाई पनि जोड दिइएको हुन्छ, त्यसलाई ज्ञानपरक कोश भनिन्छ (ढुङ्गेल र दाहाल, २०६९ : ३८६) ।

आ. भाषापरक कोश : विशुद्ध भाषिक पक्षमा केन्द्रित भएर निर्माण गरिएको कोशलाई भाषापरक कोश भनिन्छ (ढुङ्गेल र दाहाल, २०६९ : ३८१)

ग. समयका आधारमा : समयका आधारमा समकालिक वा एककालिक शब्दकोश र ऐतिहासिक वा कालक्रमिक शब्दकोश गरी दुई किसिममा विभाजन गर्न सकिन्छ ।

अ. समकालिक कोश : कुनै भाषाको कुनै एक कालमा प्रयोग भएका शब्द र तिनका अर्थलाई समावेश गरिएको हुन्छ (लम्साल, २०५७ : ३५) ।

आ. कालक्रमिक कोश : कुनै भाषाको विभिन्न कालावधिमा विकसित शब्द र अर्थलाई समावेश गर्ने कोश कालक्रमिक कोश हो । यसमा ऐतिहासिक प्रमाणका आधारमा शब्द र अर्थको परिवर्तनक्रम देखाइन्छ ।

घ. प्रविष्टि अनुक्रमका आधारमा : यस आधारमा शब्दकोशलाई मुख्य तिन किसिममा विभाजन गर्न सकिन्छ ।

अ. विषयानुक्रम : अर्थका दृष्टिले सम्बन्धित शब्दहरुलाई खास विषय अन्तर्गत राखी प्रस्तुत गरिएको कोश विषयानुक्रम कोश हुन्छ (ढकाल, २०७० : ७४) ।

आ. वर्णानुक्रम कोश : सम्बन्धित भाषामा जस्तो किसिमले वर्णहरु क्रमित हुन्छन् त्यसैलाई आधार मानी त्यस भाषामा भएका शब्दहरुको कोश तयार पारिन्छ भने त्यसलाई वर्णानुक्रम कोश भनिन्छ (ढकाल, २०७० : ७४) ।

इ. मिश्रित कोश : वर्ण र विषयको अनुक्रम मिलाएर तयार पारिएको कोश मिश्रित कोश हो ।

ङ. प्रयोजनका आधारमा : यसका आधारमा कोशलाई मानक र सन्दर्भपरक गरी दुई भागमा बाँड्न सकिन्छ ।

अ. मानक कोश : कुनै पनि भाषाको स्तरीय शब्दभण्डार समावेश गर्ने कोश मानक कोश हो । *नेपाली बृहत शब्दकोश* यसको उदहारण हो ।

आ. सन्दर्भपरक कोश : कुनै पनि सामाजिक, क्षेत्रीय, शैलीपरक जस्ता विभिन्न भेदलाई समेटी तयार पारिएको कोश सन्दर्भपरक कोश हो ।

च. प्रयोक्ताका आधारमा : प्रयोक्ताको आवश्यकतालाई ध्यानमा राखी तयार पारिएको यो कोशलाई प्रयोक्तामुखी कोश पनि भन्न सकिन्छ । यो कोश निम्न दुई किसिमको हुन्छ :

अ. व्युत्पत्तिपरक कोश : कुनै शब्द वा कोशीय एकाइको एतिहासिक स्वरुपसँग सम्वद्ध व्युत्पत्ति देखाउने कोश हो (लम्साल, २०५७ : ४१) ।

आ. शैक्षिक कोश : विद्यार्थीको अभीष्ट पुरा गर्ने निर्मित कोशलाई शैक्षिक कोश भनिन्छ ( ढुङ्गेल र दाहाल, २०६९ : ३९०) ।

छ. प्रविष्टि क्षेत्रका आधारमा : यसका आधारमा कोशलाई सामान्य र विशेष कोश गरी दुई भागमा विभाजन गर्न सकिन्छ ।

अ. सामान्य कोश : सामान्य प्रयोजनका लागि निर्माण गरिएका कोशहरु सामान्य कोश हुन । नेपाली बृहत् शब्दकोश यसको उदहारण हो ।

आ. विशेष कोश : कुनै विशेष क्षेत्रमा आधारित भएको कोशलाई विशेष कोश भनिन्छ ( ढुङ्गेल र दाहाल, २०६९ : ३८५) । विशेष कोशलाई निम्नानुसार विभाजन गर्न सकिन्छ :

१. उच्चारण कोश : सम्बन्धित भाषाका शब्दहरुको स्तरीय र मानक उच्चारण भएको कोश उच्चारण कोश हो ।

२. प्राविधिक कोश : पारिभाषिक वा प्राविधिक क्षेत्रसँग सम्बन्धित कोश प्राविधिक कोश हो ।

३. पेसा, व्यवसाय र धन्दासँग सम्बन्धित कोश : यो मानवीय कियाकलापका विविध पेसा, धन्दा, व्यवहारिक कला आदि क्षेत्रमा प्रयोग हुने शब्दसम्बन्धी कोश हो ।

४. भाषिक कोश : कुनै भाषिक विशेषसँग सम्वन्धित रहेर निर्माण गरिने कोशलाई भाषिका कोश भनिन्छ (ढकाल, २०७० : ७१) ।

५. अवभाषा कोश : समाजका खास वर्ग विशेष वा समवयस्कहरु द्वारा प्रयोग गरिने भाषिक भेदलाई अवभाषा भनिन्छ । मानक भाषाको तुलनामा यो अपरिनिष्ठित, अश्लीलता युक्त र व्याकरण विचलित हुन्छ (लम्साल, २०५७ : ४७) ।

६. उखान-टुक्का कोश : लोक प्रसिद्ध घटना वृत वा उपाख्यानको उद्‌गार उखान हो भने लक्ष्यार्थपरक पद पदावली वा वाक्यांश टुक्का हो । भाषाका उखान टुक्काहरुको सङ्‌कलन गरिएको कोश उखान-टुक्का कोश हो ।

७.पर्यायवाची कोश : निकटतम वा समान अर्थ व्यक्त गर्ने शब्दहरु राखेर निर्माण गरिएका कोशहरु पर्यायवाची कोश हुन । संस्कृत भाषाको *अमरकोश* यसको उदाहरण हो ।

८. अभिनव कोश : नवनिर्मित र नवव्युत्पादित शब्दहरुको कोश नै अभिनव कोश हो ।

९. सहप्रयोग कोश : एउटा शब्दको निकटवर्ती भएर आउने अर्को शब्द/ पदावलीको जानकारी दिने कोश सहप्रयोग वा सानिध्यपरक कोश हो ।

१०. आगन्तुक कोश : कुनै पनि भाषामा अरु भाषाबाट आएर स्थापित भएका शब्दहरुको कोश नै आगन्तुक कोश हो । विभिन्न कालमा कुनै भाषाले अर्को भाषाबाट ग्रहण गरेका शब्दलाई आगन्तुक शब्द भनिन्छ । यस्ता शब्दसँग सम्बधित कोश नै आगन्तुक कोश हो ( लम्साल, २०५७ : ५१) ।

११. साहित्यिक कोश : साहित्यको अध्ययनमा उपयोग हुने शब्दहरुको कोश नै साहित्यिक कोश हो ।

१२. कानुनी कोश : ऐन कानुनमा प्रयोग हुने शब्दहरु समावेश गरी निर्माण गरिएको कोश कानुनी शब्दकोश हो ।

१३. कृतिकोश : कुनै कृतिसँग सम्बन्धित कोश कृति कोश हो ।

१४. कृतिकार कोश : लेखक वा कृतिकारहरुको समस्त कृतिमा प्रयुक्त शब्दहरुको कोश कृतिकार कोश हो (लम्साल, २०५७ : ७३) ।

१५. स्थान नाम कोश : कुनै विशिष्ट स्थानको परिचय र त्यस्ता नामको अर्थ एवम् व्युत्पत्ति दिइने कोशलाई स्थान नाम कोश भनिन्छ (ढकाल, २०७० : ७४) ।

१६. उद्धरण कोश : प्रसिद्ध उक्ति, सूक्ति, वाणी आदि सङ्‌कलित कोशलाई उद्धरण कोश भनिन्छ ।

१७. सङ्क्षेप वा परिवर्णी कोश : शब्दका केही वर्ण मात्र लिई अरु वर्ण छोडेर बनाइएको कोशलाई सङ्क्षेप वा परिवर्णी कोश भनिन्छ ।

१८. तुक कोश : अनुप्रास युक्त शब्दसँग सम्बन्धित कोशलाई तुककोश भनिन्छ ( ढकाल, २०७० : ७४) ।

१९. विपर्याय कोश : कुनै शब्दको विपर्याय दिने कोशलाई विपर्याय कोश भनिन्छ ।

२०. प्रयोग कोश : कुनै भाषामा प्रयुक्त शब्दको उपसर्ग र परसर्गको प्रामाणिक प्रयोगलाई निर्देश गर्ने कोश हो (ढकाल, २०७० : ७३) ।

२१. व्याकरण कोश : कुनै भाषाको व्याकरणात्मक व्यवस्थामा आधारित नियम वा प्रयोगलाई एकत्र गरी तिनलाई आनुक्रमिक रुपमा प्रस्तुत गरिएको कोश हो (लम्साल, २०५७ : ४९ ) ।

## कोश सम्पादन प्रकिया

शब्दहरु भाषाका अमुल्य निधि हुन भने अर्थ भाषाको आत्मा हो । शब्दकोशमा विशेष गरी यी कुरा नै प्राथमिकतामा पर्दछन् त्यसैले भाषिक सम्पत्तिको रक्षार्थ कोश निर्माण अपरिहार्य छ । कोश सम्पादन कार्य एक बोझिलो र खर्चिलो कार्य हो । यो कार्य कति कठिन छ भन्ने कुरा सरस्वती र लक्ष्मीको बास सित हनुमानको जाँगर हुनेले मात्र कोश सम्पादन गर्न सक्छ भन्ने पारसमणि प्रधानको र ठुला अपराधीलाई अरु कुनै सजाय दिनु पर्दैन, उनीहरुलाई कोश निमार्ण गर्न लगाउनु नै उपयुक्त हुन्छ, भन्ने स्क्यालिङ्गरको भनाइ बाट नै प्रष्ट हुन्छ ।

कोश सम्पादन प्रकियालाई कोश विधान पनि भन्न सकिन्छ । यो मौरीको कार्यसँग मिल्दोजुल्दो अनुष्ठान पनि हो । जसरी मौरीले रनवन बारी बगैँचा चाहर्दै विविध किसिमका रसहरु चुनीचुनी बटुलेर घार (कोश) मा महको कुट बनाउँदछन् त्यसरी नै कोशकारले पनि

सम्बन्धित वाङ्मयका प्रत्येक फाँटबाट अपेक्षित सामग्री जम्मा पारी सम्बन्धित कोशमा वाञ्छित प्रविष्टिको विधान गर्दछन् (लम्साल, २०५७ : ९५) ।

कोश सम्पादन जस्तो चुनौतीपूर्ण कार्यमा सफलता प्राप्त गर्नका लागि निम्न चरण अबलम्वन गर्नु पर्ने देखिन्छ :

**क) प्रथम चरण :**

यस चरणमा योजना निर्माण, सामग्री सङ्कलन र प्रविष्टि चयन जस्ता पक्षहरु पर्दछन् । यी पक्षहरुको चर्चा निम्नानुसार गर्न सकिन्छ :

अ) योजना निर्माण : बिना योजना कुनै पनि कार्य प्रभावकारी रुपमा सम्पन्न गर्न सकिदैन । त्यसमा पनि कोश निर्माण कार्य यस्तो बोझिलो, खर्चिलो र महत्वपूर्ण कार्य सम्पन्न गर्न योजना अन्यन्तै आवश्यक छ । कुन भाषा वा भाषिकाको कोश निर्माण गर्ने, कस्तो प्रकारको कोश बनाउने, कुन क्षेत्रका सामग्री सङ्कलन गर्ने, कुन विधिबाट सामग्री सङ्कलन गर्ने, खर्च, कस्का लागि कोश निमार्ण गर्न लागिएको हो ? आदिका बारेमा विस्तृत योजना नै कोश निर्माण योजना हो ।

आ) सामग्री सङ्कलन : कोश निर्माण प्रक्रियामा सामग्री सङ्कलन प्राथमिक र अनिवार्य कार्य हो । कोशको प्रकार अनुसार सामग्री सङ्कलन मा भिन्नता र विविधता पाइने हुनाले कोशको प्रकृति अनुसार सामग्री सङ्कलन पनि विभिन्न किसिमबाट गर्ने पर्दछ (भण्डारी र अन्य, २०६८ : १५२) । कोश निर्माण कार्यमा सामग्री सङ्कलनका निम्न दुईवटा तरिका छन् :

१. लिखित स्रोत : लिखित सामग्री, साहित्य, इतिहास भएका भाषाबाट सामग्री सङ्कलन गर्दा प्रायः लिखित स्रोत नै अपनाइन्छ । कुनै पनि भाषाको ऐतिहासिक शब्दकोश तयार गरिने लक्ष्य भएको खण्डमा सम्बन्धित भाषाका प्राचीन, मध्ययुगीन र आधुनिक ग्रन्थबाट सामग्री सङ्कलन हुन सक्छ (ढकाल, २०७० : ७८) ।

२. मौखिक स्रोत : लिखित स्रोत नभएका भाषाहरुका शब्दहरु सङ्कलन गर्दा मौखिक स्रोतलाई आाधार बनाउनु पर्छ । पर्याप्त रुपमा लिखित साहित्य विकास नभएका र भए पनि मौखिक

स्रोतबाट सामग्री सङ्कलन गर्नुपर्ने परिस्थिति भएमा भाषामा यो विधि प्रयोग गर्नु पर्ने हुन्छ (लम्साल, २०५७ : १००) ।

इ) प्रविष्टि चयन : कोश सम्पादनको परिपेक्ष्यमा सामग्री सङ्कलन पछि प्रविष्टि चयनका सम्बन्धमा विचार गर्नुपर्ने आवश्यकता हुन्छ किनभने कुनै भाषाका सम्पूर्ण सङ्कलित सामग्रीलाई यथावत् कोशमा राख्न उपयुक्त हुदैंन् । अतः कोश सम्पादनमा स्तरीयता, एकरुपता, सुचारुता र सुगमता अनि समष्टिमा वैज्ञानिकता कायम राख्न प्रविष्टि चयन आवश्यक छ (लम्साल, २०५७ : १०३) । सङ्कलित सबै सामग्रीलाई कोशमा समावेश गर्न नसकिने हुनाले कुन र कस्ता कुरामा, किन महत्व दिने भनि निर्णय गर्नुपर्छ । प्रविष्टि चयन गर्दा ध्यान दिनुपर्ने कुराहरु निम्न छन् :

१. प्रचलित शब्दहरु : कोश सम्पादन गर्ने कार्यमा प्रचलित शब्दलाई विशेष प्राथमिकता दिनुपर्दछ । प्रचलित शब्द भन्नाले प्रयोग व्यवहारमा बढी प्रचलनमा आएका, बढी आवृति हुने शब्दहरु हुन ।

२. अप्रचलित शब्दहरु : कोशको प्रयोजन अनुसार प्रयोग प्रचलनमा न्युन हुदैं गएका शब्दहरु पनि कोशमा समावेश गराएर वाङ्मयको रक्षा गर्न सकिन्छ ।

४. प्राविधिक शब्दहरु : विज्ञान र प्रविधिको विकास सँगै नयाँ नयाँ शब्दहरु थपिने क्रम निरन्तर चलिरहेको छ । विज्ञान र प्रविधिको विकास सँगै भित्रिएका शब्दहरु लाई पनि कोशमा प्राथमिकताका साथ समावेश गर्नु पर्दछ ।

४. रिक्त शब्दहरु : स्वतन्त्र रुपमा प्रयोग नभए पनि वाक्य संरचनामा आउने शब्द रिक्त शब्द हुन । कोशमा यस्ता शब्दहरु सन्निहित शब्दसँग राखिन्छ ।

५. वर्ण : विविध स्वर र व्यञ्जन वर्णहरु वार्णिक विश्लेषण वा मन्त्रोच्चारणमा प्रयुक्त हुने हुनाले यी वर्णलाई मूल प्रविष्टिमा स्थान दिनुपर्छ (लम्साल, २०५७ : ७९) ।

६. सम्बन्धपरक शब्दहरु : यस्ता शब्दलाई व्याकरणात्मक र प्रकारात्मक शब्द पनि भनिन्छ । यी कुनै पूर्वनिश्चित स्थानमा मात्र नभएर विभिन्न अर्थ दिने गरी आउन सक्ने हुदाँ प्रविष्टि आवश्यक छ ।

७. समस्त शब्दहरु : समास प्रक्रियाबाट निर्माण भएका शब्दहरुलाई समस्त शब्द भनिन्छ। यस्ता शब्दलाई पनि कोशमा प्रविष्टि दिनुपर्छ।

८. व्यक्तिवाचक नाम : ऐतिहासिक वा लाक्षणिक महत्वका नामहरुलाई कोशमा प्रविष्टि दिनु आवश्यक छ।

९. सङ्क्षेप वा परिवर्णी शब्दहरु : धेरै चलन चल्तीका सङ्घ संस्था र कार्यहरुको नामलाई सङ्क्षेपमा प्रयोग गरिन्छ भने कतिपय सन्दर्भमा सरलता र सङ्केतका लागि पनि यस्ता शब्दहरु प्रयुक्त हुन्छन् (लम्साल, २०५७ : १०७)।

१०. प्रकार्यपरक शब्दहरु : भाषिक सम्प्रेषणका सन्दर्भमा प्रकार्यात्मक भूमिका निर्वाह गर्ने शब्दलाई प्रकार्यपरक शब्द भनिन्छ।

११. उखान टुक्का र उद्धरण : उखान टुक्का कुनै पनि भाषाको निजीपनलाई व्यक्त गर्छ। कोशमा यी कुरालाई पनि प्रविष्टि दिनुपर्छ। उखान टुक्कामा रहेको शब्दबाट सुच्य अर्थ भन्दा विशिष्ट अर्थ हुने तथा कुनै भाषिक समुदायको सांस्कृतिक तत्व समेत निहित हुने हुनाले यी भाषाका अमुल्य निधि हुन् (लम्साल, २०५७ : १०६)।

१२. निपात : स्वतन्त्र अर्थ नहुने तर वाक्य स्थानिक भएर आउँदा मात्र आफ्नो अर्थलाई विलक्षण किसिमले उद्भासित गर्न सक्ने निपातहरु लाई कोशको मूल प्रविष्टिमा राख्नु राम्रो हुन्छ (लम्साल, २०५७ : ८१)।

१३. समुच्चयात्मक अभिव्यक्ति : दुई वा दुई भन्दा बढी शब्दहरु सम्मिलित भई एकीकृत अर्थ प्रदान गर्ने प्रवृति भएका यस्ता शब्दलाई गौण प्रविष्टि दिइन्छ (ढकाल, २०७० : ८१)।

**ख) दोस्रो चरण :**

यस चरणलाई प्रविष्टि विधानको चरण पनि भनिन्छ। यो शब्दकोश निर्माणको अर्को महत्वपूर्ण चरण पनि हो। योजना निर्माण, सामग्री सङ्कलन गरेपछि प्रविष्टि चयन गरिन्छ र ती शब्दहरुको विवरण उल्लेख गर्ने कार्य प्रविष्टि विधानमा हुन्छ, कुनै कोशीय एकाइसँग सम्बन्धित सूचनाहरुको विवरण यहाँ उल्लेख गरिन्छ। शीर्ष शब्द, हिज्जे, उच्चारण, व्याकरण निर्देश, अर्थ, व्युत्पत्ति, उदाहरण, उखान टुक्का आदि सम्बन्धि विवरण यहाँ रहन्छ। यो कोशको

मूल भाग हो । प्रविष्टि विवरण पनि भनिने यो भागमा निम्न दुई खण्ड र यी खण्डमा निम्न कुराहरु रहन्रण यहाँ रहन्छ । यो कोशको मूल भाग हो । प्रविष्टि विवरण पनि भनिने यो भागमा निम्न दुई खण्ड र यी खण्डमा निम्न कुराहरु रहन्छन् :

| | |
|---|---|
| उद्देश्य खण्ड | विधेय खण्ड |
| शीर्ष शब्द | अर्थ |
| हिज्जे | उदहारण |
| उच्चारण | पर्याय |
| व्याकरण निर्देश | विपर्याय |
| व्युत्पत्ति | उखान टुक्का |
| | व्युत्पादक सर्ग र चित्राङ्कन आदि । |

अ) शीर्ष शब्द : कोशको प्रत्येक प्रविष्टि स्तम्भमा सन्निविष्ट मुख्य कोशीय एकाइ नै शीर्ष शब्द हुन् (लम्साल, २०५७ : ११०) । कोशमा शीर्ष शब्द राख्दा समग्र रुपावलीबाट मूल सर्वोपयुक्त वा आधार रुपलाई प्राथमिकता अनुसार छान्नुपर्छ ।

जस्तै : म - सर्वनाम (षष्ठी विभक्तिको ए.व मा मेरो) आफु, स्वयम् ।

मेरा - वि.(म सर्वनामको षष्ठी विभक्तिको रुप) हे.म ।

यहाँ मा शीर्ष शब्द हो र मेरो लाई हे.म भनी प्रतिनिर्देश शरेको छ ।

आ) हिज्जे : प्रत्येक शब्दमा रहने अक्षरहरुको व्यवस्थित कम वा रखाइ हिज्जे हो ।

इ) उच्चारण : हिज्जे वा लेख्य रुपसँग कथ्य रुप फरक हुने र बलाघात जस्ता उच्चारणगत विविध रुप हुने शब्दको उच्चारण आवश्यक हुन्छ ।

ई) व्याकरण निर्देश : प्रविष्ट शब्द व्याकरणका दृष्टिले कस्तो शब्द हो भन्ने कुरा नै व्याकरण निर्देश हो । यसको सङ्केत सूची कोशको पूर्वभागमा दिइएको हुन्छ ।

जस्तै :

| | |
|---|---|
| तुल. - तुलना, तुलनीय | विभ. - विभक्ति |
| संक्षे. - संक्षेपीकृत रुप | संयु. - संयुक्त |
| द्वि. - द्वित्व | संयो. - संयोजक |
| स.क्रि. - सर्कमक क्रिया | ना. - नाम |
| सर्व. - सर्वनाम | ना.यो. - नामयोगी |
| निपा. - निपात | स्त्री. - स्त्रीलिङ्ग |
| हे. - हेर्नुहोस् | वि. - विशेषण |

(नेपाली बृहत् शब्दकोश, २०६७ : २३) ।

उ) व्युत्पत्ति : व्युत्पत्तिले कोशीय एकाइको मूल ध्वनि, रुप तथा अर्थ र तिनको विकासक्रम पत्ता लगाई वास्तविक स्वरुप चिनाउने भएकाले शब्दकोशमा यस्को भूमिका ठुलो छ (लम्साल, २०५७ : ११६) ।

ऊ) अर्थ विधान : शब्दकोशको मूल मर्म नै अर्थ हो । बढी मात्रामा शब्दको अर्थ जान्नका लागि शब्दकोशको प्रयोग गरिन्छ, शब्दकोशमा अर्थ निर्देशका विविध तरिका छन् जुन यस प्रकार रहेका छन् :

१.परिभाषीकरण : कोशीय एकाइको परिचय, व्याख्या, विवेचना, वर्णन गरी अर्थ निर्देश गर्ने विधि परिभाषीकरण हो । जस्तै :

एयर - डकुमेन्ट - ना. हवाईजहाजद्वारा ल्याउने - लैजाने व्यवस्था गरिने चिठीपत्र वा अन्य सामग्री ।

२. पर्याय : समान वा प्रायः समान अर्थ बुझाउने शब्दलाई पर्याय भनिन्छ । कोशमा अर्थ विधानका लागि परिभाषीकरण, बीजक, विवृति आदि ऐच्छिक हुन सक्छन् तर पर्याय भने अपरिहार्य हुन्छ (लम्साल, २०५७ : १२३) ।

जस्तै : हिमाद्री - ना. हिउँचुली, हिमालय पर्वत, हिमाल, हिमाचल, हिमशिखर ।

३. विपर्याय : विपरीत अर्थ व्यक्त गर्ने शब्दलाई विपर्याय भनिन्छ ।

जस्तै : अँध्यारो - ना. उज्यालोको विपर्याय ।

४ बीजक विधि : कोशीय एकाइको विषय, प्रकार्य र स्तर जनाउन प्रविष्टिको अङ्गमा तदतिरिक्त प्रयोग गरिने कुनै शब्द वा शब्दावलीलाई बीजक भनिन्छ (लम्साल, २०५७ : १२४) ।

जस्तै : प्रकरी - ना.(साहित्य) नाटकको बिचमा उठी बिचमै टुङ्गिने उपकथा ।

बजिया - ना.(गाली) लोग्ने मान्छेलाई होच्याएर भनिने शब्द । २. कमारो ।

पढ्नु - स.क्रि ।

५. विवृति : कोशीय एकाइको व्याकरणगत, वाक्यगत र अर्थगत विशेषता जाहेर गर्ने छोटो टिपोटलाई विवृति भनिन्छ ।

जस्तै : द्विज - ना० [सं०] १. दुई पटक जन्मेको प्राणी । २. फुलबाट जन्मेको प्राणी; अण्डज (पक्षी, सर्प आदि) । ३. यज्ञोपवीत संस्कार (व्रतबन्ध) गरिने हिन्दूहरूको एक वर्ग (ब्राह्मण, क्षत्री, वैश्य) । ४. ब्राह्मण । ५. दाँत ।

६. प्रतिनिर्देश : सम्बन्धित कोशीय एकाइ र त्यससँग मिल्दो शिष्ट स्तरीय र मानक रुपलाई सङ्केत गर्नुलाई प्रतिनिर्देश भनिन्छ (ढकाल, २०७० : ८५) । जस्तै : खोर्सानी - ना. हे. खुर्सानी ।

७. व्युत्पत्ति : शब्दको अर्थ छुट्याउने र मूल अर्थ पत्ता लगाउने उपयोगी विधि हो । जस्तै : अङ्ग्रेजीको फरेनरबाट फिरङ्गी भएको देखाउनु ।

८. उदहारण : यो कुनै कोशीय एकाइको अर्थगत विशेषता स्पष्ट पार्न प्रयोग गरिने तरिका हो ।

९. चित्राङ्कन : कोशीय एकाइको अर्थ स्पष्ट गर्न चित्र रेखाचित्र प्रस्तुत गर्नुलाई चित्राङ्कन भनिन्छ (ढकाल, २०७० : ८५) ।

ए) व्युत्पादक सर्ग : शब्द व्युत्पादन गर्दा आधार तत्वमा जोडिने परिधीय बद्धरुपिम नै व्युत्पादक सर्ग हो (लम्साल, २०५७ : १३३) ।

ऐ) उखान टुक्का : भाषाका अमुल्य निधि उखान टुक्का पनि कोशमा समावेश गर्नु पर्छ ।

यहाँ उल्लेख गरिएका व्युत्पत्ति, उदहारण, पर्याय, विपर्याय, चित्राङ्कन र उखान टुक्काले अर्थ विधानमा सहयोग पुऱ्याउछ, त्यसैले यहीँ चर्चा गरिएको छ ।

**ग) तेसो चरण :**

यस चरणमा आएर विधानाधीन कुनै कोशमा सम्बन्धित सामग्रीले वास्तविक स्वरुप ग्रहण गर्दछ । यसबाहेक कोश सम्पादन कोशीय सामग्रीको थुप्रो मात्र नभई तिनको यस्तो सुसङ्गत र समुचित व्यवस्थापन हो, जसबाट प्रयोक्ताका लागि आवश्यक सामग्री सहजै सुलभ होस् (लम्साल, २०५७ : १३५) ।

यो कोश निमार्णको अन्तिम चरण हो । यस चरण अर्न्तगत निम्न कुराहरु पर्दछन् :

अ) प्रविष्टि अनुक्रम : कोश सम्पादनमा सङ्कलन गरिएका सामग्रीलाई कसरी व्यवस्थित गर्ने, कुन अनुक्रममा राख्ने भन्ने कुरा प्रविष्टि अनुक्रममा पर्दछ । विषय अनुक्रम, वर्ण अनुक्रम र मिश्रित अनुक्रम गरि तिन प्रकारको अनुक्रममा आधारित भएर सामग्रीको व्यवस्थापन गर्न सकिन्छ ।

आ) प्रविष्टि विन्यास : कोशीय एकाइ वा तत्सम्बन्धी विवरण रहेको भाग प्रविष्टि हो । यी निम्न दुई किसिमका छन् :

१. मूल प्रविष्टि : शब्दकोशमा रहेका शीर्ष शब्द नै मूल प्रविष्टि हो ।

२. उप प्रविष्टि : वास्तवमा उक्त उप प्रविष्टि मूल प्रविष्टिको विस्तार हो । यसमा मूल प्रविष्टिसँग दोहोरिने वर्ण नराखी त्यसको सङ्केत गर्ने चिह्नको प्रयोग गरिने तरिका नीडन हो (लम्साल, २०५७ : १३८) ।

इ) नीडन : शीर्ष शब्दको प्रतिनिधित्व गर्ने चिह्न हो । कोशलाई ठुलो हुनबाट बचाउन नीडनको प्रयोग गरिन्छ ।

ई) संशक्त प्रविष्टि : कुनै कोशीय प्रविष्टिको यस्तो भाग हो जुन उपप्रविष्टि समान हुन्छ । तर उप प्रविष्टिमा झैं यसमा अर्थ, उदहारण, विवृति, टिप्पणी आदि समावेश गरिएको हुदैंन् । यी स्वत व्याख्येय हुन्छन् (भण्डारी ओझा र अन्य, २०६८ : १६१) ।

उ) चिह्न प्रयोग : कोशमा विविध प्रकारका चिह्नको प्रयोग गरिएको हुन्छ ।

जस्तै :

चिह्न सूचीहरु

| | |
|---|---|
| / विभाजक (विकल्प रूप) | ( ) गौण सङ्केत |
| – निर्देशक चिह्न तथा समस्तपद सङ्केत | + संयोजक वा जोड |
| o सङ्क्षेपीकृत चिह्न | ~ विशेष्य नाम (नजोडिने |
| [ >] मूल व्युत्पन्न स्थान | < अगाडि देखाइएको व्युत्पन्न रूप |
| √ मूल रूपको किटान | > पछाडि देखाइएको व्युत्पन्न रूप |

(नेपाली बृहत् शब्दकोश, २०६७ : २३) ।

ऊ) पूर्वोत्तर भागको संयोजन : सम्बन्धित कोशको वारेमा यर्थाथ जानकारी दिने कोशको प्रविष्टि विधान भन्दा अगाडि रहने भूमिका, परिचय, कृतज्ञता ज्ञापन आदिलाई कोशको पूर्वोत्तर भाग भनिन्छ । यसले कोशको प्रयोजन, कोशको स्रोत, कोश विधान प्रक्रिया, वर्ण विन्यास

प्रक्रिया, शब्दचयन तथा प्रविष्टि अनुक्रम आदिको जानकारी दिइएको हुन्छ (भण्डारी, ओझा र अन्य २०६८ : १६१) ।

## शब्दकोशको स्वरुप

कोश के कस्तो छ ? कसरी बनेको छ ? भन्ने कुरा नै कोशको स्वरुप हो । स्वरुपगत हिसाबले यसलाई चर्चा गर्नु यहाँ आवश्यक छ । पाठकलाई सन्तुष्ट पार्न सक्ने स्पष्ट, सुनिश्चित, व्याप्त र भरपर्दो सन्दर्भ ग्रन्थ नै कोश हो । यसलाई आकारगत हिसाबले सङ्क्षिप्त र अर्थगत हिसाबले व्याप्त बनाउनका लागि विभिन्न किसिमका समुचित सामग्री पनि आवश्यक हुन्छ (लम्साल, २०५७ : ५७) ।

शब्दकोशको वास्तविक सफलता न्युनतम समयमा नै पाठक वा प्रयोक्तालाई प्रदेय अर्न्तनिष्ठ कोशीय सामग्री अधिकतम रुपमा उपलब्ध गराउनुमा निहित छ, त्यसैले जुनसुकै किसिमको कोशमा पनि ऐना जस्तै छर्लङ्ग भएर उपभोक्ताको अगाडि उपस्थित हुन सक्नुपर्छ (लम्साल, २०५७ : ५७) ।

समग्र कोशका तिन भागलाई निम्नानुसार चर्चा गर्न सकिन्छ :

### क) पूर्वभाग :

शब्दकोशको मूल भाग भन्दा अगाडि रहेको भाग पूर्वभाग हो । यसलाई भूमिका खण्ड पनि भनिन्छ । कोशीय मूलभागलाई केन्द्रिबिन्दु मान्दा यो त्यस भन्दा पूर्ववती भाग हो ( लम्साल, २०५७ : ५८) । यस भागमा निम्न कुराहरु रहन्छन् :

अ) शीर्षक : कोशमा र्शीषक नै प्रकृति वा प्रयोजनको पहिलो निर्देशक हो । शीर्षककै आधारमा कोशमा निहित आकृति-प्रकृति, क्षेत्र-प्रक्षेत्र, साधारण-विशेष प्रकार, एक भाषा-अनेक भाषा, स्रोत र लक्ष्य भाषा आदिका सम्बन्धमा सूचना हुन हुनाले शीर्षकमा स्वनिर्देश्यता र स्वभावानुरुपता नितान्त वाञ्छनीय छ (लम्साल, २०५७ : ५८) ।

आ) प्राक्कथन : कोशको प्रयोजन र क्षेत्रको जानकारी प्राक्कथनमा समेटिएको हुन्छ । सम्बन्धित कोश कस्को लागि निर्माण गरिएको हो ? के - कसरी सामग्री सङ्कलन र व्यवस्थापन गरियो ? कोशको प्रयोक्ता को हो ? यी सबै कुराको सम्पूर्ण विवरण यहाँ उल्लेख गरिएको हुन्छ । प्राक्कथन वा भूमिकालाई परिचय, प्रस्तावना, सम्पादकीय, पृष्ठभूमि जस्ता विविध नाममा उल्लेख गरिन्छ, यस खण्डमा अन्य निम्न कुराहरु रहने गर्दछन् :

१) कोशको क्षेत्र र प्रयोजन : कुनै कोश कुन किसिमको हो ? सम्बन्धित कोश व्युत्पत्तिमूलक हो वा प्राविधिक हो वा त्यस भन्दा अतिरिक्त हो ? अनि कुनै कोश प्रथम भाषिका लागि हो वा द्वितीय भाषीका लागि हो ? सन्दर्भपरम हो वा ऐतिहासिक हो यी कुराको निर्देश पनि प्राय : यस खण्डमा पाइन्छ (लम्साल, २०५७ : ५९) ।

२) कोशको स्रोत : कोशमा समावेश गरिएका सामग्री कहाँबाट प्राप्त भए त्यो नै कोशको स्रोत हो ।

३) कोश विधान प्रक्रिया : यसमा सम्बन्धित कोशविधान गर्दा सम्बन्धित कोशका बारेमा विविध पक्षहरु समावेश गरिएका हुन्छन् । कोशमा प्रविष्टि चयन र प्रविष्टिक्रमका समस्या के हुन । व्याकरण, हिज्जे, व्युत्पत्तिका समस्यालाई कसरी समाधान गरिएको छ ? यस्ता सम्पादन सम्बन्धी विविध तहका कुरालाई यसमा निरुपण गरिएको हुन्छ (लम्साल, २०५७ : ५९) ।

४) कोश निर्देशिका : कोशको प्रयोग गर्ने तरिका कोश निर्देशिकामा उल्लेख गरिएको हुन्छ । कोश र पाठकका बीच सम्प्रेषणीयता कायम गर्न कोश निर्देशिकाको महत्वपूर्ण भूमिका रहन्छ । यस भागमा कोशको प्रयोग गर्ने सबै तरिका वर्णन गरिएको हुन्छ । यसमा निम्न कुराहरु रहेका हुन्छन् :

- प्रविष्टि विधान : यसमा कस्ता प्रकारका शब्दलाई मूल प्रविष्टि दिने, कस्ता शब्दलाई उप प्रविष्टिमा राख्ने, उपसर्ग, प्रत्यय, उखान टुक्का आदि सम्बन्धि के कस्तो व्यवस्था रहेको छ भन्ने कुरा यस भागमा उल्लेख गरिएको हुन्छ । यसमा निम्न पक्षहरु समावेश रहन्छन् : मूल प्रविष्टि, अनेकार्थी शब्द, समरुपी शब्द, उच्चारण र आलेखन, व्याकरण निर्देश, बीजकको

प्रयोग, विवृतिको प्रयोग, प्रतिनिर्देश व्यवस्था, व्युत्पत्ति विधान, उदहारणको संयोजन आदि कुरा सम्बन्धी जानकारी यहाँ उल्लेख गरिएको हुन्छ ।

- संक्षेप सूची : कोशमा संक्षिप्तता, सारवत्ता, सौविध्य, एकरुपता, स्थातवचत आदिका लागि कोशको पूर्वभागमा अङ्कित गरिएको हुन्छ (लम्साल, २०५७ : ६७) । यसरी केशमा समावेश गरिएका संक्षिप्त शब्दसूची कोशकारले वर्णानुक्रममा कोशको पूर्वभागमा दिन पर्छ ।

- विराम र सङ्केत चिह्न : विराम तथा चिह्न सङ्केतले कोशमा श्रम, स्थान तथा व्ययको बचत गर्दछ । कोशमा (....), [ ], कोष्ठकहरु, +, -, आदिले खास खास परिवेश र स्थिति विशेषको सङ्केत गर्ने हुनाले कोश निमार्णमा यस्ता चिह्नको प्रयोग होस पुऱ्याएर गर्नुपर्छ ।

**ख) मूल भाग :**

पूर्व भाग भन्दा पछाडी आउने कोशको अर्को महत्वपूर्ण भाग नै मूल भाग हो । यो कोशको प्राण हो । यसलाई मूलभाग भन्नुको तात्पर्य कोशमा यो भाग नै साध्य हो र यसैका लागि समपूर्ण योजना, नियम, सामग्री सङ्कलन, सम्पादन, श्रम, व्यय आदि साधन जुटेका हुन् भनी सङ्केत गर्नु हो (लम्साल, २०५७ : ६९) ।

शब्द सम्बन्धी सूचनाको भण्डार हुने यो खण्ड  कोशको वास्तविक पहिचान खण्ड हो । यो पूर्वभाग र अन्तिम भाग भन्दा वृहत् आकारको हुन्छ । कसलाई कोशको मुटु पनि भनिन्छ । कोशको पूर्व भागमा बताइएका कुराहरुको अनुक्रिया तथा अनुपालन मूल भागमा नै भएको हुन्छ (ढुङ्गेल र दाहाल, २०६९ : ३९३) । यसलाई विशेषत : दुई भागमा बाँडिन्छ, जुन यसप्रकार रहेको छ :

| उद्देश्य भाग | विधेय भाग |
|---|---|
| शीर्षशब्द | अर्थ |
| हिज्जे | उदाहरण |
| उच्चारण | पर्याय |
| व्याकरण निर्देश | विपर्याय |

व्युत्पत्ति उखान टुक्का

व्युत्पादक सर्ग

चित्राङ्कन आदि ।

**ग) उत्तर भाग :**

मूल भाग र त्यसको पूर्ववर्ती भागमा राख्न नमिल्ने वा कोशीय प्रविष्टि भन्दा विलक्षण र विशिष्ट रुप र शैलीमा गरिने सन्दर्भ सामग्रीहरु रहने पश्चवर्ती भाग नै कोशको उत्तर भाग हो (लम्साल, २०५७ : ८४) । यो पनि कोशको एक महत्वपूर्ण भाग हो । यसमा संक्षेप शब्दसूची, व्युत्पादन नियम र उदाहरणको सूची, विभिन्न नाप तौलका एकाइहरु, महिना, बार, राशि, नक्षत्र, समयका एकाइहरु, सङ्ख्यात्मक एकाइ, छपाइ शुद्धिका नियमहरु, प्राविधिक शब्दहरुको सूची, मान पदवी, अलङ्कार, तक्माहरु दिने सङ्ख्या र तिनको नाम, सैनिक वा जङ्गी दर्जाहरु , गणित शास्त्रका चिह्नहरु, उखान टुक्काको सूची आदि कुराहरु कोशको उत्तर भागमा रहेका हुन्छन् ।

मूल भाग पछाडिको भाग, मूल भाग र त्यसका पूर्ववर्ती भागमा राख्न नमिल्ने सामग्री राखिएको भाग नै कोशको उत्तर भाग हो । नेपाली भाषाका धेरैजसो शब्दकोशमा यस भागलाई स्थान दिइएको पाइन्न तैपनि माथि उल्लिखित टर्नरको शब्दकोश र महानन्द सापकोटाको *शब्दपरिचयमा* अनुकमिणिक दिएर यसको स्थान सुरक्षित राखिएको छ ।

# अध्याय : तिन

## अनुसन्धान विधि

### अनुसन्धान ढाँचा

अनुसन्धानका विविध विषय र क्षेत्रहरु मध्ये भाषिक अनुसन्धान पनि एउटा महत्वपूर्ण क्षेत्र हो । भाषिक अनुसन्धान पनि एक वैज्ञानिक अध्ययन भएकाले यसलाई व्यवस्गित र प्रभावकारी बनाउनका लागि निश्चित विधिमा आधारित भएर अनुसन्भान कार्य गर्नु पर्दछ । भाषिक क्षेत्रमा अनुसन्धान गर्दा सामग्रीको सङ्कलन, सामग्रीको सत्यापन, वर्गीकरण, विश्लेषण र व्याख्या, सामग्रीको तुलना र मूल्याङ्कन गरी निष्कर्ष सम्म पुगी सिद्धान्त प्रतिपादन गर्ने काम गरिन्छ (भण्डारी, ओभ्का र अन्य, २०७१ : २५) ।

कक्षा दशको नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोश निर्माण गर्नका लागि परिमाणात्मक ढाँचा अपनाइएको  छ ।

### जनसङ्ख्या तथा नमुना छनोट विधि

कक्षा दशको नेपाली पाठ्यपुस्तक नै यहाँ जनसङ्ख्या हो । नमुना छनोटका विविध विधि रहेका छन् ती विविध विधि मध्ये सबैभन्दा प्रचलित विधि यादृच्छिक नमुना छनोट विधि अपनाइएको छ । सामग्रीका सबै विशेषताहरुको प्रतिनिधित्व हुने गरी प्रत्येक सामग्री का एकाइको छनोट हुने गरी समान अवसर भएकाृ नमुना पद्धति नै यादृत्प्रित्येक सामग्री का एकाइको छनोट हुने गरी समान अवसर भएको नमुना पद्धति नै यादृच्छिक नमुना छनोट पद्धति हो (भण्डारी, ओभ्का र अन्य, २०७१ : ६४) । अनुसन्धानकर्ताको आग्रह पूर्वाग्रह र पक्षपातले यस विधिमा प्रश्रय नपाउने र बढी प्रचलित विधि हो ।

## तथ्याङ्कका स्रोतहरु

अनुसन्धाकर्ताले अनुसन्धानका लागि आवश्यक तथ्याङ्क सङ्कलनका क्षेत्रहरु तथ्याङ्क सङ्कलनका स्रोतहरु हुन (भण्डारी, ओझा र अन्य २०७१ : ५८) । अनुसन्धानलाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि तथ्याङ्कले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यस कार्यलाई सफल बनाउनका लागि प्राथमिक र द्वीतिय स्रोतबाट सामग्री सङ्कलन गरिएको छ। अनुसन्धाताले आफैँले पहिलो पटक प्रयोग गरको स्रोत प्राथमिक स्रोत हो । यहाँ शोध निर्देशक, पूर्व शोधाथी प्राथमिक स्रोत रहेका छन् ।

प्राथमिक स्रोतबाट प्राप्त सामग्री मात्रले अनुसन्धान कार्य प्रभावकारी नहुने हुनाले यहाँ द्वीतियक स्रोतका सामग्री पनि प्रयोग गरिएको छ । यस अनुसन्धान कार्यमा कक्षा दशको नेपाली पाठ्पुस्तक नै प्रमुख सामग्री हो । यस बाहेक विभिन्न शब्दकोश र पूर्व शोधकार्यहरु द्वीतियक स्रोतका सामग्रीका रुपमा प्रयोग गरिएका  छन् ।

## तथ्याङ्क सङ्कलन प्रकिया

कक्षा दशको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा, कविता, निबन्ध, जीवनी, प्रबन्ध जस्ता विविध विधामा प्रयुक्त अर्थगत रुपमा  कठिन शब्दहरु सङ्कलन गरिएको छ । ती शब्दहरुको संकलनका गर्न सम्बन्धित पाठहरु गहिरिएर अध्ययन गरि निकालिएको हो ।

## तथ्याङ्क विश्लेषण प्रक्रिया

कक्षा दशको नेपाली पाठ्यपुस्तकमा रहेका सम्पूर्ण विधाहरुमा रहेका अर्थगत रुपमा कठिन शब्दहरु टिपोट गरी ती शब्दहरुलाई वर्णानुक्रममा मिलाएर राखिएको छ। ती शब्दको अर्थका साथै शब्दवर्ग, हिज्जे, स्रोत समेत छुट्याइएको छ, भने कतिपय शब्दहरुको उदाहरण, वाक्यमा प्रयोग, पनि दिइएको छ। विभिन्न प्रकारका पाठ्यपुस्तक, सन्दर्भ पुस्तक, शब्दकोश, विभिन्न व्यक्तित्वहरुबाट प्राप्त राय सल्लाहको पनि उपयोग गरिएको छ।

# अध्ययाय : चार

## कक्षा दशको नेपाली किताबमा आधारित नमुना शब्दकोशको प्रस्तुति

### पाठ : १

### जन्मभूमि

**अधिपति** - (तत्स) [अधि+पति] ना. १. मालिक, स्वामी । २. राजा, नरेश ।

**अधीनस्थ** - (तत्स) [अधीन+स्थ] वि. अधीनमा रहेको, वशमा परेको, पराधीन, परतन्त्र ।

**अनिष्ट** - (तत्स) [अन्+इष्ट] ना. १. खराब स्थिति, हानी, अहित, बिघ्नबाधा । २. वि. अशुभ, अमङ्गल, विप. अभीष्ट ।

**अनुकरणीय** - (तत्स) [अनु+कृ+अनीय] वि. १. अनुकरण गर्न लायक, अनुसरण गर्नुपर्ने, नक्कल गर्न उपयुक्त । २. नमुनालायक, उदाहरणीय (उदा. अनुकरणीय विचार, अनुकरणीय कार्य) । जयपृथ्वी बहादुर सिंह हाम्रा लागि एक अनुकरणीय व्यक्ति हुन ।

**अपहरण** - (तत्स) [अप+हरण] ना. १. कसैको माल वा सम्पत्ति लुट्ने काम, लुट । २.कसैलाई जबरजस्ती लिएर जाने काम, हरण । आज विराटनगरमा चार वर्षको बालकको अपहरण भएछ । ३. यान वा वाहनलाई जबरजस्ती अर्कै दिशातिर लैजाने काम, अपचलन (उदा. यात्रुवाहक बसको अपहरण) ।

**अपार** - (तत्स) [अ+पार] ना. १. पार लगाउन नसकिने, असीमित, विप. पार । २. अत्यधिक, ज्यादै बढी । मेलामा अपार भिड थियो ।

**अविस्मरणीय** - (तत्स) [अ+विस्मरणीय] वि. १. बिर्सन नसकिने, सधैँ सम्झन लायक, विप.विस्मरणीय । २. कहिल्यै बिर्सन नहुने, सदा स्मरणीय ।

**अहङ्कार** - (तत्स) [अहम्+कार] ना. १. आफुलाई ठुलो ठान्ने स्वभाव, घमन्ड, मपाइँ, अहमत्याइँ उसलाई आफु ठुलो हुँ भन्ने अहङ्कार छ । २. तडक भडक भड्किलोपन ।

**आजन्म** - (तत्स) [आ+जन्म] क्रियो. १.जीवनभर, बाचुन्जेल, आजीवन । २. जन्मदेखि अहिलेसम्म ।

**आत्मसात्** - (तत्स) [आत्म+सात्] ना. १. कुनै विचार वा सिद्धान्तलाई सहज रुपमा स्वीकार गर्ने वा त्यसमा घुलमिल हुने काम । २. कुनै कुरालाई बुझेर उपयोगमा ल्याउने काम ।

**आर्दश** - (तत्स) [आ+दर्श] ना. १. विचार, सिद्धान्त, व्यवहार, आनीबानी, स्वभाव वा रुपरङ्ग आदिको अनुकरणीय पक्ष, विप. यर्थाथ । २.उत्तम नमुना, उदाहरणीय कुरा । ३. सबै लक्षणले भरीपूर्ण, सर्वगुण सम्पन्न, उत्कृष्ट । रामचन्द्र एक असल र आर्दश शासक हुन् ।

**इन्द्रेनी** - [इन्द्र+एनी] ना. घामपानी परेका बेला सूर्यको किरण पर्दा आकाशमा देखिने लामो अर्धवृत आकारको सप्तरङ्गी रुप, इन्द्रधनु ।

**उत्तराधिकारी** - (तत्स) [उत्तराधिकार+ई] ना. कसैको कार्यकालको समाप्ति वा मृत्युपछि उत्तराधिकारको रुपमा पद, प्रतिष्ठा वा सम्पत्ति पाउने व्यक्ति, हकवाला, रोलवाला ।

**उत्तेजित** - (तत्स) [उत्+तेजित] वि. १. उत्तेजनामा आएको आवेशमा आएको । २. भडकिएको, विथोलिएको । ३. क्रुद्ध, रुष्ट ।

**एकान्त** - (तत्स) [एक+अन्त] ना. १. अरु कोही नभएको, हल्ला बिनाको, निर्जन, सुनसान, एकलास ।

**कर्म** - (तत्स) ना. १. व्यक्तिले गर्ने कुनै काम, कार्य वा गतिविधि । २. कर्तव्य । ३. भाग्य, तकदिर । ४. विवाह, ब्रतबन्ध आदि संस्कार । ५. वाक्यमा कर्ताका कार्यको असर पर्ने वा सो कार्यबाट प्रभावित हुने नामिक पद, वाक्यमा के वा कसलाई भन्ने प्रश्नको उत्तरमा आउने नामिक पद ।

**कलङ्क** - (तत्स) ना. १. कुनै वस्तुमा लागेको दाग, टाटो । २. कुनै खराब काम गर्दा लाग्ने दोष । ३. खराब काम नर्गदा पनि आइलाग्ने लाञ्छना, फत्तुर ।

**कुलद्रोही -**[कुल+द्रोही] वि. कुल वा वंशकै कुभलो गर्ने ।

**क्षितिज** - (तत्स) [क्षिति+ज] ना. पृथ्वी र आकाश जोडिएजस्तो देखिने आफु बसेभन्दा परको आकाशको परिधि वा त्यस्तो घेरो । हवाइजहाजले क्षितिज पार गर्न लाग्यो ।

**गम्भीर** - (तत्स) वि. १. विचारका दृष्टिले गहिरो गहन । २. धैर्यशाली, धीर, शान्त । ३. जटिल, कठिन ।

**घमन्ड** - ना. १. आफुलाई ठुलो र अरुलाई निम्न वा सानो ठान्ने हनुचित भावना, अहङ्कार, अहंभाव । २. गर्व, अभिमान । उसले छोराको पौरखप्रति घमन्ड गऱ्यो ।

**चानचुने** - [चानचुन+ए] वि. सानोतिनो, उल्लेख्य नभएको, नगण्य, सामान्य ।

**चाहना** - [चाह+ना] ना. १. कुनै कुरा पाउने इच्छा, उत्सुकता, रुचि, चाह ।

**जननी** - (तत्स) [जन्+अनी] ना. जन्म दिने माता, आमा ।

**ताजा** - वि. १. बासी नभएको, भर्खर पकाएको, नओइलाएको, नसेलाएको, साजी । २. स्वच्छ, स्वस्थ्यकर । ३. नयाँ, भर्खरको । ४. फुर्तिलो ।

**थुम्को** - [थुम+को] ना. १. बाटुलो देखिने सानो डाँडो । २. पहाडको चुली, चुचुरो, शिखर ।

**दुर्दशा** - (तत्स) [दुर्+दशा] ना. खराब हालत, दुः खित अवस्था, दुर्गति ।

**नित्यकर्म** - (तत्स) [नित्य+कर्म] ना. १. प्रतिदिन गरिने काम, दैनिक कार्य । २. विहान गरिने शौच, स्नान, पुजाआजा आदि । नित्यकर्म सकेर उनी विद्यालय गए ।

**पक्ष** - (तत्स) ना. १. वादविवाद झगडा आदिका विविध प्रतिस्पर्धी समुहमध्ये कुनै एक दल । २. दाया बायाँमध्ये कुनै एक छेउ, पार्श्व । ३. चराको पखेटा । ४. कुनै ठाँउ, वस्तु, विषय वा विचारको एक भाग, पाटो, पाखो । ५. चन्द्रमासको पन्ध्र दिन, प्रतिपदा देखि औँसी बा पूर्णिममा सम्मको अवधि ।

**पक्षपाती** - (तत्स) [पक्षपात+ई] ना. १. विभिन्न पक्षमध्ये कुनै एकको पक्ष लिने, पक्षपात गर्ने । २. खास पक्षको समर्थक, प्रशंसक ।

**पराइ** - [पर्+आइ] ना.पर्ने काम वा प्रकिया, पर्नु । आजको पानी पराइ राम्रो छ ।

**परास्त** - (तत्स) [पर+अस्त] वि. १. कसैबाट हारेको वा हराइएको, पराजित, विजित । २. दबाइएको, दमन गरिएको ।

**प्रतीक्षा** - (तत्स) [प्रति+ईक्षा] ना. कसैलाई पर्खने काम, बाटो हेराइ ।

**प्रस्ताव** - (तत्स) [प्र+स्तु] ना. १. कुनै सभा, गोष्ठी आदिमा छलफलका लागि प्रस्तुत गरिने विषय । २. विचारार्थ प्रस्तुत कुरा, सुझाव । ३. कुनै कार्य, योजना, अध्ययन-अनुसन्धान आदिका लागि तयार पारिएको पूर्वयोजना वा त्यस्तो खाका ।

**प्रहर** - (तत्स) [प्र+हर] ना. १. समय । २. अहोरात्रको आठौँ भाग, तीन घण्टाको समय, प्रहर । प्रस्तावना ।

**फौज** - (आ) १. सेना । २. ठुलो जमात, हुल ।

**बलबुता** - ना. शरीरको क्षमता वा सामर्थ्य, बर्कत ।

**भव्य** - (तत्स) [<भू+य] वि. १. आर्कषक, सुन्दर, उत्तम (उदा. भव्य पोसाक, भव्य अनुहार, भव्य बगैँचा । २. उत्कृष्ट, विशाल ।

**भूभाग** - (तत्स) [भू+भाग] ना. १. पृथ्वीको कुनै क्षेत्र । २. जमिनको खण्ड, भुखण्ड ।

**मुक्त** - (तत्स) [मुच्+त] वि. १. कसैको अधीन वा बन्धनबाट छुटेको, फुक्का, स्वतन्त्र । २. त्यागेको, मोक्ष भएको, अनासक्त । ३. खुला, निर्धक्क, बेरोकटोक विप.बद्ध । (उदा. छुवाछुत मुक्त समाज )

**मोह** - ना. १. कुनै वस्तु, विषय वा व्यक्तिका गतिविधिप्रति लट्ठ पर्दाको स्थिति, आकर्षण, लगाब, आसक्ति (उदा. पारिवारिक मोह, धनको मोह) । २. वेदान्त दर्शन अनुसार भौतिक वस्तुलाई सत्य ठान्ने वा त्यसप्रति आसक्त हुने प्रवृति, माया । ३. अजान, अविद्या, मूढता, भ्रम । ४. बेहोसी ।

**युद्ध** - (तत्स) [<युध्+त] ना. १. दुई देश वा जातिका बीचमा हुने ठुलो भिडन्त, परस्परमा गरिने भीषण आक्रमण, सङ्ग्राम, समर । राम र रावणका बीचमा ठुलो युद्ध चलेको थियो । २. दुई समूहका बीच हुने लडाँइ, आक्रमण-प्रत्याक्रमण ।

**योग्य** - (तत्स) [<युज्+य] वि. १. राम्रो सीप वा दक्षता भएको, योग्यता हुने, जान्ने, सिपालु, लायक, विप. अयोग्य । २. कुनै कार्य तथा जिम्मेवारीका लागि उपयुक्त वा सुहाउँदो । ३. उचित, ठीक, मुनासिब ।

**राजकाज** - [राज+काज] ना. राज्यको सञ्चालन, देशको शासन तथा प्रशासन, राज्य सञ्चालनसम्बन्धी व्यवस्था, राज्यसत्ता । गोरखाका राजा राम शाहले न्यायका आधारमा राजकाज चलाएका थिए ।

**रामचन्द्र** - (तत्स) ना. १. अयोध्याका राजा, दशरथका जेठा छोरा, सीताका पति, भगवान् राम । २. माना, पाथी, भर्दा भनिने पहिलो गन्ती, एक (उदा. राम, दुन, तिन,........। )

**लक्ष्मण** - (तत्स) [<लक्ष्म+अन] ना. १. दशरथकी कान्छी पत्नी सुमित्राका जेठा छोरा, रामका भाइ । वि.२ दाजुको भक्त (ला.) ।

**लङ्का** - (तत्स) ना. भारतको सुदुर दक्षिण क्षेत्रमा समुन्द्रको बीचमा टापुको रुपमा रहेको एक देश, श्रीलङ्का । (उखा. लङ्कामा सुन छ कान मेरो बुच्चै) ।

**लडाइँ** - [लड्+आइँ] ना. १. दुई समूहका बीचमा हुने झगडा । २. लडन्त, भिडन्त ।

**लालच** - ना. कुनै वस्तु पाउने उत्कट चाहना, अतिलोभ, लालसा ।

**लोकप्रिय** - (तत्स) [लोक+प्रिय] वि. १. लोक वा जनसमुदायमा प्यारो भएको, जनताले मन पराएको (उदा. लोकप्रिय गायक) । २. सर्व साधारणको आकर्षण र अभिरुचि बढेको ।

**लोभ** - (तत्स) ना. १. अरुको सम्पत्ति लिने चाहना । २. लालसा, लालच । ३. भएको सम्पत्ति आफ्ना लागि पनि खर्च नगर्ने प्रवृति, कन्जुस्याइँ ।

**वानर** - (तत्स) [वा+नर] ना. हे. बाँदर ।

**विजय** - (तत्स) [वि+जय] ना. युद्ध वा प्रतियोगितामा हुने जित, सफलता ।

**विभीषण** - (तत्स) [<वि+भी+अक] ना. १.रावणको कान्छो भाइ । २. डरलाग्दो, भयङ्कर, त्रासपूर्ण । ३. बन्धुलाई धोका दिने ।

**वीर** - (तत्स) ना. १. साहसी व्यक्ति, उत्साही तथा आँटिलो मान्छे, बहादुर । २. प्रतिस्पर्धी व्यक्ति, योद्धा, अभिनेता, हिरो । ३. साहसी, पराक्रमी, आँटिलो, पौरखी (उदा. वीर योद्धा) ।

**वैज्ञानिक** - (तत्स) [<विज्ञान+इक] वि. १. विज्ञानसम्बन्धी, विज्ञानको, विप. अवैज्ञानिक । २. विज्ञानको सिद्धान्त तथा पद्धतिमा आधारित, व्यवस्थित । ३. विज्ञानको अध्ययन गर्ने व्यक्ति, विज्ञानको अध्येता वा विद्वान् ।

**वैभव** - (तत्स) ना. १. सम्पत्ति, ऐश्वर्य । २. सुखसुविधा, शक्ति, फुर्तीफार्ती ।

**शक्ति** - (तत्स) [शक्+ति] ना. १. व्यक्ति, प्राणी आदिमा हुने क्षमता, सामर्थ्य, बल आदि । २. सम्पत्ति, प्रतिष्ठा, सत्ता आदिको प्रभाव । ३. हावा, घाम, दाउरा, बिजुली आदिको ताप वा रापबाट प्राप्त हुने ऊर्जा । ४. कुनै वस्तुलाई आफुतिर तान्ने तथा प्रभावमा पार्ने क्षमता (उदा. चुम्बकीय शक्ति) ।

**शत्रुता** - (तत्स) [शत्रु+ता] ना. शत्रुले गर्ने व्यवहार, दुस्मनी, वैरभाव, विप. मित्रता ।

**शान्त** - (तत्स) [< शम्+त] ना. १. शान्त भएको सन्नाटा, सुनसान, विप. अशान्त । २. हल्ला नभएको, चुपचाप, मौन, एकाग्र, स्थिर केटाकेटी कथा सुन्न एकाग्र भएर बसे । ३. रिसराग नभएको, सौम्य, सुशील ।

**शौच** - (तत्स) ना. १. दिसा, पिसाब आदि गरेर सफा हुने काम, सफाइ । २. खानपान, आचार, व्यवहार आदिमा शुद्धता, स्वच्छता वा पवित्रता । ३. जुठो, सुतक आदि बार्ने काम, आशौच ।

**सफलता** - (तत्स) [सफल+ता] ना. गरेको कमा सफल हुदाँको स्थिति, असल परिणाम, राम्रो प्रतिफल, विप. असफलता ।

**समृद्ध** - (तत्स) [सम+ऋद्ध] वि. उन्नति-प्रगति भएको, विकसित, सम्पन्न । (उदा. समृद्ध देश) ।

**सम्पत्ति** - (तत्स) [< सम्+पद्+ति] ना. १. कसैको अधिकारमा भएको चल-अचल धन, दौलत । २. ऐश्वर्य, वैभव ।

**सर्वाधिक** - (तत्स) [सर्व+अधिक] वि. सबभन्दा बढी, अत्याधिक आज सर्वाधिक जाडो छ ।

**सुग्रीव** - (तत्स) [<सु+ग्रीवा] ना. रामायणका अनुसार बानरको राजा बालिको भाइ, र रामको सहयोगी मित्र ।

**सुन्दर** - (तत्स) वि. १. देख्दा राम्रो, आकर्षक, मनोरम, रमणीय । २. बेस, असल, उत्तम ।

**स्मृति** - (तत्स) [स्मृ+ति] ना. १. सम्झना, स्मृति, हेक्का, विप. विस्मृति । २. प्राचीन धर्मशास्त्रीहरुले बनाएको आचरण सम्बन्धी शास्त्र, धर्मशास्त्र ।

**स्वजन** - (तत्स) [स्व+जन] ना. १. एउटै परिवारमा बस्ने व्यक्ति, आत्मीय व्यक्ति, विप. परजन । २. नाता पर्ने मानिस, आफन्त, नातेदार, बन्धु ।

**स्वतः** - (तत्स) [स्व+त] क्रियो. १. आफैँ, स्वयम् नै । २. सहज रुपमा, सजिलैसगँ ।

**स्वर्ग** - ना. पुराणअनुसार मृत्युपछि धर्मात्माहरुलाई प्राप्त हुने लोक, देवलोक । २. सबै सुख सुविधा भएको अति रमणीय स्थान ।

**हक** - (आ) ना. १. ऐन कानुन प्रचलन, परम्परा आदिले दिएको सुविधा, अधिकार । २. कसैको अधीनमा हुदाँको स्थिति, स्वामित्व ।

**हडप्नु** - [हडप्+नु] सकि. कसैको धन, माल आदि जबरजस्ती लिनु, जफत गर्नु । मुखियाले गरिबको जग्गा हडप्यो ।

**हनुमान** - (तत्स) [हनु+मान्] ना. रामायणमा रामचन्द्रलाई सहयोग गर्ने एक प्रसिद्ध वानर ।

## पाठ : २
## सन्तुष्टि (कविता)

**अन्याय** - (तत्स) [अ+न्याय] ना. १. नीति तथा नियमविरुद्ध गरिने काम, निसाफ नभएको स्थिति, न्यायको अभाव । २. अनुचित व्यवहार, मनपरी । ३. अत्याचार ।

**इलमी** - (आ) [इलम+ई] वि. उद्धमी, व्यवसायी, पेसा वा व्यवसायमा लागेको । (उखा. इलमीको भागमा माछा र मासु) ।
**उपकार** - (तत्स) [उप+कार] ना. अर्काको हित हुने काम, भलाइ, कसैलाई गरिने सेवा, गुन ।

**ओत्न** - ना. घामपानी आदिबाट जोगाउने गरी छोप्न ।

**ख्याल** - (आ) ना. १. सोच, विचार, होस, विवेक । २. सम्झना, याद ।

**ख्याल** - (आ) ना. १. जिस्कने काम, हँस्सी, मजाक । २. गम्भीर नहुँदाको स्थिति, खेलाँची, खेलवाड ।

**गम्म** - (अमू) क्रियो. १. मुठीभरी लिदाँको किसिम । २. ढाकिने गरी, भरी हुने गरी, टन्न । ३. गजक्क, गजधम्म । ऊ आसनमा गम्म बसेको छ ।

**जगत** - (तत्स) ना. १. संसार, विश्व, दुनियाँ । २. संसारका विभिन्न प्राणी, वस्तुहरु आदि को समुह बुझाउने शब्द (उदा. नारी जगत, प्राणी जगत) ।

**जर्नादन** - (तत्स) [जन+आर्दन] ना. जनताको पीडा हटाउने भगवान् विष्णु ।

**टम्म** - (तत्स) क्रियो. १. कुनै वस्तुले भरिदाँको किसिम, टन्न, डम्म । २. कुनै वस्तुलाई डस्दाको किसिम । ३. भरिएको, अटसमटस भएको ।

**दुर्गन्ध** - (तत्स) [दुर्+गन्ध] ना. १. कुनै वस्तु सड्दा, गल्दा आउने गन्ध, सडेगलेको वस्तुको गन्ध, खराब गन्ध विप.सुगन्ध ।

**फगत** - (आ) क्रियो. मात्र, खालि, केवल ।

**मनमस्त** - वि. कुनै विषय वा चिन्तामा डुबेको, तल्लीन, सुखले मात्तिएको ।

**ममता** - (तत्स) [मम+ता] ना. १. मेरो भन्ने भावना, आत्मीयता, माया, स्नेह । २. कुनै वस्तु वा विषयप्रति हुने झुकाव, मोह वा लोभ लालसा ।

**मर्म** - (तत्स) ना. १. चोट लाग्दा मृत्यु समेत हुन सक्ने शरीरको अत्यन्त संवेदनशील अङ्ग, कोमल अङ्ग, मर्मस्थल । २. भित्री कुरो, गुढ, अभिप्राय, रहस्य, भेद । ३. भित्री वेदना, आन्तरिक पीडा ।

**मिजास** - (आ) ना. १. बोली, वचन र व्यवहारको शिष्टता, शिष्ट व्यवहार । २. शील स्वभाव बानी व्यहोरा ।

**मोचन** - (तत्स) [मुच+अन] ना. १. बाधा, अवरोध, कष्ट आदिबाट छुट्नु । २. छुटाउने वा हटाउने काम ।

**रचना** - (तत्स) [रचन+आ] ना. १. बनाउने काम, निमार्ण । २. कुनै वस्तुको बनोट, संरचना, बुनोट, रुपाकृति, खाका, रुपरेखा । ३. कुनै वस्तुको नमुना, आकार प्रकार । ४. सृजना, साहित्यिक तथा कलात्मक अभिव्यक्ति, कृति । ५. योजना, सङ्गठन ।

**लाञ्छना** - (तत्स) [लाञ्छ+अन+आ] ना. १. कसैलाई दोष लगाउने काम, आरोप, फत्तुर, कलङ्क । २. निन्दा, तिरस्कार ।

**विलास** - (तत्स) [वि+लास] ना. १. भौतिक वस्तुको सुख सुविधा र सम्पन्नताले प्राप्त हुने आनन्द, ऐस, आराम, सुखसयल, मोजमज्जा । २. मनोविनोद, मनोरञ्जन । ३. प्रेमको भाव प्रकट गर्ने हाउभाउ, चेष्टा ।

**सञ्चिता** - (तत्स) [सञ्चित+आ] ना. १. सञ्चित गर्ने, बटुल्ने तथा जोगाउने काम, सञ्चय । २.भण्डार

**सन्तुष्टि** - (तत्स) [सम्+तुष्टि] ना. १. सन्तुष्ट भएको अवस्था, सन्तोष, प्रसन्नता । २.अघाँउदाको स्थिति, तृप्ति, तुष्टि । मलाई भोजनले सन्तुष्टि मिल्यो ।

**सिर्जना** - (तत्स) [<सृजना] ना. हे. सृजना ।

**सीमा** - (तत्स) ना. १. कुनै देश, भुखण्ड, जग्गा आदिको अन्तिम हद, सीमाना । २. आचार तथा व्यवहारको क्षेत्र वा मर्यादा ।

**सुगन्ध** - (तत्स) [सु+गन्ध] ना. १. मिठो वास्ना, मनपर्ने गन्ध, सुवास, वास्ना, महक । विप. दुर्गन्ध ।

**सृजना** - (तत्स) [सृजन+आ] ना. १. मौलिक वस्तु, कृति आदि बनाउने काम, नँया आविस्कार, सिर्जना ।

**सृष्टि** - (तत्स) [सुज्+ति] ना. १. सृजना वा रचना गर्ने काम, सृजना, रचना विप. संहार । २. उत्पत्ति, जन्म, पार्दुभाव, निर्माण । ३. सृजना भएको संसार, विश्व, प्रकृति । ४. मान्छेले गरेको विशिष्ट निर्माण । ५. भौतिक वस्तुहरुको जोरजाम, सम्पत्तिको आर्जन (ला.) ।

**स्वावलम्बी** - (तत्स) [स्व+अवलम्ब+ई] ना. १.स्वावलम्बनमा विश्वास गर्ने, आफ्नो दक्षता वा पौरखमा भर पर्ने, आत्मनिर्भर ।

## पाठ : ३

## सन्दुक रुइत

**अध्ययनशील** - (तत्स) [ अध्ययन+शील] वि. अध्ययनमा लागि पर्ने, पढ्नमा लगनशील, पढन्ते ।

**अन्तरिक्ष** - (तत्स) [ अन्तर+ईक्ष] ना. १. पृथ्वी र अन्य ग्रह नक्षत्र वा ताराहरुका बीच रहेको खाली ठाँउ अवकास । २. आकाश । ३. विभिन्न ग्रह र नक्षत्रहरुको परिवेश भन्दा बाहिरको भाग वा तिनका बिचको अन्तराल । ४. बह्माण्ड ।

**अपरेसन** - (तत्स) ना. चिरफार गरेर गरिने उपचार, चिरफार, शल्यचिकित्सा ।

**अभाव** - (तत्स) [अ+भाव] ना. १. कुनै वस्तु नहुँदाको स्थिति, शून्यता, लोप । २. नपाइएको अवस्था, अप्राप्ति, अनुपलब्धता ।

**आकृष्ट** -(तत्स) [<आ+कृष+त] वि. १. आफुतिर खिचिएको, तानिएको, आकर्षित विप. अनाकृष्ट । २. प्रभावमा परेको, प्रभावित, मोहित ।

**आत्मबल** - (तत्स) [आत्म+बल] ना. आफुमा रहेको भित्री बल, आफ्नो मनोबल, इच्छा शक्ति, साहस, आँट ।

**आविष्कार** - (तत्स) [आविस्+कार] ना. १. नँया वस्तु वा सिद्धान्तको खोजी गरी प्रकाशनमा ल्याउने काम, अन्वेषण । २. नँया निर्माण, आविष्कार, नवप्रर्वतन । रेडियोको आविष्कार मार्कोनीले गरेका हुन् ।

**इन्ट्राओकुलर लेन्स** - (आ) ना. मोतीबिन्दुका कारण काम नलाग्ने भएको प्राकृत लेन्सको ठाँउमा प्रत्यारोपण गरिने कृत्रिम लेन्स ।

**इन्स्टिच्युट** - (आ) ना. अध्ययन संस्थान ।

**एम. बि.बि.एस** - (आ) ना. औषधी तथा शल्यकिया विषयमा गरिने स्नातक तह ।

**कोसेली** - ना. मान्यजन वा इष्टमित्रलाई भेट्न जाँदा लगिने खानेकुरा वा उपहार, सौगात ।

**क्याम्प** -(आ) ना. १. मानिसहरु अस्थायी रुपमा बसेको ठाँउ वा त्यसको परिसर (उदा. शरणार्थी क्याम्प) । २. शिविर । ३. दल वा समुह ।

**क्षयरोग** - (तत्स) [क्षय+रोग] ना. शरीरको अङ्ग क्षय हुने एक प्रकारको घातक रोग, टिबी ।

**खोच** - ना. दुई पहाडका बीचको साँघुरो ठाँउ, कोप्चो परेको जमिन, दुन, खोंच, कुनो । सरलाको घर पहाडको खोचमा छ ।

**गौरव** - (तत्स) ना. १. गुरुत्व, महत्व, महिमा । २. प्रतिष्ठा, सम्मान, इज्जत ।

**चस्मा** - (आ) ना. आँखा देख्न वा त्यसको सुरक्षाका लागि लगाइने सिसा जडिएको वस्तु । आमाको आँखा कमजोर भएकोले चस्मा लगाउनु हुन्छ ।

**चिकित्सक** - (तत्स) [चिकित्स+अक] ना. बिरामीलाई औषधी उपचार गर्ने व्यक्ति, डाक्टर, वैद्य ।

**जनरल** - (आ) ना. १. सेनामा कर्नेल भन्दा माथिल्लो तहको अधिकृत, जर्नेल, रथी, विग्रेडियर (वाहिनीपति) । २. कुनै संघ संस्थाको उच्चतम तहको व्यवस्थापक वा कार्यकारी अधिकृत (उदा. जनरल सेक्रेटरी, जनरल म्यानेजर) ।

**जनरल** - (आ) ना. साधारण, सामान्य, चानचुने उदा. जनरल विषय, जनरल स्टोर ।

**जिज्ञासु** - (तत्स) [जिज्ञासा+उ] वि. जान्न तथा बुझ्न उत्सुक, उत्कण्ठित ।

**दुर्गम** - (तत्स) [दुर्+गम] वि. १. जान कठिन, आवत जावत गर्न कठिन हुने विकट विप.सुगम । २. अप्ठेरो, असजिलो ।

**दृढ** - (तत्स) [<दृह+त] वि. १. दह्रो, बलिया, मजबुत विप.शिथित । २. अचल, अडिग, स्थिर ।

**दृष्टि**- (तत्स) [दृष्+ति] ना. १. हेर्ने काम, हेराइ, अवलोकन । उसको दृष्टि कमजोर छ । २. आँखा, नेत्र । ३. कुनै विषयप्रतिको विचार वा सोचाइ, दृष्टिकोण, ध्यान, रुचि, चासो ।

**दृष्टिविहीन** - (तत्स) [दृष्टि+विहीन] वि. १. आँखाको ज्योति नभएको वा आँखाले देख्न नसक्ने । २.आँखा नदेख्ने व्यक्ति, अन्धो व्यक्ति ।

**परम्परा** - (तत्स) [परम+परा] ना. १. धेरै पहिलादेखि चलिआएको प्रचलन, रीतिरिवाज, प्रथा । २. अटुट क्रम, शिलशिला । ३. पद्धति, प्रणाली । दशैंमा मान्यजनबाट टीका थाप्ने प्रचलन रहेको छ ।

**परामर्श** - (तत्स) [परा+मर्श] ना. १. कुनै विषय वा समस्या आदि बारे छलफल गरी निष्कर्ष निकाल्ने काम, विचार, विमर्श । २. खास समस्या वा विषयमा कसैलाई दिइने सल्लाह ।

**पलायन** - (तत्स) [परा+अयन] ना. १. डर आशंका आदिले भाग्ने काम, भगाइ । २. आफ्नो काम कर्तव्य जिम्मेवारी आदिबाट पछि हट्ने काम, डेग छाड्ने काम ।

**प्रख्यात** - (तत्स) [प्र+ख्यात] वि. नाम चलेको, कीर्ति फैलेको, प्रसिद्ध (उदा. प्रख्यात कलाकार, प्रख्यात विद्‌वान) विप. कुख्यात ।

**प्रविधि** - (तत्स) [प्र+विधि] ना. १. विज्ञानका कुरालाई व्यवहारमा प्रयोग गर्ने पद्‌धति वा तैरतरिका । २. अध्ययन अनुसन्धानबाट प्राप्त भएको ज्ञानलाई व्यवहारमा प्रयोगमा ल्याउन शिल्प, तकनिकी ।

**प्रवृति** - (तत्स) [प्र+वृति] ना. १. कुनै कामप्रतिको झुकाव, आकर्षण । पढाइमा उसको प्रवृति बढेको छ । विप.निवृति । २. संलग्नता, लगाब, मोह ।

**प्रवेशिका** - (तत्स) [प्रवेश+इका] ना. १. विद्‌यालय शिक्षाको अन्तिम तह, उच्च शिक्षामा प्रवेश गर्नका लागि विद्यालय शिक्षाको अन्तिम तह, एस.एल.सी । २. उच्चमाध्यमिक तह ।

**पोको** - ना. कपडा कागज आदिले बाहिरपट्टि बेरिएको सामान, सानो कुम्लो ।

**फिजिसियन** - (आ) चिकित्सक ।

**भयङ्कर** - (तत्स) [भयम्+कर] वि. डर उत्पन्न हुने, डरलाग्दो, भयानक (उदा. भयङ्कर बाढी) ।

**भयावह** - (तत्स) [भय+आ+वह] वि. हे.भयङ्कर ।

**भावुक** - (तत्स) [भु+उक] वि. १. कोमल मन भएको, सुकुमार हृदयको, सहृदय (उदा. भावुक व्यक्ति) । २. भावनात्मक, भावमय, भावात्मक ।

**भूगोल** - (तत्स) [भू+गोल] ना. १. पृथ्वी । २. पृथ्वीको सतहमा रहेको, पहाड नदी सागर, जमिन आदिको उत्पत्ति, बनोट, हावापानी, स्थानीय, प्राकृतिक विशेषताको अध्ययन गर्ने विधा । ३. पृथ्वीमा रहेमा देश, महादेश, क्षेत्र आदिको भुवनोट, हावापानीले प्रभाव पार्ने आर्थिक, सामाजिक, राजनीतिक आदि गतिविधिको अध्ययन गर्ने शास्त्र ।

**भूपरिवेष्ठित** - (तत्स) [भू+परिवेष्ठित] वि. जमिनले घेरिएको, समुन्द्रसगँ सिमाना नजोडिएको । नेपाल भूपरिवेष्ठित देश हो ।

**मधुमेय** - (तत्स) [मधु+मेय] ना. चिनी / श्वेतसार नपच्ने एक प्रकारको रोग, चिनी रोग ।

**मानचि त्र** - (तत्स) [मान+चित्र] ना. पृथ्वी वा यसका विभिन्न भूभागको चित्र वा नक्सा, भौगोलिक चित्र (उदा. नेपालको मानचित्र) ।

**मुग्ध** - (तत्स) [मुह+त] वि. १. मोहमा परेको, लट्‌ठ परेको, मोहित, लट्‌ठ, मग्न २. वशमा परेको, वाल्ल, ट्वाल्ल । ऊ सङ्गितमा मुग्ध भयो ।

**मोतियाविन्दु** - [मोतिया+विन्दु] ना.आँखाको नानीमा जालो लाग्ने एक प्रकारको रोग ।

**मोतीविन्दु** - (आ) [मोतियाविन्दु] ना.हे. मोतियाविन्दु ।

**रक्तचाप** – ना. शरीरमा सञ्चार हुने रगतको तीव्र वा अल्प चाप; रक्तसञ्चारको वेग वा गति ।

**रुइतेक्टोमी** - (आ) डा. सन्दुक रुइतले पत्ता लगाएको आखाँको उपचार सम्बन्धी विशेष प्रविधि ।

**विकट** - (तत्स) [वि+कट] वि. १. जान असजिलो, दुर्गम, अप्ठेरो, कठिन ।

२. डरलाग्दो, भयङ्कर ।

**विख्यात** - (तत्स) [वि+ख्यात] वि. नाम चलेको, प्रसिद्ध, विप. कुख्यात ।

**विशिष्ट** - (तत्स) [वि+शिष्ट] वि. १. सबैभन्दा माथिल्लो स्तरको उच्चतम । २. विशेष गुण वा विशेषता भएको ख्यातिप्राप्त ।

**विशेषज्ञ** - (तत्स) [विशेष+ज्ञ] ना. कुनै विषयमा विशेष दक्षता भएको व्यक्ति, खास विषयको राम्रो जानकार, विज्ञवेवत्ता, दक्ष (उदा. रोग विशेषज्ञ, भाषा विशेषज्ञ) ।

**वृत्तिचित्र** - (तत्स) [वृत्त+चित्र] ना. ऐतिहासिक, सांस्कृतिक, प्राकृतिक आदि दृष्टिले महत्वपूर्ण स्थल, घटनासँग सम्बन्धित जानकारी दिने उद्‌देश्यले बनाइएको चलचित्र ।

**शल्यक्रिया** - (तत्स) [शल्य+क्रिया] ना. रोग लागेको शरीरको अङ्गलाई चिरफार गर्ने काम वा त्यसरी गरिने उपचार, शल्यचिकित्सा, चिरफार ।

**शिखर** - (तत्स) ना. १. पहाडको सबभन्दा उच्च भाग चुचुरो, टाकुरो (उदा. सगरमाथाको शिखर) । २. छानाको धुरी, मन्दिरको गजुर ।

**शिखर** -(तत्स) वि. उच्चतम, उच्चस्तरीय, शीर्षस्थ (उदा. शिखर सम्मेलन, शिखर व्यक्तित्व) ।

**सङ्कीर्णता** - (तत्स) [सङ्कीर्ण+ता] ना. १. सङ्कीर्ण भएको स्थिति, सङकुचित अवस्था, साँगुरोपन । २. अनुदारता, क्षुद्रता ।

**सङ्घर्ष** - (तत्स) [सम्+घर्ष] ना. १. भिड्ने काम, भिडन्त, लडन्त । २. कठोर पश्रिम, हन्डर, ठक्कर, कष्ट । ३. एक पक्षको अर्को पक्षसँग हुने प्रतिस्पर्धा, होड । ४.कसैलाई दबाव दिनका लागि गरिने गतिविधि, विद्रोह, आन्दोलन ।

**समर्पित** - (तत्स) [सम+अर्पित] वि. समर्पण वा अर्पण गरिएको, चढाएको, सुम्पिएको ।

**समुन्नति** - (तत्स) [सम्+उन्नति] ना. १. विशेष उन्नति, राम्रो विकास । २. समृद्धि, सम्पन्नता ।

**सर्वोपरि** - (तत्स) [सर्व+उपरि] ना. सर्वोपरिमा रहेको स्थिति, सर्वोच्चता ।

**साहस** - (तत्स) ना. कठिन काम गर्न सक्ने क्षमता, आँट, हिम्मत ।

**स्नेह** - (तत्स) ना. १. आफु भन्दा सानो उमेरका व्यक्तिप्रति दर्साइने प्यार, माया, वात्सल्य । २.आत्मीय व्यक्तिप्रतिको प्रेम, आत्मियता ।

**हिमशृङ्ला** - (तत्स) [हिम+शृङ्खला] ना. हिमालको शिखर, हिमालहरुको श्रेणी, हिमाली शृङ्खला । नेपालको उत्तरी सिमाना हिमशृङ्खलाले ढाकिएको छ ।

**हृदय विदारक** - (तत्स) [हृदय+विदारक] वि. १. हृदयलाई आघात पार्ने, मुटु फुट्ला जस्तो, छाती छियाछिया पार्ने । २. करुणामय, शोकपूर्ण, पीडादायी ।

## पाठ : ४
## थान्का चित्र

**अथाह** - (तत्स) [अ+थाह] वि. १. थाहा पाउन वा पार पाउन नसकिने, अपार, अगाध । कियो. २. ज्यादै बढी, असाध्य ।

**अप्राप्य** - (तत्स) [अ+प्राप्य] वि. प्राप्त गर्न नसकिने, पाउन नसकिने, नपाइएको, अलभ्य, दुर्लभ, विप. प्राप्य ।

**आयात** - (तत्स) [आ+यात] ना. विदेशबाट सामान ल्याउने तथा पठाउने काम, पैठारी, विप. निर्यात ।

**आस्था** - (तत्स) ना. ईश्वरप्रति विश्वास, भरोसा, तथा श्रद्‌धा, विप. अनास्था । २. कुनै व्यक्ति वा विचारप्रति हृदयदेखि हुने विश्वास, सम्मानको भाव, निष्ठा ।

**इष्ट देवता** - (तत्स) [इष्ट+देवता] ना. १. कुल परम्परादेखि पुजिएका देवता, कुलदेवता ।

**क्षति** - (तत्स) [क्ष+ति] ना. १. हानी, नोक्सानी, घाटा । २. नास, खती । बाढीले बालीनालीको क्षति भयो ।

**खाइबा** - [खाइ+बाबु] वि. कामकाज केही नगरी खान मात्र खोज्ने, खाइमात्र रहने, खाइद्यौ ।

**गन्तव्य** - (तत्स) [गम्+तव्य] ना. १. जानुपर्ने वा पुग्नुपर्ने ठाँउ । २. लक्ष्य, उद्‌देश्य । ३. पुग्नुपर्ने, जानुपर्ने जान योग्य ।

**गुम्बा** - ना.बुद्‌ध धर्मावलम्बी तामाङ, शेर्पा आदिको मन्दिर, लामाहरुको देवालय ।

**चिनो** - [चिन्+ओ] ना. १. शरीरमा जन्मजात रुपमा रहेको दाग, खत वा निसान । २. कुनै वस्तु वा विषयलाई सङ्केत गर्न लगाइने धर्सो वा रेखा, चिह्न, सङ्केत । ३. कुनै वस्तुलाई चिनाउने विशेषता, लक्षण, पहिचान, हुलिया । ४. कुनै वस्तु वा व्यक्तिलाई सम्झना दिलाउने वस्तु, स्मारक ।

**ट्रेसिङ पेपर** - (आ) ना. चित्र उतार्ने पारदर्शी कागज ।

**ढुवानी** - [ढुवाउ+नी] ना. १. सामान एक ठाँउबाट अर्को ठाँउ लैजाने काम,मालसामानको ओसारपसार, परिवहन । २. सामान ओसापसार गर्दा लाग्ने ज्याला ।

**थाङ्का** - (आ) ना. कपडा वा कागजमा बनाइने बुद्‌धधर्म र सस्कृतिसगँ सम्बन्धित प्राचीन शैलीको रङ्गीन चित्र, पौवा चित्र ।

**पञ्चबुद्‌ध** - ना. वैरोचन, अक्षोभ्य, रत्नसम्भव, अमिताभ र अमोघसिद्धि गरी पाँच बुद्ध ।

**पहिचान** - ना. १. चिन्ने वा ठम्याउने काम, परिचय, चिनारी । २. वस्तुको गुण, दोष आदि पहिल्याउने काम, ठम्याइ ।

**प्रतिस्पर्धा** - (तत्स) [प्रति+स्पर्धा] ना. कुनै योग्यता वा क्षमताको काममा कसैलाई उछिन्ने होड, हारजितको प्रतियोगिता, होडबाजी ।

**प्रतीक** - (तत्स) [<प्रति+क] ना. १. खास वस्तु, विषय, दृश्य आदिलाई जनाउने अर्को वस्तु, चिनो । २. निसाना, लागो । ३. प्रतिमा, चित्र, मूर्ति ।

**फ्रेम** - (आ) ना. फोटो, तस्बिर, ऐना आदिलाई घेराबन्दी गरी राखिने काठ आदिको खाका वा त्यस्तो बार । २. ढाँचा, साँचो, चौकोस आदि ।

**बहुजातीय** - (तत्स) [बहु+जात+इय] वि. धेरै जात जाति भएको ।

**बहुधार्मिक** - (तत्स) [बहु+धर्म+इक] वि. धेरै धर्म मान्ने मानिसहरु रहेको ।

**बहुभाषिक** - (तत्स) [बहु+भाषा+इक] वि. धेरै भाषा भएको, एकभन्दा बढी भाषा बोल्ने तथा व्यवहार गर्ने । नेपाल बहुजाती, बहुभाषिक र बहुधार्मिक मुलुक हो ।

**बुद्धदर्शन** - ना. बुद्धका विचार, ज्ञान, मान्यता आदि ।

**महानिर्वाण** - (तत्स) [महा+निर्वाण] ना. बुद्धधर्म अनुसार उच्चकोटीका निर्वाण वा मृत्यु, बुद्धको देहावसान ।

**महापरिनिर्माण** - पूर्ण रुपमा प्राप्त हुने मोक्ष ।

**मौलिक** - (तत्स) [मूल+इक] वि. १. आफ्नै मूलभूत विशेषता भएको, स्रोत आफैँ भएको, कसैको प्रभाव नपरेको वा नक्कल नगरिएको, आफैँले सिर्जना गरेको, सिर्जनात्मक, नवीन । २. जन्मसिदेध रुपमा स्थापित भएको, कसैले हडप्न नहुने । (उदा.मौलिक अधिकार, मौलिक हक) ३. आधारभूत, मूलभुत, जडी, महत्वपूर्ण ।

**रासायनिक** - (तत्स) [<रसायन+इक] वि. रसायनसम्बन्धी, रसायनको ।

**लेप** - ना. १. लेप्ने वस्तु, लेपन । २. जडीबुटी पिँधेको लेदो, मलम आदि ।

**वरदान** - (तत्स) [वर+दान] ना. देवता, मान्यजन आदिले प्रसन्न हुँदा दिने वस्तु वा आशीर्वाद, वर ।

**विज्ञ** - (तत्स) [वि+ज्ञ] वि. १. कुनै विषयमा जान्ने, खास विषयमा निपूर्ण, दक्ष । २. कुनै विषयको विशेषज्ञ, विद्वान् ।

**विश्वव्यापीकरण** - (तत्स) [विश्व+व्यापीकरण] वि. १. विश्भर फैलाउने काम, विश्बभरी व्याप्त । २. वस्तु, श्रम, पूजीँ र प्रविधि विश्वभर आदानप्रदान हुने अवस्था ।

## पाठ : ५
## म पनि सक्छु ।

**अपवाद** - (तत्स) [अप+वाद] ना. सामान्य नियमभित्र नपरेको स्थिति, अमिल्दो वा असामान्य कुरा, विप. सामान्य कुरा ।

**अपहेलित** - (तत्स) [अप+हेला+इत] वि. अपहेलना गरिएको, हेपिएको, तिरस्कृत, उपेक्षित ।

**अपाङगता** - (तत्स) [अपाङ्ग+ता] ना. शरीरको कुनै अङ्ग नभएको स्थिति, विकलाङ्ग ।

**इच्छाशक्ति** - (तत्स) [इच्छा+शक्ति] ना. आफभित्र उब्जने उत्साह, आत्मशक्ति, आत्मबबल ।

**इन्जिनियर** - (आ) ना. १. भवन, बाटो, पुल, यन्त्र आदिको नमुना निर्माण, रेखदेख, मर्मत आदिसगँ सम्बन्धित प्राविधिक, उक्त विषयको स्नातक । २. शिल्पविद्, निर्माणविद्, यन्त्रविद्, अधियन्ता ।

**कानुन**  - (आ) ना. १. राज्य व्यवस्थालाई सुचारु रुपमा सञ्चालन गर्न वा समाजमा न्यायिक व्यवस्था कायम गर्नका लागि बनाइएको ऐन, नियम वा नियमावली । २. सामाजिक परम्पराबाट चलिआएको विधि, विधान ।

**जर्जर** - (तत्स) वि. १. थोत्रिएको, फाटेको, जीर्ण । २. बुढो, अत्यन्त वृद्ध । ३. शिथिल, गलित ।

**जीविकोपार्जन** - (तत्स) [जीविका+उपार्जन] ना. १.जीवन धान्न गरिने आर्जन, जीवनका लागि कमाइ, जीवन निर्वाहका लागि गरिएको इलम । २. जीविका ।

**झस्का**  - ना. हे. झस्को ।

**झस्को** -  [झस्क+ओ] ना. १. खतरनाक कुराबाट मनमा हुने डर, त्रास । दुर्घटनाको कुरा सुन्दा उसलाई आफ्ना मान्छे परे कि भन्ने भन्ने झस्को पस्यो । २. केही कुराको आशङ्का । ३. शरीरभित्र अकस्मात् हुने पीडा वा दर्द चस्को ।

**तिरस्कार** - (तत्स) [तिरस्+कार] ना. कसैलाई गरिने अनादर, हेला, उपेक्षा, विप.पुरस्कार ।

**दर्शन** - (तत्स) [<दृश्+अन] ना. १. हेर्ने काम, हेराइ, अवलोकन, निरीक्षण । २. देवीदेवता, मान्यजन आदिलाई गरिने साक्षात्कार वा अभिवादन । ३. जीवनजगत्लाई आध्यात्मिक दृष्टिले गहन चिन्तन गर्ने शास्त्र । ४.कुनै विषयमा गरिने गहन चिन्तन । ५. ईश्वरसम्बन्धी चिन्तन, अध्यात्मविद्या ।

**पदक** - (तत्स) [पद+क] ना. असल काम गरेबापत कसैलाई कदरका रुपमा दिइने निसानाछाप सहितको सुन, चाँदी आदिको वस्तु, तक्मा ।

**पोलियो** - ना. कुपोषणका कारण बालबालिकामा लाग्ने एक प्रकारको रोग ।

**प्रतियोगिता** - (तत्स) [प्रतियोगी+ता] ना. योग्यता, कुशलताका आधारमा गरिने जितहारको प्रतिस्पर्धा, विजयको इच्छाले कुनै अर्को पक्षसगँ गरिने गतिविधि, होडबाजी, (उदा. हाजिरीजबाफ प्रतियागिता, खेलकुद प्रतियोगिता) ।

**प्राविधिक** - (तत्स) [<प्रविधि+इक] वि. १. प्रविधिसम्बन्धी, व्यावहारिक, प्रयोगमूलक, विप. अप्राविधिक । २. सामान्य ज्ञानबाट हासिल नहुने, विशेष प्रशिक्षण, तालिम वा अनुभवबाट मात्र प्राप्त हुने । ना. ३. प्रविधि जान्ने, कुनै विषय वा शिल्पको विज्ञ, प्राविधिक (उदा.कृषि प्राविधिक, निर्माणको प्राविधिक) ।

**बौद्धिक** - (तत्स) [<बुद्धि+इक] वि. १. बुद्धि भएको, बुद्धिमा आधारित, मानसिक, दिमागी । २. चिन्तन भएको, गहन विचारको, वैचारिक, चिन्तनशील ।

**भाषण** - (तत्स) [भाष्+अन] ना. स्रोतहरुको समुहमा उभिइ समसामयिक विषयमा गरिने मौखिक व्याख्यान, कुनै विषयमा दिइने लामो प्रवचन ।

**मननीय** - (तत्स) [मन्+अनीय] वि. मनन गर्न लायक, चिन्तनीय, विचारणीय, (उदा. मननीय प्रश्न, मननीय विषय) ।

**मानविकी** - (तत्स) [मानव+इक+ई] ना. मानवको विचार, उन्नति-प्रगति आदिसगँ प्रत्यक्षतः सम्बन्धित ज्ञानक्षेत्र (उदा. साहित्य, कला, दर्शन, भूगोल, अर्थशास्त्र) ।

**मुस्किल** - (आ) ना. १. कठिन, गाह्रो, अप्ठ्यारो, दुष्कर (उदा. मुस्किल यात्रा) । २. अप्ठेरोपन, कठिनाइ ।

**यार्सागुम्बा** - (आ) ना. एक प्रकारको किराको पिठिउँमा उम्रने हिमाली क्षेत्रमा पाइने दुर्लभ र बहुमुल्य झार ।

**राजनीति** - (तत्स) [राजा/राज्य+नीति] ना. १. राज्यको शासन व्यवस्था तथा प्रशासन चलाउने नीति वा त्यस्तो गतिविधि । २. राज्यसत्ता वा शक्ति प्राप्त गर्न कुनै व्यक्ति वा समुहले सञ्चालन गर्ने गतिविधि । ३. विविध किसिमको चलाखी, दाउपेच । ऊ मसगँ राजनीति गर्न खोज्छ ।

**विकट** - (तत्स) [वि+कट] वि. १. जान तथा पुग्न असजिलो, दुर्गम, अप्ठेरो, कठिन । २. डरलाग्दो, भयङ्कर ।

**विवश** - (तत्स) [वि+वश] वि. १. इच्छा भए पनि केही गर्न नसक्ने, वाध्यतामा परेको, लाचार, बाध्य । घरव्यवहारले गर्दा ऊ पढाइ छोड्न विवश भयो । २. पराधीन, परतन्त्र ।

**सद्दे** - वि. १. टुटफुट नभएको, नबिग्रिएको । २. सग्लो, सिङ्गो । ३. मिसावट नभएको, खोट वा दोष नभएको, सकली, साँचो । ४. निरोगी, तन्दुरुस्त ।

**समाजशास्त्र** - (तत्स) [समाज+शास्त्र] ना. मानव-समाजको उत्पत्ति, विकास, त्यसको संरचना तथा व्यवस्था आदिको अध्ययन गर्ने शास्त्र ।

**सयल** - (आ) ना. १. मन बहलाउने काम, मनोविनोद, सुविधाजनक अवस्था । २. घुम्ने, टहल्ने काम, सैर, विहार ।

**साहित्य** - (तत्स) [स+हित+य] ना. १. विशिष्ट शैलीमा लेखिएको अभिव्यक्ति, काल्पनिक, भावात्मक तथा आलङ्कारिक प्रकृतिको कुनै रचना (उदा. कविता, नाटक, कथा, उपन्यास आदि) । २. कुनै भाषामा लेखिएका समग्र कृति, अभिलेख आदि वाङ्मय । ३. खास विषयसगँ सम्बद्ध समग्र लिखित सामग्री ।

**सिर्जनात्मक** - [सिर्जना+आत्मक] वि. हे. सृजनात्मक ।

**सुन** - (ना) खिया नलाग्ने, ताप तथा रापले पग्लने, पहेँलो रङको चम्किने बहुमूल्य धातु, सुवर्ण ।

**सृजनात्मक** - [सृजना+आत्मक] वि. १. सृजनासगँ सम्बन्धित, सृजनामा आधारित । २. उत्पादनशील, प्रजननशील । ३. मौलिक, सहज, सृजनशील । ४. रचनात्मक ।

**स्वर्ण** - (तत्स) ना. हे. सुन ।

**हाँडी घोप्टे** - (तत्स) [हाँडी+घोप्टो+ए] वि. १. हाँडी जस्तो कालो । २. घोप्ट्याएको हाँडी जस्तो, घोप्टो (उदा. हाँडी घोप्टे प्रवृति) ।

**हासिल** - (आ) ना. १. पाउने काम, प्राप्ति, उपलब्धि । उसले जाँचमा सफलता हासिल गऱ्यो । वि. २. प्राप्त, उपलब्ध, पूर्ण, सिद्‌ध ।

**हीनताबोध** - (तत्स) [हीनता+बोध] ना. आफुलाई सानो वा कमजोर ठान्ने भावना, लघुताको आभास, लघुताभास । उनी हीनताबोधले ग्रस्त देखिन्छन् ।

## पाठ : ६
## व्यापारिक चिठी

**आत्मीयता** - (तत्स) [आत्मीय+ता] ना. १. आत्मीय हुन सक्ने स्थिति, आफ्नोपन । २. घनिष्टता, निकटता, हार्दिकता, मित्रता ।

**उपर्युक्त** - (तत्स) [<उपरी+युक्त] वि. माथि भनिएको, अगाडि उल्लेख भएको, पूर्वोक्त, उपरोक्त ।

**पेस्की** - (आ) ना. १. कसैलाई कुनै काम गर्न लगाउँदा दिइने अग्रिम भुक्तानी । २. कर्मचारीलाई उसले पाउने तलबबाट कट्‌टा हुने गरी दिइने अग्रिम रकम ।

**बिल** - (आ) ना. १. विक्रि गर्दा विक्रताले सामानको विवरण र हिसाब लेखेको कागजको टिपोट, रसिद ।

**भवदीय** - (तत्स) [भवत्+ईय] वि. १. तपाईंको, तपाईंसम्बन्धी । २. चिठी पठाउनेले चिठीको अन्त्यमा प्रापकसगँ आत्मीयता जनाउन लेखिने शब्द ।

**भुक्तानी** - [भुक्तान+ई] ना. १. चुक्ता गर्नुपर्ने रकम लिने वा दिने, फस्यौट, चुक्ता । वि. २. तिर्नुपर्ने वा लिनुपर्ने ।

**महाप्रबन्धक** - (तत्स) [महा+प्रबन्धक] ना. उद्धोग, व्यापार, व्यवस्थापन आदिसगँ सम्बन्धित संस्थानको प्रमुख व्यवस्थापक वा प्रशासनिक प्रमुख ।

**शीघ्रातिशीघ्र** - (तत्स) [शीघ्र+अति+शीघ्र] क्रियो. ज्यादै चाँडो, अत्यन्तै छिटो, तुरुन्तातुरुन्ती ।

## पाठ : ७
## प्रत्यागमन

**अनुपम** - (तत्स) [<अन्+उपमा] वि. उपमा दिन नसकिने, तुलना गर्न नसक्ने, अतुलनीय, सर्वश्रेष्ठ ।

**अमङ्गल** - (तत्स) [अ+मङ्गल] ना. १. मङ्गल नहुदाँको स्थिति, अशुभ, अपशकुन, अलच्छिन, विप. मङ्गल । २. अकल्याण ।

**अप्रत्यासित** - (तत्स) [अ+प्रत्याशित] वि. आशा वा अपेक्षा नगरिएको, नसोचिएको, विप. प्रत्याशित ।

**अलौकिक** - (तत्स) [अ+लौकिक] वि. १. यस लोकमा नपाइने वा अर्को लोकको, विप. लौकिक । २. विचित्रको, अनौठो, विलक्षण ।

**असरल्ल** - (अमु) वि. १. जथाभाबी छरिएको, अलपत्र, कोठामा सामान असरल्ल छन् । क्रियो.२ लथालिङ्ग वा भताभुङ्ग हुदाँको किसिम ।

**आँचल** - ना. १. सारी वा पछ्यौराको छेउको भाग, सप्को । २. पछ्यौरा, ओढ्ने । उनले आँचलले मुख छोपेकी छिन् ।

**आरोग्य** - (तत्स) [<अ+रोग+य] ना. १. रोग नलागेको अवस्था, निरोगी अवस्था, आराम, स्वस्थता । मैले उहाँको आरोग्यको कामना गरें । २. रोग हरण गर्ने, स्वस्थकर, आरामदायी ।

**उल्का** - (तत्स) ना. १. आकाशबाट खस्दै गरेको तेजपुञ्ज वा तारा ।
२. पुच्छेतारा, धुमकेतु । आकाशमा उसले उल्का देख्यो । ३. उपद्रो, उत्पात ।
वि. ४. अनौठो, उदेकलाग्दो ।

**कान्तिहीन** - वि. सौन्दर्यहीन ।

**कृतघ्न** - (तत्स) [कृत+घ्न] वि/ना. अर्काले गरेको उपकारको वेवास्ता गर्ने वा त्यस्तो उपकार नसम्झने, बैगुनी, अपकारी विप.कृतज्ञ ।

**कोपरा** - ना. केटाकेटीलाई वा अशक्तलाई दिसापिसाब गराइने एक खालको भाँडो । बिरामीलाई कोपरामा पिसाब गराइयो ।

**खर्पन** - (आ) ना. बाँसको नोलको दुबैतिर डोरीले सामान राख्ने डाला झुन्ड्याई बनाएको सामान बोक्ने साधन, भार ।

**चकला** - [<चक्का+ला] ना. १. रोटी बेल्ने बाटुलो वा चाक्लो आकारको काठको साधन । उसले चकलामा रोटी बेल्यो ।

**चकला** - [<चक्का+ला] ना. जग्गाको सानो खण्ड वा टुक्रा ।

**चकला** - [चक्का+ला] ना. एक जना बस्न हुने कपास, फोम आदिबाट बनेको सानो आसनी, चकटी । उनीहरु चकलामा बसेर गफ गर्दै छन् ।

**छिँडी** - (आ) [छिँडो+ई] ना. घरको सबभन्दा मुनिको तलो, भुँइतलो, भुँइतलाको अँध्यारो कोठा ।

**जिलेबी** - (आ) ना.हे. जेरी ।

**जेरी** - (आ) ना. मैदाको पीठो घोलेर घिउतेलमा सेल जस्तै बाटुलो तर जेलिएको आकारमा पकाई चिनीको पाकमा डुबाएर बनाइने गुलियो मिठाई, जिलेबी ।

**टहल्न** - नाधा. [टहल+(नु)] अकि. नजिकको ठाँउमा यताउति घुम्नु, आसपासमा घुमफिर गर्नु ।

**ढुङ्ग्रो** - ना. बाँस, काठ आादिको एकातिर बन्द र अर्कातिर खुला भएको गहिरो डोलो भाँडो । उसले ढुङ्ग्रोमा दुध दुह्यो ।

**तपस्या** - (तत्स) [तपस्+य+आ] ना. १. आफ्नो अभिलाषा पूरा गर्नका लागि विधिपूर्वक अटुट रुपमा गरिने ईश्वरको ध्यान वा उपासना । शिवजीसित विवाह होस् भनी पार्वतीले तपस्या गरिन् । २. कठोर साधना (ला.) ।

**तामदान** - (आ) [ताम+दान] ना. मानिसले बोक्ने एक प्रकारको सवारी साधन, पाल्की ।

**तारन्तार** - [<सं. तारम्+तार] क्रियो. लगातार, निरन्तर ।

**त्याग** - (तत्स) [<त्यज्+अ] ना. १. त्याग्ने वा छोड्ने काम । २. माया, मोह, सम्बन्ध वा कुनै प्रियवस्तु छोड्ने काम, सम्बन्धविच्छेद गर्ने काम, मुक्ति । उनले गृहस्थी त्याग गरे । ३. असल वा हितकारी काममा योगदान, उत्सर्ग, समर्पण ।

**थुकदानी** - [थुक+दानी] ना. थुक हाल्ने भाँडो, फिकदानी ।

**दरिद्र** - (तत्स) ना. १. धन नभएको, निर्धन, गरिब, कङ्गाल । जुवा र रक्सीमा पैसा उडाएर ऊ दरिद्र भयो । २. धन, मन, विचार आदिका आधारमा गरिब, छुद्र, नीच । ऊ सम्पत्तिको धनी भए पनि मनको दरिद्र छ ।

**दारुण** - (तत्स) वि. १. ज्यादै कठोर, निष्ठुर, क्रुर (उदा. दारुण हृदय) । २. डरलाग्दो, भयङ्कर ।

**दोलाई** - ना. कपडामा रुवा हाली तगेर बनाइएको सिरकभन्दा पातलो एक प्रकारको खास्टो वा ओढ्ने ।

**धिक्कार** - (तत्स) [धिक्+कार] विबो. १. कसैले काम बिगार्दा निन्दा, तिरस्कार, घृणा आदि जनाउन भनिने शब्द । ना. २. निन्दा, तिरस्कार ।

**धितो** - ना. ऋणीले लिएको धनबापत धनीलाई लेखिदिएको जग्गा, घर आदि बन्धक वा धरौटी । धितोबिना बैङ्कले ऋण दिँदैन् ।

**नानाओली** - [नाना+ओली] वि. हे. नानाथरी ।

**नानाथरी** - [नाना+थरी] अनेक किसिमको, विभिन्न थरीको, भए नभएका । उसले तिमीलाई नानाथरी कुरा सुनाएछ ।

**नानावली** - [नाना+वली] वि. हे. नानाओली ।

**निमग्न** - (तत्स) [नि+मग्न] वि. १. कुनै काम, व्यवसाय आदिमा ध्यान केन्द्रित गरेको, एकाग्र, तल्लीन । ऊ अध्ययन-अनुसन्धानमा निमग्न छ । २.डुबेको, मग्न ।

**पितृमातृहीन** - वि. माता पिता दुवै नभएको ।

**पुनरागमन** - (तत्स) [पुनर्+आगमन] ना. फेरि आउने काम, फर्कने काम, दोहोऱ्याएर आगमन, प्रत्यार्वतन । अतिथिको पुनरागमन भयो ।

**पूर्वाभ्यास** - (तत्स) [पूर्व+अभ्यास] ना. कुनै कार्य, अध्ययन, अभिनय आदिमा सहभागी हुनुभन्दा पहिले गरिने अभ्यास, पूर्वतयारी, पूर्वप्रशिक्षण ।

**पौरख** - ना. १. मान्छेले देखाउने कुनै क्षमता वा सामर्थ्य भएको कार्य, पुरुषार्थ, पौरुष, पराक्रम । २. आर्जन, कमाइ ।

**पौष्टिक**- (तत्स) [पुष्ट+इक] वि. शरीरलाई पुष्ट बनाउने, पोसिलो, तागतिलो, पुष्टिकर (उदा. पौष्टिक आहार, पौष्टिक खाना) ।

**प्रत्यागमन** - (तत्स) [<प्रति+आगमन] ना. कुनै ठाँउबाट फर्कने काम, फिर्ती आगमन, फर्काइ ।

**प्राध्यापक** - (तत्स) [प्र+अध्यापक] ना. विश्वविद्यालयमा पढाउने विशिष्ट श्रेणीको शिक्षक । २. विश्वविद्‌यालयमा पढाउने शिक्षक ।

**प्रोफेसर** - (आ) ना. हे. प्राध्यापक ।

**फिकदानी** - [फिक+दानी] ना. हे. थुकदानी ।

**बरियात** - ना. १. बेहुलो र निम्तारुहरुको यात्रा । २. बिहामा बेहुलासँग जाने मानिसहरुको समुह, जन्ती ।

**बर्कत** - (आ) ना. १.तागत, शक्ति, बल, बुता । २. क्षमता, औकात । म आफ्नो बर्कतले भ्याएसम्म प्रयास गर्छु ।

**बर्को** - ना. एकसरो सप्को मारेर ओढ्न सकिने खास्टो । जाडो भएकाले उनले बर्को ओडिन् ।

**बर्फी** - [<बरफ+ई] ना. चिनी मिलाएर पकाएको खुवालाई जमाएर तयार पारिएको मिठाई ।

**बारा** - [बार्+आ] ना. झ्याल, ढोका, ऐना, लालिटिन आदिको घेरो;चौकोस,फ्रेम ।

**बारा** - (आ) ना. मास, मुगी आदिको बेसनबाट बनाइएको फुरौला जस्तो तर थेप्चो गोलो रोटी ।

**बार्ली** - ना. बिरामीका लागि तयार पारिएको एक रसयुक्त खानेकुरा ।

**बीभत्स** - वि. १. घिनलाग्दो, दुर्गन्धमय, सडेर गलेर छ्यालब्याल भएको । ना. २. साहित्यका नवरसमध्ये घृणा स्थायी भाव हुने एक रस ।

**भुङ्ग्रो** - ना. १. दाउरा बालिसकसेपछि कोइलाको आगो । ऊ आगोको भुङ्ग्रो ताप्दै थिइन् ।

**भोगटे** - ना. १ बाक्लो बोको हुने ठुलो र गोलो आकारको भित्रपट्टि रसिला बिजुला हुने एक प्रकारको फल, फोक्से । २. हल्का सेतो र पहेंलो रङको मसिना झुप्पादार दाना फल्ने एक प्रकारको वनस्पति ।

**मातृत्व** - (तत्स) [मातृ+त्व] ना. १. आमामा हुने गुण, माताको धर्म, आचरण वा कर्तव्य । २. नारीमा हुने गुण । ३. आमाले गर्ने माया, ममता । शिशुप्रति उनको मातृत्व जाग्यो । ४. नारीको प्रजनन क्षमता ।

**मालताल** - द्वि. ना. मालहरुको समूह, मालसामान, मालमत्ता । उसले सबै मालताल भेला गरेर बोरामा हाल्यो ।

**मालमत्ता** - द्वि. ना. हे. मालताल ।

**मुगी** - [मुग+ई] ना. मासभन्दा केही लामो कोसा फल्ने दलहन जातको अन्न, मुग (उदा. मुगीको दाल, मुगीको जाउलो) ।

**रौनक** - (आ) ना. १. चमक, कान्ति, दीप्ति । स्यहार पुगेपछि बालकको अनुहारमा रौनक बढेको छ । २. चहलपहल, रङ्गीचङ्गी, झिलिमिली ।

**लम्पट** - [<रम्+अट] वि. १. कुनै कुलतमा फसेको, विलासी । २.भोगवासनामा आसक्त व्यक्ति, कामुक पुरुष (उदा.स्त्रीलम्पट) ।

**लम्पट** - [<लम्ब+पट] ना. १. पातलो खालको हलका डसना । वि.२. सिकिस्त, ओछ्यानमा परेको ।

**लरी** - ना. बेरिएको धागोको गुच्छा । (उदा. एक लरी धागो) ।

**वरन्डा** - ना. घरको मुख्य भागदेखि बाहिरपट्टिटी गाँसिएको छानासहितको भाग, बार्दली, कौसी ।

**सुश्रुषा** - (तत्स) द्वि.[<श्रु+स+आ] ना. रोगी, अशक्त, शिशु आदिको सेवा गर्ने काम, सुसार, स्याहार, टहल ।

**श्रीहीन**- (तत्स) [श्री+हीन] वि. १. चमक वा रौनक नभएको, शोभाहीन, कान्तिहीन २. सम्पत्ति वा फुर्तीफार्ती नभएको (उदा. श्रीहीन अवस्था) ।

**सशङ्कित** - (तत्स) [स+शङ्का+इत] वि. १. शङ्का भएको, शङ्कास्पद, आशङ्कित । २. सर्तक, सावधान । चोर आँउछ भनेर ऊ सावधान छ । ३. त्रस्त, भयभीत ।

**सियाँली** - ना. नयाँ दुलहीको आगमन हुँदा पूजाको सामान लिएर विविपूर्वक गरिने एक प्रकारको आरती ।

**सूचक** - (तत्स) [सूच्+अक] वि. १.सूचना दिने, सङ्केत गर्ने वा जनाउने भन्ने अर्थमा शब्दको पछाडी आउने शब्दांश, सङ्केतक । ना.२ गोप्य सूचना दिने, गुप्तचर । ३. अध्ययन अनुसन्धानका लागि सूचनाको स्रोत बन्ने व्यक्ति ।

**सोमत** - (आ) ना. असल बानी, शिष्ट आचार, विप. बेसोमत ।

**हलुवाबेत** - (आ) ना. पाक्दा रातो हुने एकप्रकारको पातलो बाक्रा हुने स्वादिलो  फल ।

# पाठ : ८
# वर्षा

**अमित** - (तत्स) [अ+मित] वि. १. मापन गर्न नसकिने, असीमित, अत्यधिक, अपरिमित ।

**अवनिको** - (तत्स) ना. पृथ्वी, धरती (उदा. अवनीतल) ।

**आसमान** - (आ) ना. आकाश, अन्तरिक्ष, विप. जमिन ।

**कबुली** - (आ) [कबुल+इ] कुनै पनि काम गर्ने बचन दिइ, कबुल गरी ।

**कलिलिन** - वि. कलिली बनिन् ।

**करुण** - (तत्स) वि. १. करुणा भएको, दयाले भरिएको, करुणामय । २. साहित्यका नवरसमध्ये एक रस ।

**गगन** - (तत्स) ना. आकाश, अन्तिरिक्ष ।

**गरजी** - वि. ठुलो स्वरले गड्याङ्गुडुङ् गरेर, गर्जेर ।

**गाना** - [गान+आ] ना. १.लय मिलाएर गाइएको गीत । २. गाउने काम, गायन, गान ।

**घर्षी** - वि. धर्षेर ।

**चद्दर** - (आ) ना. पछ्यौरा, चादर, दोपटा ।

**चपलवयसी** - वि. चञ्चल उमेर भएकी युवती ।

**चिर** - वि. धेरै समयसम्मको, लामो समयको, दीर्घ अवधिको, पुरानो ।

**जलधि** - (तत्स) [जल+धि] ना. हे. समुन्द्र ।

**झिल्का** -ना. आगाका साना साना कण, भिल्को, फिलि-ना. आगाका साना साना कण, भिल्को, फिलिङ्गो ।

**झिल्के** - [झिल्को+ए] वि. झिलिकमिलिक गर्ने, चम्कने, उज्यालो, चम्किलो । २. रसिक, ठट्यौलो, नक्कले ।

**तृण** - (तत्स) ना. १. जमिनमा उम्रने छोटो झार, घाँसपात, त्यान्द्रो, तिरिन । वि. २. तुच्छ, हेय, चुत्थो । तिमीले उसलाई तृण बराबर पनि गनिनै ।

**दृक** - (तत्स) ना. १. आँखा । २. दृष्टि ।

**धरा** - (तत्स) ना. हे. पृथ्वी ।

**पारावारा** - वि. समुन्द्र रुपी युवक ।

**पिच्छे** - नायो. प्रत्येकमा, हरेकमा (उदा. व्यक्तिपिच्छे) ।

**पृथ्वी** - (तत्स) ना. १. मानिस तथा अन्य विभिन्न जीवजन्तु रहेको सौरमण्डलको एक ग्रह, धरती । पृथ्वी जीवहरुको आश्रयभूमि हो । २. भूमि, माटो ।

**पोल्टो** - ना. १. चिउरा, चामल आदिको पोको पारिने दौरा आदिको फेर । २. सानो झोला । ३. मातहत, अधीन ।

**प्रभु** - (तत्स) [<प्र+भु] वि. १. मानसम्मान गर्नुपर्ने व्यक्तिलाई भनिने शब्द, स्वामित । २. मालिक, स्वामी । ३. ईश्वर ।

**मेघ** - (तत्स) ना. बादल, कुहिरो । मेघ बर्सियो ।

**मोती** - ना. समुन्द्रमा सिपी किरोमा पाइने एक प्रकारको रत्न (उदा. मोतीको माला) ।

**रङगधार** - विभिन्न रङ धारण गरेको ।

**रतन निधि** - बहुमुल्य सम्पत्ति ।

**रुख** - ना. जमिनमुनि जरा हुने मूल, काण्ड, हाँगा, पात आदि सहितको अग्लो वनस्पति; वृक्ष (उदा. सालको रुख, वरको रुख, आँपको रुख) ।

**वहाड** - ना. रमाइलो बाढी ।

**वायुपङ्खी** - (तत्स) [वायु+पङ्ख+ई] वि. हावा जस्तै वेग भएको, बाइपङ्खी

**विटप** - (तत्स) ना. हे. वृक्ष ।

**विमान** - [वि+मान] ना. आकाशमा उड्ने सवारी साधन, हवाईजहाज, वायुयान ।

**वृक्ष** - (तत्स) ना. हे रुख ।

**शिखर** - (तत्स) ना. १. पहाडको सबभन्दा उच्च भाग, चुचुरो, टाकुरो । (उदा. सगरमाथाको शिखर) २. छानाको धुरी, मन्दिरको गजुर । वि. ३. उच्चतम, उच्चस्तरीय, शीर्षस्थ ।

**शैल** - (तत्स) ना. शिलाले बनेको, शिलासम्बन्धी । २.पहाड, पर्वत ।

**सङ्गित-केली** - सङ्गीतको प्रेमपूर्ण खेल ।

**सलिल** - (तत्स) ना. हे. पानी ।

**साम्य** - (तत्स) [<सम+य] ना. १. समान हुदाँको स्थिति, समानता, तुल्यता, बराबरी, विप. वैषम्य । २. तालमेल, सामञ्जस्य ३. हावा, हुरी, आगो, रिस शान्त पार्ने काम, शमन । हुरी साम्य भयो । ४. घटबढ नभएको, एकनासको शान्त । (उदा. साम्य अवस्था) ।

**सुखजलधि** - ना. सुखको समुन्द्र ।

**हरा** - वि. हरियो ।

## पाठ - ९
## हाम्रो संस्कृति

**अनुकरण** - (तत्स) [अनु+कृ+अन] ना. १. कुनै विषय, विचार वा कार्यको नक्कल, अनुसरण, देखासिकी, सिको । केटाकेटी ठुलाबडाले गरेको अनुकरण गर्छन् । २. रुप, ध्वनि, गति आदिको नक्कल ।

**अनेकन** - [अनेक+अन्] वि. अनेकौं, असङ्ख्य, अनगिन्ती ।

**अपरिर्वतनशील** - वि. परिवर्तन नहुने गुण ।

**अभिन्न** - (तत्स) [अ+भिन्न] वि. १. भिन्न नहुने, नछुटिएको, अखण्डित, एकाकार । २. साह्रै मिलेको, घनिष्ठ, अटुट, विप. भिन्न । उनी मेरा अभिन्न मित्र हुन् ।

**अवलोकन** - (तत्स) [अव+लोक्+अन] ना. १. कुनै स्थान, वस्तु घटना वा विषयलाई सरसर्ती हेर्ने कार्य, निरीक्षण, हेराइ । २. सरसर्ती अध्ययन । त्यस ठाँउको अवलोकन गरियो ।

**असीमित** - (तत्स) [अ+सीमित] वि. १. सीमित नभएको, सीमा वा हद नतोकिएको, असीम, सीमाहीन, विप. सीमित । २. व्यापक, विस्तृत, प्रशस्त ।

**आचारसहिंता** - (तत्स) [आचार+संहिता] ना. कुनै पनि संघ संस्थामा कार्यरत व्यक्तिले पालना गर्नुपर्ने आचरण तथा काम कर्तव्यबारे तोकिइको नियम वा नियमावली ।

**आड** - ना. १ अडिने ठाँउ, अडेस लाग्ने वस्तु, अडेसो, अडेस, टेको । २. आधार, सहारा, भरोसा, भरथेग ।

**आर्थिक** - (तत्स) [<अर्थ+इक] वि. १. धनसम्पत्ति सम्बन्धी । २. धनको कारोबारसँग सम्बन्धित; उत्पादन, वितरण, आर्जन आदिसँग सम्बन्धित ।

**उत्पीडन** - (तत्स) [उत्+पीडन] ना. १. बढी पीडा हुँदाको स्थिति । २. साह्रै सताइएको अवस्था, थिचोमिचो ।

**उद्गम** - (तत्स) [<उत्+गम्] ना. १. उत्पत्ति भएको ठाँउ, मुहान, मूल । बाग्मतीको उद्गमस्थललाई वाग्द्वार भनिन्छ । २. उदय, आविर्भाव, प्रकट ।

**उन्मुख** - (तत्स) [<उत्+मुख] वि. १. कुनै कार्य वा कसैको अभिव्यक्तिप्रति चासो वा चाख देखाउने, उत्सुक, उत्कण्ठित, विप. विमुख । २. कुनै दृश्य वा घटनाप्रति आकर्षित भएको, कतैतर्फ अभिमुख । ३. प्रतीक्षा गरिरहेको, प्रतीक्षारत ।

**एकताबद्ध** - एक भएको ।

**एकाकार** - (तत्स) [एक+आकार] वि. १. समान आकार बनेको, एकै रुपमा देखिएको । २. कुनै एउटा वस्तु अर्को वस्तुसँग मिलेर एकीकृत भएको, अभिन्न । दोभानमा मिसिएपछि दुइटा नदी एकाकार बने ।

**कडी** - ना. अमिलो दही वा महीमा नुन, मसला आदि झानेर बनाइने झोल, सोल्लर, करी ।

**कडी** - ना. एक-अर्कामा जोड्न मिल्ने कल्ली आकारको वस्तु, करो । २. उपाय, युक्ति ।

**ग्रहण** - (तत्स) [<गृह+अन] ना. १. लिने काम, स्वीकार । २.बुझ्ने काम, बोध । ३. चन्द्रमामा पृथ्वीको छाया पर्दा वा चन्द्रमाले सूर्यलाई छेकेर पृथ्वीबाट नदेखिने स्थिति ।

**चिन्तन** - (तत्स) [चिन्त+अन] ना. १. कुनै विषयमा गम्भीर रुपमा सोच्ने वा विचार गर्ने काम, कुनै समस्या समाधानका लागि उपाय निकाल्न गरिने विचार, मनन । २. कुनै विषयमा गरिने चिन्ता, सोच ।

**जीवनशैली** - (तत्स) [जीवन+शैली] ना. जिउने शैली, बाँच्ने तरिका वा ढङ्ग, जीवनपद्धति । उनी सादा जीवनशैली मन पराउँछन् ।

**तिलक** - (तत्स) ना. १. होम गरेको चरु डढेपछि बनेको कालो अँगारको कालो टिको । २.निधार, घाँटी आदिमा लगाइने चन्दन, केशर आदिको टिको, चन्दन । ३. राज्यभिषेकमो कार्य ।

**तिलक** - (तत्स) ना. दूलहीपक्षबाट दुलाहालाई दिइने दाइजो, धनसम्पत्ति ।

**त्रास** - (तत्स) ना. १. डर, भय । २. झस्को, आशङ्का । उसलाई कसैको न त्रास छ न आस छ ।

**परिमार्जन** - (तत्स) [परि+मार्जन] ना. १. राम्ररी सफा गर्न काम, धुने-पखाल्ने काम, माझ्ने कांम । २. परिष्कार, संशोधन, त्रुटिको निराकरण । ३. चोखो पार्ने काम, परिशोधन ।

**परिष्कृत** - (तत्स) [<परि+कृत] वि. १. परिष्कार गरिएको, सुधार तगा संस्कार गरिएको, सुसंस्कृत, परिमार्जित । २. स्तरीय, परिनिष्ठित, मानक । ३. संशोधित ।

**पहिरन** - ना. लुगा, गहना, आदि विशेष किसिमको परिधान, पोसाक । उसले लगाएको पहिरन आकर्षक छ ।

**पारख** - (आ) ना. १. कसैको गुणदोष, असलखराब आदि विशेषता पहिल्याउने काम । २. परीक्षा । ३. चिन्ने तथा छुट्याउने क्षमता, विभेद गर्ने क्षमता ।

**पुर्खा** - ना. आफुभन्दा पहिलेको वंश, पूर्वज, बाबुबाजे आदि । उसले पुर्खाको धर्मको पालन गरेको छ ।

**प्रथा** - (तत्स) [प्रथ+आ] ना. १. पहिलेदेखि चलिआएको रीति, चालचलन, रीतिरिवाज । २. गलत परम्परा, रुढिबुढी । (उदा. सतीप्रथा, छुवाछुत प्रथा)

**प्रश्रय** - (तत्स) [प्र+श्रय] ना. ठुला व्यक्तिले कसैलाई दिइने आड भरोसा,  आश्रय । उसले हाकिमको पश्रय पायो ।

**प्रामाािणकता** - (तत्स) [प्रामाणिक+ता] ना. प्रामाणिक हुँदाको स्थिति, प्रमाण पुगेको अवस्था (उदा. कागजको प्रामाणिकता) ।

**बलिप्रथा** - (तत्स) ना. पशुपन्छीको वध गरेर देवीदेवतालाई चढाउने चलन, बलि दिने परम्परा ।

**यथावत्** - (तत्स) [यथा+वत्] वि. १. पहिले जस्तो थियो त्यस्तो, पहिलाको जस्तै, पूर्ववत, यथास्थान । २. पहिले भएअनुसार, उही रुपमा । लेख यथावत् रुपमा छापियो ।

**रीतिरिबाज** - [रीति+रिबाज] ना. परम्परादेखि चलिआएको व्यवहार, चालचलन, प्रचलन, रीतिस्थिति ।

**वाङ्मय** - (तत्स) [वाक्+मय] ना. कुनै भाषाका समग्र लिखित सचना (उदा. नेपाली वाङ्मय) ।

**विकासोन्मुख** - (तत्स) [विकास+उन्मुख] वि. विकासको कार्यमा भरखर लागेको, अविकसित स्थितिबाट विकसित स्थितितिर उन्मुख, तुल. विकसित ।

**विकृति** - (तत्स) [वि+कृति] ना. १. बिग्रेको, सडेको, गलेको, कुहेको वा विरुप भएको अवस्था, विकार, बिगार, कुरुपता, खराबी । २. विश्वास, मान्यता, आचरण आदिमा देखिएको खराबी वा अस्वस्थता ।

**विद्वेष** - (तत्स) [वि+द्वेष] ना. १. मनभित्र रहेको शत्रुता, वैरभाव । २. ईर्ष्या, डाह । उसले तिम्रो उन्नतिको विद्वेष गर्‍यो ।

**संस्कार** - (तत्स) [<सम्+कार] ना. १. दोष, खोट, कमजोरी हटाउने काम, परिमार्जन । २. आफ्नो परम्परा तथा संस्कृतिअनुकुलको परिष्कार, विधिपूर्वक परिष्कार । ३. हिन्दु धर्मअनुसार मानिसको शुद्धताका लागि गरिने विभिन्न सोह्र वटा कर्म (उदा. नामकरण,

अन्नप्रासन, उपनयन आदि) । ४. मानिस मरेपछि गरिने कर्म, अन्त्येष्टि । ५. उचित सङ्गत, आवश्यक शिक्षादिक्षा आदि ।

**संस्कृति** - (तत्स) [<सम्+कृति] ना. १. देश वा जातिको कला, साहित्य, सङ्गित, आचारव्यवहार, बौद्धिकता आदि वा त्यसलाई पहिचान दिन सक्ने विशेषता (उदा. नेपाली संस्कृति, भारतीय संस्कृति) । २. संस्कार, परिष्कार ।

**सङ्घ** - (तत्स) [<सम्+घ] ना. १.जमात । २. मण्डली । ३. बौद्ध भिक्षुहरुको  समाज ।

**समयानुकुल** - (तत्स) [समय+अनुकुल] वि. समयअनुसारको, बेलाअनुकुल, युगानुकुल । समयानुकुल चल्ने मानिसले दुः ख पाउँदैन ।

**समष्टि** - (तत्स) [<सम्+अस्+ति] ना. १. धेरै वस्तुको संयोग, उस्तै खालका वस्तुहरुको समूह, विप. व्यष्टि । समुन्द्रलाई जलको समष्टि मानिन्छ । २. समग्रता, सम्पूर्णता ।

**सम्मत** - (तत्स) [सम्+मत] वि. १. मानिएको, मिलेको, उचित, सङ्गत आदि अर्थ जनाउने नाम शब्दको पछाडि आउने शब्दांश । २. रुचाएको, मन परेको ।

**सहरीकरण** - (तत्स) [सहर+ई+करण] ना. सहर बनाउने काम, सहरको विस्तार, सहर जस्तै सुविधा र बस्तीको विस्तार । देशका विभिन्न ठाउँमा  सहरीकरण बढेको छ ।

**सहिष्णुता** - (तत्स) [सहिष्णु+ता] ना. १. सहिष्णुमा हुने गुण, धीरता, धैर्य । उनले दुःखमा सहिष्णुता देखाए । २. क्षमा, क्षमाशीलता ।

**सन्दर्भ** - (तत्स) [सम्+दर्भ] ना. १. कुनै विषय, विचार आदिको प्रसङ्ग, सिलसिला वा परिवेश । २. सरोकार भएको कुरा, सम्बद्ध विषय । ३. लेख वा रचनामा उल्लेख भएको वा त्यससँग सम्बन्धित विषयवस्तुलाई पुष्टि गर्ने अन्य सामग्री ।

**सापेक्षता** - (तत्स) [सापेक्ष+ता] ना. १. सापेक्ष हुँदाको वा अर्कासगँको सम्बद्धताको स्थिति । २. कसैसगँ तुलना, दाँजो । हिजोको सापेक्षतामा आज कम गर्मी भयो ।
**हाउगुजी** - (तत्स) [हाउ+गुजी] ना. १. केटाकेटीलाई डर देखाउन भनिने वस्तु, हाउ । २. पार लगाउन नसकिने काम वा त्यस्तो सङ्कट । उसलाई गणितको परीक्षा हाउगुजी भएको छ ।

## पाठ : १०
## स्थानीयकरण भन्दा विश्वव्यापीकरण वेश

**अनुचित** - (तत्स) [अनु+उचित] वि. १. उचित नभएको, अनुपयुक्त, बेठीक, गलत, विप. उचित । (उदा. अनुचित कार्य) । २. खराब ।

**अनुत्पादक** - (तत्स) [अन्+उत्पादक] वि. १. उत्पादन नगर्ने, उत्पादन क्षमता नभएको, अनुर्वर, विप. उत्पादक । २. रोजगार दिन नसक्ने, अनुपयोगी । ३. लाभ वा फाइदा नहुने (उदा. अनुत्पादक कार्य, अनुत्पादक खर्च) ।

**अन्तरराष्ट्रिय** - (तत्स) [अन्तर+राष्ट्रिय] वि. १. दुई वा दुई भन्दा बढी राष्ट्रका बीचको, राष्ट्र-राष्ट्रको २. विभिन्न राष्ट्रहरुसँग सम्बन्धित । सञ्चारका माध्यमबाट अन्तराष्ट्रिय गतिविधिको जानकारी पाइन्छ ।

**अन्तराष्ट्रिय** - (तत्स) [अन्तर+राष्ट्रिय] वि. हे. अन्तरराष्ट्रिय ।

**अभिनेता** - (तत्स) [अभि+नेता] ना. नाटक वा चलचित्रमा अभिनय गर्ने पुरुष, मुख्य पुरुष पात्रको अभिनय गर्ने व्यक्ति, नाटक वा चलचित्रको नायक, हिरो । राजेश हमाल एक कुशल अभिनेता हुन् ।

**अभिसन्धि** - (तत्स) [अभि+सन्धि] ना. सन्धि, सम्झौता ।

**अर्थतन्त्र** - (तत्स) [अर्थ+तन्त्र] ना. आर्थिक व्यवस्था वा प्रणाली, उत्पादन, व्यापार र मुद्रासम्बन्धी व्यवस्थाको आपसी सम्बन्ध, अर्थव्यवस्था । स्वदेशी उत्पादन बढाएर नेपाली अर्थतन्त्रलाई मजबुत बनाउन सकिन्छ ।

**अवमुल्यन** - (तत्स) [अव+मुल्य+न] ना. १. कुनै वस्तुको महत्व घट्ने काम वा प्रतिक्रिया । उनको कृतिको अवमुल्यन भयो । २. मुद्राको मुल्य घट्ने वा घटाउने कार्य ।

**अस्मिता** - (तत्स) [अस्मि+ता] ना. १. आफु हुँदाको अवस्था, आफ्नो सत्ता, आफ्नोपन, सत्व, अस्तित्व । २. पहिचान, स्वाभिमान, इज्जत वा प्रतिष्ठा । उनी नारीजातिको अस्मिता जोगाउन सङ्घर्षरत छिन् ।

**आर्जनमुखी** - (तत्स) [आर्जन+मुखी] ना. नाफा कमाउने खालको ।

**इर्मार्केटिङ** - (आ) [ई+मार्कटिङ] ना. विद्युतीय साधनका माध्यमबाट गरिने व्यापार ।

**इमेल** - (आ) ना. कम्प्युटरमा टेलिफन जोडेर गरिने पत्राचार वा च्यस माध्यमबाट सूचना, अभिलेख आदिको आदानप्रदान गर्ने प्रणाली ।

**इलर्निङ** - (आ) [ई+र्लनिङ] ना. विद्युतीय साधनका माध्यमबाट गरिने सिकाइ ।

**इलाइब्रेरी** - (आ) [ई+लाइब्रेरी] ना. विद्युतीय पुस्तकालय ।

**इहेल्थ** - (आ) [ई+हेल्थ] ना. विद्युतीय माध्यबाट पाइने स्वास्थय सेवा ।

**उपभोक्ता** - (तत्स) [उप+भोक्ता] ना. १. उपभोग गर्ने व्यक्ति । २. कुनै वस्तुको उपभोग गर्ने वा सेवा लिने व्यक्ति, ग्राहक ।

**एकाधिकार** - (तत्स) [एक+अधिकार] ना. कुनै उधोग धन्दा वा व्यवसायमा एउटा व्यक्ति वा संस्थाको मात्र प्रभुत्व वा एकलौटी हुँदाको स्थिति, एकको आधिपत्य ।

**कृपावाद** - (तत्स) [कृपा+वाद] ना. योग्यता तथा क्षमतालाई भन्दा चाकरी तथा कृपालाई महत्व दिने विचार वा त्यस्तो प्रवृति ।

**खण्डन** - (तत्स) [खण्ड+अन] ना. १. अर्काले भनेको कुरा काट्ने काम, अर्काको मत वा विचारको आलोचना, प्रतिवाद, विप. मण्डन । वादविवादमा एकले अर्काको तर्कको खण्डन गर्दछन् । २. खण्ड पार्ने वा टुक्र्याउने काम ।

**गुणस्तरीय** - (तत्स) [गुणस्तर+ईय] वि. उच्च गुणको, राम्रो भएको, गुणस्तरले युक्त (उदा. गुणस्तरीय सामान, गुणस्तरीय शिक्षा) ।

**थातथलो** - [थात+थलो] ना.हे. थातवास ।

**थातवास** - (तत्स) [थात+वास] ना. बसाइको निश्चित ठाँउ, वासस्थान, वास । उसको थातवासको ठेगान छैन् ।

**द्योतक** - (तत्स) [<द्युत्+अक] ना. १. उज्यालो पार्ने, चम्काउने । २.जनाउने, सङ्केत मात्र दिने, सूचक ।

**नातावाद** - [नाता+वाद] ना. योग्यता भन्दा नाताको बढेता ख्याल गर्ने वा त्यसको पक्ष लिने प्रवृति । हाकिमले नातावादलाई प्रोत्साहन दिएनन् ।

**निर्णायक** - (तत्स) [<निर्+नी+अक] वि. १. निर्णय दिने, निधो गर्ने । २. पक्षविपक्षको छलफललाई टुङ्गो लगाउने, अन्तिम टुङ्गोमा पुऱ्याउन सक्ने, अन्तिम ।

**निष्प्रभावी** - [निस्+प्रभावी] प्रभाव वा तेज नभएको ।

**परनिर्भरता** - [पर+निर्भरता] अरुको भरमा पर्नु ।

**परिचालन** - (तत्स) [परि+चालन] ना. खास गतिविधिमा सहभागिता बढाउने काम, कसैलाई सक्रियताका साथ कार्यमा संलग्न गराउने काम, संलग्नता ।

**पुँजी** - ना. १. उद्योग, व्यापार, व्यवसाय आदिका लागि लगानी गरिएको धन, नाफा कमाउन उपयोग गरिने धन । उनीहरुले २० लाख पुँजी लगाएर उद्योग खोले । २. व्यापार व्यवसायको चल-अचल सम्पत्ति । ३. वचत गरेको धन । ४. धन सम्पत्ति, रुपियाँ-पैसा ।

**बहुराष्ट्रिय** - [बहु+राष्ट्रिय] धेरै देशहरु मिलेको ।

**बालिग** - (आ) ना. १. वाल्यावस्था पुरा गरेको, जवान भएको, उमेर पुगेको, वयस्क, विप. नाबालिग । २. सोह्र वर्ष पुरा गरेको (उदा. बालिग मताधिकार) । सोह्र वर्ष पुगेको व्यक्ति अशांन्डाका लागि बालिग मानिन्छ ।

**भोगवादी** - (तत्स) [भोग+वादी] वि. भोगविलास वा मोजमस्तीमा विश्वास गर्ने, बढ्ता सुखसुविधा खोज्ने, भौतिक वा शारीरिक सुखलाई महत्व दिने ।

**मण्डन** - (तत्स) [मण्ड+अन] ना. १. तर्क वा प्रमाणद्वारा कुनै कुरालाई अझ खरिलो पार्ने काम, पुष्टि, सर्मथन विप. खण्डन । वादविवादमा विपक्षको खण्डन र आफ्नो पक्षको मण्डन गर्नु पर्दछ ।

**मण्डल** - (तत्स) [मण्ड+ल] ना. १. ग्रह आदिको समूह । २. खास उद्देश्यले भेला भएको समूह वा समिति (उदा. सम्पादक मण्डल, मन्त्रीमण्डल) । ३. बाटुलो घेरो, गोलो परिधि, वृत्त (उदा. आकाशमण्डल, भूमण्डल) । ४. कुनै देश, प्रदेश वा खास क्षेत्र ।

**मानवअधिकार** - ना. संयुक्त संघको सन् १९४८ को घोषणापत्रमा उल्लेख भएअनुसार विश्वका मानवले निर्बाध रुपमा पाउनुपर्ने आधारभूत वैयक्तिक, सामाजिक, आर्थिक, राजनीतिक हक वा स्वतन्त्रता ।

**रेमिट्यान्स** - वैदेशिक रोजगारमा हुनेले स्वदेशका पठाएको रकम ।

**लगानी** - (तत्स) [<लगाउ+आनी] ना. १. उद्योग, व्यापार आदिमा पैसा लगाउने काम । २. ब्याज लिने गरी कसैलाई ऋण दिने काम ।

**लोकतन्त्र** - (तत्स) [लोक+तन्त्र] ना. जनताका प्रतिनिधिहरुद्वारा शासन चलाइने व्यवस्था, जनतन्त्र, प्रजातन्त्र ।

**वाक्-स्वतन्त्रता** - (तत्स) [वाक्+स्वतन्त्रता] ना. बोलेर आफ्नो विचार खुलस्त रुपमा राख्न पाउने मौलिक अधिकार ।

**विर्सजन** - (तत्स) [<वि+सृज्+अन] ना. १. आह्वान गरेको देवतालाइ पूजा सकिएपछि बिदाइ गर्ने काम, देवताहरुको बिदाइ । २. पूजाको फूल, प्रसाद आदि सेलाउने काम । ३. अनुष्ठान, गोष्ठी, सभा आदिको समापन, समाप्ति । ४. आफुले मानेको, आस्था राखेको, प्रतिज्ञा वा वचनबद्धता जनाएको कुरो छोड्ने काम । ५. त्याग, परित्याग ।

**विस्तार** - (तत्स) [<वि+स्तर] ना. १. कुनै वस्तु वा विषयलाई फैलाउने तथा बढाउने काम, फैलावट । २. विस्तृत ढङ्ग वा विवरण । ३. वस्तुको लमाइचौडाइ (उदा. रबरको विस्तार) । ४. व्यापकता, विशालत ।

**विस्थापित** - (तत्स) [<वि+स्था+इत] वि. १.पहिले रहेको ठाँउबाट अन्यत्र लगिएको, हटाइएको, निष्कासित, निकाला । २. बसाइँ सरेको, बसाइँ सर्न बाध्य, आश्रयहीन । ३. विस्थापन गरिएको ।

**संर्वधन** - (तत्स) [सम्+वर्धन] ना. १. राम्ररी बढाउने काम, हुर्काउने काम, संवृद्धि । मलले बोटविरुवाको संवर्धन गर्दछ । २. हेरचाह, पोषण, संरक्षण, प्रोत्साहन, विकास आदि ।

**संवाहक** - (तत्स) [सम्+वाहक] वि/ना १. कुनै वस्तुलाई एक ठाँउबाट अर्को ठाँउमा पुऱ्याउने, राम्ररी बोक्ने, भार वहन गर्ने, वाहक । २. सञ्चारक, सुचालक ।

**सङ्कुचित** - (तत्स) [सम्+कुच्+इत] वि. १. खुम्चिएको, साँगुरिएको । २. सङ्कीर्ण, अनुदार । ३. छुद्र ।

**सङ्ग्रहणीय** - (तत्स) [<सम्+ग्रहण+अनीय] वि. सङ्ग्रह गर्नुपर्ने, जम्मा गर्न लायक (उदा. सङ्ग्रहणीय पुस्तक, सङ्ग्रहणीय सामान) ।

**समवेदना** - (तत्स) [सम्+वेदना] ना. आफन्त वा मित्रको शोक, विपत्ति आदिमा दुःख प्रकट गर्ने काम, दुःख शोक आदिमा दिइने सहानुभूति ।

**सेयर** - (आ) ना. कम्पनी वा साझेदारीमा हुने व्यवसायमा लगाइएको पुँजीको अंश वा हिस्सा । उसले यस कम्पनीको सेयर लिएको छ ।

## पाठ : ११
## लक्ष्मीपूजा

**अड्डा** - (आ) ना. १. कार्यलय, अदालत । २. अखडा, केन्द्र (उदा. चोरको अड्डा, राजनीतिको अड्डा) ।

**अनभरी -** ना. अल्मलिनु ।

**अन्तस्करण** - (तत्स) [अन्तस्+करण] ना. १. मन, हृदय, चित्त । २. आत्मा । ३. विवेक । अन्तस्करणले  देखेको कुरा बलियो हुन्छ ।

**आच्छादित** - (तत्स) [<आ+छादित] वि. छोपिएको, ढाकिएको, विप. अनाच्छादित ।

**आभा** - (तत्स) [आ+भा] ना. १. कुनै पनि व्यक्ति वा वस्तुमा देखिने चमक, शोभा, कान्ति (उदा. अनुहारको आभा) । २. चहक, छवि ।

**उत्फुल्ल** - वि. १. राम्रो सगँ फुलेको, ढकमक्क भएर फुलेको । २. प्रसन्न, हर्षित ।

**उत्सुक** - (तत्स) वि. १. कुनै कामप्रति चासो तथा रुचि देखाउने, काम गर्न इच्छुक । २. केही  गर्न हतारिएको, उत्कण्ठित, अधीर ।

**उपेक्षा** - (तत्स) [<उप+ईक्षा] ना. १. बेवास्ता, बेपरबाह । उसले मेरो भनाइलाई उपेक्षा गऱ्यो । २. अनादर, हेला, तिरस्कार, विप. अपेक्षा ।

**उल्लास** - (तत्स) [<उत्+लास] ना. हर्ष, आन्नद, खुसियाली । यसपालिको चाडमा उल्लासको वातावरण थियो ।

**कल्याङकुलुङ** - (अमु) ना. १ धेरै मानिस बोल्दाको असपष्ट आवाज, कल्याङमल्याङ । २. पेट कराउँदा आउने आवाज । भोकले पेट कल्याङकुलुङ  गर्दैछ ।

**कल्याङ्मल्याङ्** - (अमू) ना.हे. कल्याङकुलुङ ।

**कालकोठरी** - [काल+कोठरी] ना. ठुलो अपराधीलाई दण्ड दिनका लागि बनाइएको अँध्यारो र साँघुरो कोठा ।

**किचिपिची** - (अमू) [किचपिच+ई] ना. १. किच्ने तथा थिच्ने काम, किच्ने तथा मिच्ने काम, किचकाच । क्रियो. २. किचेर चिन्नै नसकिने पार्दाको किसिम, छ्यालब्याल्ल ।

**किचिमिची** - (अमू) [किचमिच+ई] ना. हे. किचिपिचि ।

**कौडी** - [कौडो+ई] ना. १. सानो खालको कौडो । २. तल्लो तहको दाम, थोरै मुल्यको पैसा । साथमा एक कौडी छैन कसरी महिना चलाउने ?

**खाल** - ना. १.छाला, चर्म । २. कुनै वस्तुको बाहिरी भाग, बोका ।

**खाल** - ना. १. प्रकार, किसिम । २. स्तर, श्रेणी, वर्ग । उनीहरु कस्ता खालका मान्छे हुन् ?

**खाल** - ना. कौडा वा जुवा खेल्ने ठाँउ ।

**खुब** - क्रियो. १. बढ्ता, धेरै, अझ, झन् । यो आँप खुब मिठो रैछ ।

**ख्याक** - (आ) ना. १. भूत, प्रेत । २. ज्यादै दुब्लो, ज्यादै बुढो, अस्थिपञ्जर ।

**गोलमाल** - (आ) ना. १. कुनै पनि कामकुरामा हुने गडबडी । २. जथाभावी पार्ने काम,

भद्रगोल, लथालिङ्ग, हिनामिना ।

**जितौरी** - [जित्+औरी] ना. जुवा, तास खेल्दा वा मुद्दा मामिला गर्दा जित्नेले अरुलाई बाँठ्ने इनाम ।

**टन्टा** - ना. नचाहिँदो बोझ, झन्झट, झमेला, लन्ठा । उसले दोस्रो विवाह गरेर टन्टा बेसायो ।

**ढक्की** - ना. चोया, प्लाष्टिक आदिबाट बनेको खुला मुख भएको फूल, फलफुल आदि राखिने सानो भाँडो ।

**ढुक्क** - (अमू) वि. १. कुनै शङ्का वा डर नभएको निस्फिक्रि, निर्धक्क । ऊ जाँचमा सफल हुन्छु भनेर ढुक्क छ । क्रियो. २. कुनै किसिमको शङ्का वा डर बिना, निस्फिक्रिसाथ ।

**तमाखु** - (आ) ना. सुर्तीको धुलो खुदोमा मोलेर बनाइएको धूमपान गर्ने वस्तु, कक्कड । हुक्कामा हालेर तमाखु खाइयो ।

**ताजगी** - (आ) ना. ताजापन, नयाँपन, फुर्ती, उत्साह । उनको कुराले मनमा ताजगी बडायो ।

**दलिन** - (आ) ना. निदालसँग अड्याएर तेर्स्याइने लामो काठ । घरको तलो छाप्न उनीहरुले दलिनहरु मिलाए ।

**दिल** - (आ) ना. १. मन, चित्त, अन्तस्करण (उदा. दिल दुख्नु, दिल बस्नु) ।

**दीप** - (तत्स) ना. १. बत्ती, दियो । २. बत्तीको उज्यालो (उदा. दीपज्योती, दीपमाला) ।

**नासमझ** - (आ) [ना+समझ] वि. समझ नभएको, बुद्धिहीन, मुर्ख ।

**निर्दोष** - (तत्स) [निर्+दोष] ना. १. दोष नभएको, गल्ती नगरेको (उदा.निर्दोष व्यक्ति) । २. अपराध नगरेको, निरपराध, बेकसुर ।

**निर्दोषपूर्ण** - वि. दोष नभएको, निष्कलङ्क, गल्ती नभएको ।

**निश्वास** - (तत्स) [नि+श्वास] ना. १. नाक तथा मुखले सास निकाल्ने काम, सास फाल्ने तथा निकाल्ने काम, निःश्वास (उदा. निश्वास-प्रश्वास) । २. लामो सास, सुस्केरा । मेरो कुरो सुनेर उसले लामो निश्वास निकाल्यो ।

**निस्तब्ध** - (तत्स) [नि+स्तब्ध] वि. १. हल्ला नभएको, सुनसान, चकमन्न । आधी पछि वातावरण निस्तब्ध छ । २. हलचल नभएको, स्थिर, निश्चल ।

**निहारिनु** - ककि. निहार्ने काम गरिनु, नियालिनु । सरलाले मलाई निहारिरहिन् ।

**पालचा** - ना. माटोको सानो कचौरा ।

**प्यार** - ना. प्रेम, माया, प्रीति, रतिराग ।

**बखत** - (आ.) ना. १. समय, बेला । २. मौका वा अवसर ।

**बेमजा** - (आ.) [बे+मजा] ना. मजा नभएको स्थिति, नमजा, नरमाइलो, बेखुस, आज तिमी नहुँदा साह्रै बेमजा भयो ।

**बेमज्जा** - (आ.) [बे+मज्जा] ना. हे. बेमजा ।

**मग्न** - (तत्स) [मज्+न] वि. १. डुबेको, निमग्न (उदा. जलमग्न खेत) । २. कुनै काम, विषय, चिन्तन आदिमा एकोहोरोसित लागेको, तल्लीन, लट्ठ ।

**मिहिन** - वि. १. ज्यादै मसिनो, मिही, नरम । २. ज्यादै कमलो, कोमल, मधुर (उदा. मिहिन स्वर) । ३. सूक्ष्म, गहिरो ।

**मुस्कुराहट** - [मुस्कुराउ+आहट] ना. मुस्कुराउने काम, प्रशस्त मुस्कान ।

**रबाफ** - (आ.) ना. व्यवहार बोलीचाली आदिमा हुने फुर्तीफार्ती, धाक, तडकभडक । उसले धनको रबाफ देखायो ।

**रवाफ** - (आ.) ना. हे. रबाफ ।

**वखत** - ना. १. बेला, समय । २. जमाना । ३. अवसर, मौका ।

**लक्कु** - (ना). १. एकमाथि अर्को गर्दै खप्टिएर राखिएका सिक्काहरुको चाङ । २. पैसा वा धन 'लक्कु बिनाको धक्कु' ।

**लङ्गुरबुर्जा** - (आ.) [लङ्गुर+बुर्जा] ना. झन्डी, मुकुट, पाना, चिडी आदि बुट्टादार कोठा भएको थकीमा चारपाटे पासा हानेर खेलिने एक प्रकारको जुवा जस्तो खेल (डाइस) ।

**वाक्पटुता** - (तत्स) [वाक्पटु+ता] ना. वाक्पटुमा हुने गुण, बोलीको कुशलता । उसको वाक्पटुता देखेर छक्क परियो ।

**सरजाम** - (आ.) ना. १. कुनै पनि कामका लागि उपयोगी सरसामान (उदा. पूजाको सरजाम) । २. उपकरण, औजार, हतियार ।

**सूचित** - (तत्स) [सूच्+इत] वि. सूचना गरिएको, खबर दिइएको, थाहा पाइएको, ज्ञापित । भोली विद्यालय बन्द हुने कुरा सबैलाई सूचित गरिन्छ ।

**स्तब्ध** - (तत्स) [<स्तम्भ+त] वि. १. छक्क परेको, अन्योलमा परेको, विलखबन्द, आश्चर्यमा परेको, जिल्ल । २. रोकिएको, अवरुद्ध, स्तम्भित ।

**स्तम्भित** - (तत्स) [स्तम्भ+इत] वि. हे. स्तब्ध ।

**हलवाई** - [हलुवा+आई] ना. हलुवा, जिलेबी आदि मिठाई बनाउने व्यक्ति वा त्यस्तो पेसावाल ।

## पाठ : १२
## क्लारा जेटकिन

**अत्याधुनिक** - (तत्स) [अति+आधुनिक] वि. ज्यादै आधुनिक, अत्यन्त नवीन, तुल. आधुनिक (उदा.अत्याधुनिक फेसन, अत्याधुनिक शैली) ।

**अधिवेशन** - (तत्स) [अधि+वेशन] ना. १. कुनै सघंसस्थाका सदस्य वा सोसगँ आबद्ध व्यक्तिका प्रतिनिधिहरुका बिचमा छलफल, विचार-विमर्शका लागि खास अवधिसम्म हुने सम्मेलन (उदा. सस्थाको वार्षिक अधिवेशन) ।

**अनौपचारिक** - (तत्स) [अन्+औपचारिक] वि. १. औपचारिक नभएको, तोकिएको विधि-व्यवहार नपुऱ्याई गरिएको विप. औपचारिक । (उदा. अनौपचारिक भ्रमण) २. योजनाबिनाको औपचारिकता निर्वाह नगरिएको, सजधजबिनाको । ३. सामान्य, सहज । ४. प्रचलित ढङ्ग वा परम्परा भन्दा फरक किसिमको (उदा. अनौपचारिक शिक्षा)

**आकृष्ट** - (तत्स) [<आ+कृष्+त] वि. १. आफुतिर खिचिएको, तानिएको, आकर्षित, विप. अनाकृष्ट । २. प्रभावमा परेको, प्रभावित । ३. मोहित ।

**उन्नत** - (तत्स) [<उत्+नत] वि. १. माथितिर उठेको, उचाइ लिएको, अग्लो, उच्च (उदा. उन्नत शिखर) २. समृद्ध, विकसित । ३. उत्तम, असल ।

**उलङ्घन** - (तत्स) [<उत्+लङ्घन] ना. १. नाघ्ने वा फड्कने काम । २. बेवास्ता वा अतिक्रमण (उदा. नियमको उलङ्घन) ।

**एकल** - (तत्स) [एक+ल] वि. १. एकपटकमा एकजना मात्रको एकलो, एक्लो । उसले एकल दौडमा भाग लियो । २. एकतर्फी, सरल ३. स्वास्नीबिनको, अविवाहित बिजोडा, ४. आफु र आफ्ना छोराछोरी मात्रको, असंयुक्त । हिजोआज मानिसहरु एकल परिवारमा बस्न मन पराउँछन् ।

**औपचारिक** - (तत्स) [<उपचार+इक] वि. १. स्तरीय विधि वा व्यवहार अनुसारकको, रीत पुऱ्याएर गरिएको, पूर्वनिर्धारित, योजनाबद्ध, विशिष्ट (उदा. औपचारिक कार्यक्रम, औपचारिक भ्रमण) । २. मर्यादा वा शिष्टाचार पुऱ्याएर गरिएको । ३. शिष्ट, सभ्य, स्तरीय । ४. बनावटी व्यवहार गर्ने, देखावटी खालको, विप. अनौपचारिक ।

**कल्याण** - (तत्स) ना. १. असल कुरा, भलाइ, हित । २. शुभ, मङ्गल । ईश्वरले तिम्रो कल्याण गरुन् ।

**दशक** - (तत्स) [दश+क] संवा. १. दशको समुह । २. दश वर्षको समुह ।

**दाम्पत्य** - (तत्स) [<दम्पती+य] ना. १. पतिपत्नीका बीचको सम्बन्ध । वि. २. पतिपत्नीका बीचको, पतिपत्नी सम्बन्धी (उदा. दाम्पत्य जीवन) ।

**निधन** - (तत्स) [नि+धन] ना. मरेको स्थिति, मरण, मृत्यु । हिजो विहान उनको निधन भयो ।

**निर्वासित** - (तत्स) [<निर्+बास्+इत] वि. १. परदेशमा गएको, परदेशमा बसेको, बसाँइ सरेको (उदा. निर्वासित जनता) २. देशनिकाला गरिएको ।

**पाक्षिक** - (तत्स) [<पक्ष+इक] वि. पन्ध्र दिनसगँ सम्बन्धित, एक पक्षभरिको वा एक पक्षमा निस्कने (उदा. पाक्षिक पत्रिका) ।

**प्रणेता** - (तत्स) [<प्र+नेता] वि. १. कुनै पुस्तक, कृति आदि लेख्ने व्यक्तिः रचयीता, लेखक (उदा. ग्रन्थका प्रणेता) । २. निर्माता, प्रवर्तक, आवियष्कारक ।

**प्रतिबन्धित** - (तत्स) [प्रति+बन्ध+इत] वि. प्रतिबन्ध लगाइएको, गतिविधि गर्न रोक लागेको (उदा. प्रतिबन्धित प्रकाशन, प्रतिबन्धित संगठन) ।

**प्रयत्न** - (तत्स) [प्र+यत्न] ना. १. कुनै कामका लागि गरिने चेष्टा, तत्परता, प्रयास, कोसिस । उसले रुख चढ्ने प्रयत्न गऱ्यो । २. वर्णहरुको उच्चारण गर्दा उत्पन्न हुने सासलाई मुख, नाक, जिब्रो आदिको परिवेशमा मोर्ने तरिका, वर्णहरुको उच्चारण गर्ने विधि । (उदा. स्पर्शी, नासिक्य, संघर्षी आदि) ।

**प्रसिद्धि** - (तत्स) [प्र+सिद्धि] ना. नाम चलेको, ख्याति, कीर्ति । क्षमता र सिपले गर्दा उनले सहरमा प्रसिद्धि कमाए ।

**प्रेरक** - (तत्स) [प्रेर्+अक] वि. कुनै असल विषय, लक्ष्य, मार्ग आदितिर प्रेरित गर्ने, प्रेरणा दिने, हौसला बढाउने, अभिप्रेरक (उदा. प्रेरक वस्तु) ।

**फुकुवा** - [फुक्+उवा] वि. १. फुक्ने, हावा लगाउने, फुकिने, फुकिरहने (उदा. फुकुवा डोरी, फुकुवा मन्त्र) २. छुटकारा पाएको, मुक्त ३. फजुल खर्च गर्ने खर्चालु ।

**मासिक** - (तत्स) [मास+इक] वि. १. प्रत्येक महिनाको, महिनापिच्छेको, महिनावारी (उदा. मासिक तलब) । २. मान्छे मरेको प्रत्येक वर्षभरि प्रत्येक महिनामा गरिने श्राद्ध । ३. स्त्रीहरुको माहिनावारी, रजस्वला ।

**यातना** - (तत्स) [यत्+अन+आ] ना. १. कसैलाई शारीरिक वा मानसिक रुपमा सताउने काम, कष्ट, पीडा सास्ती । २. शारीरिक वा मानसिक असह्य पीडा, वेदना । ३. विरोधी वा अभियुक्तलाई दिइने अमानवीय दण्ड, कठोर सजाय । आस्थाका बन्दीहरुलाई यातना दिइयो ।

**शताव्दी** - (तत्स) [शत+अब्द+ई] ना. सयवर्षको अवधि, सय वर्ष ।

**संलग्न** - (तत्स) [सम्+लग्न] वि. १. टाँसिएको, जोडिएको, आबद्ध, सम्बद्ध । प्रमाणपत्र निवेदनका साथ संलग्न गर्नुपर्छ । २. कुनै काममा लागेको, व्यस्त, तल्लीन (उदा. व्यापारमा संलग्न, काममा संलग्न) ।

**सभ्यता** - (तत्स) [सभ्य+ता] ना. १. सभ्य व्यक्तिमा हुने गुण, शिष्टता, भद्रता, भलादमीपन, सभ्य चाला, मिजासिलोपन (उदा. बोलीमा सभ्यता, व्यवहारमा सभ्यता) । २. कुनै जाति वा समाजको विकास, उन्नति, प्रगति आदि भएको अवस्था, मानवसमाजको विकसित अवस्था वा त्यस्तो जीवन पद्धति (उदा. प्राचीन सभ्यता, आधुनिक सभ्यता, सिन्धु घाँटीको सभ्यता, युरोपेली सभ्यता) ।

**सर्मथन** - (तत्स) [सम्+अर्थ+अन] ना. कसैको विचार वा प्रस्तावलाई सहि थप्ने काम, स्वीकार, अनुमोदन । उसको प्रस्तावको समर्थन गरियो ।

**सर्मपण** - (तत्स) [सम्+अर्पण] ना. १. कसैलाई कुनै वस्तु सम्मानपूर्वक दिने काम, देवतालाई फलफुल समर्पण गरियो । २. आफ्नो अधिकारमा रहेको सम्पत्ति, घर, जग्गा आदि कुनै सत्पात्रलाई सुम्पने काम ।

**समाजवादी** - (तत्स) [समाजवाद+ई] वि. १.समाजवादमा विश्वास गर्ने, समाजवादको अनुयायी (उदा. समाजवादी नेता) । २. समाजबादसँग सम्बन्धित, समाजवादको । (उदा. समाजवादी आर्थिक व्यवस्था) ।

**सहज** - (तत्स) [सह+ज] वि. १. सजिलै उत्पन्न, स्वतःस्फूर्त, स्वाभाविक, प्राकृतिक, नैसर्गिक, विप. असहज । (उदा. सहज वाणी, सहज गतिविधि) । २. सरल, सुगम, सजिलो । लौरो टेक्दा हिडँन् सहज हुन्छ । ३. जन्मजात, सहजात । ४. एकै समयमा जन्मेको, जुम्ल्याहा । ५. आफुखुसी, स्वाभाविक स्थिति ।

**साम्यवाद** - (तत्स) [साम्य+वाद] ना. मार्क्सद्वारा प्रतिपादित र लेनिनद्वारा सर्वप्रथम प्रयोगमा ल्याइएको सम्पत्तिमा व्यक्तिको अधिकार नभई समुदायको अधिकार रहने आर्थिक तथा राजनीतिक दर्शन, शोषक र शोषितको भेदभाव हटाई उत्पादन, वितरण र उपयोगमा समता हुनुपर्छ भन्ने सिद्धान्त, मार्क्सवाद ।

**सार्थक** - (तत्स) [स+अर्थ+क] वि. १. अर्थ भएको, मतलब हुने, अर्थपूर्ण । २. उपलब्धि भएको, सफल (उदा. सार्थक प्रयास) । ३. महत्वपूर्ण, उपयोगी ।

**स्तुत्य** - (तत्स) [<स्तु+य] वि. १. स्तुति गर्नुपर्ने, स्तुति गर्न योग्य । २. तारिफ गर्न लायक, प्रशंसनीय ।

**स्मरणीय** - (तत्स) [<स्मृ+अनीय] वि. सम्झनु पर्ने, भुल्नु नहुने, सम्झन लायक (उदा. स्मरणीय विषय, स्मरणीय घटना) ।

**हमेसा** - (आ) क्रियो. हरेक दिन, सधैँ, सदा ।

**हरहमेसा** - (आ) [हर+हमेसा] क्रियो. हे. हमेसा ।

**होनहार** - (आ) वि. १. भविष्यमा योग्य बन्न सक्ने, असल खालको (उदा. होनहार विद्यार्थी) । २. विलक्षण क्षमता भएको, जेहेनदार, प्रतिभाशाली ।

## पाठः १३
## जय भूँडी

**अठार** - संवा. दशमा आठ जोड्दाको सङ्ख्या, १८ अङ्क ।

**अणुबम** - [अणु+बम] ना. अणुहरुबाट निर्मित बम, अणुहरुको नाभि वा केन्द्र विच्छेद भएर उर्जा विस्फोट हुने विनाशकारी बम, आणविक उर्जाले जीवजगत्लाई विनाश गर्ने शक्तिशाली बम । अमेरिकाले द्वितीय विश्वयुद्धमा हिरोसिमा र नागासाकीमा प्रहार गरेको थियो ।

**अधिष्ठात्री** - (तत्स) [अधि+स्था+त्री] ना. कुनै वस्तु, स्थान वा कार्यको स्वामिनी वा संरक्षिकाको रुपमा मानिएकी देवी, इष्टदेवी ।

**अलेक्जेडर** - ना. बेलायतका प्रसिद्ध वैज्ञानिक, पहिलो प्रतिजैविकि औषधि पेनिसिलिन आविष्कारक ।

**अवरोहण** - [अवरोह+अन] ना. ओर्लिने काम, ओलाई, विप. आरोहण ।

**उपासना** - (तत्स) [उप+आस्+अन+आ] ना. १. देवीदेवताको पुजाआजा, आराधना वा ध्यान । २. भक्ति ।

**कुम्भकर्ण** - (तत्स) [कुम्भ+कर्ण] ना. १. रामायणका अनुसार रावणको माहिँलो भाई । वि. २. ज्यादै सुताहा, महाअल्छी ।

**क्राइष्ट** - (आ) ना. इसाइ धर्मका प्रर्वतक जिसस क्राइस्ट, इसा मसिह ।

**खँगारेको** - [खँगार+एको] वि. १. खारिएको, धेरै डडेको । २. दुर्बल वा कमजोर भएको । रोगले उसको जिउ खँगारेको छ ।

**गोसाईँकुण्ड** - [गोसाइ+कुण्ड] ना. रसुवा जिल्लाको लाङटाङ हिमालको फेदीमा पर्ने नेपालको प्रसिद्ध तीर्थस्थल ।

**गोसाइथान** - (तत्स) [गोसाइ+थान] ना. हे.गोसाइकुण्ड ।

**घ्याम्पा** - ना. हे. घ्याम्पो ।

**घ्याम्पो** - ना. १. पानी सञ्चय गर्न । अन्न राख्न उपयोगमा ल्याइने माटो वा धातुको ठुलो गाग्रो । २. जाँड राख्ने ठुलो भाँडो वा गाग्रो ।

**चङ्खेज खाँ** - ना. मंगोलियाका सैान्य नेता ।

**चामत्कारी** - (तत्स) [चमत्कार+ई] वि. चमत्कार गर्ने, चमत्कार देखाउने, आश्चर्यजनक ।

**टाल्सटाय** - ना. रसियन साहित्यकार ।

**टैगोर** - ना. बङगाली साहित्यकार ।

**ठण्डाराम** - [ठण्डा+राम] वि. १.चिसिएको, असाध्य चिसो । २. हिस्स जिल्ल । ३. सिद्धिएको, रितो, शून्य, खत्तम, स्वाहा ।

**दृष्टान्त** - (तत्स) [दृष्ट+अन्त] ना. १. विषयवस्तुलाई अझ स्पष्ट पार्ने तथा राम्ररी बुझाउन दिइने उदाहरण । २. प्रस्तुत तथा प्रासङ्गिक विषयसँग समानता दर्साउने अर्को कुरा, उपमा ।

**देवाधिदेव** - (तत्स) [देव+अधि+देव] ना. देवचाका पनि देवता, ठुला देवता (उदा. देवाधिदेव शिव) ।

**नेपोलियन** - ना. फ्रान्सका एक प्रसिद्ध योद्धा, सौन्य नेता, फ्रान्सेली राज्यक्रान्तीमा ठुलो भूमिका निर्वाह गर्ने व्यक्ति ।

**नैष्ठिक** - (तत्स) [<निष्ठा+इक] वि. आफ्नो धर्म र सदाचारको पालना गर्ने, सदाचारी, निष्ठावान् (उदा. नैष्ठिक व्यक्ति, नैष्ठिक आचरण) ।

**नैबेद** - ना. देवीदेवतालाई चढाएको खानेकुरा, प्रसाद, नैवेद्य । पूजा सकिएपछि सबैलाई नैबेद बाडिँयो ।

**नैवेद्य** - (तत्स) [<निवेद+य] ना. हे. नैबेद ।

**परचक्री** - (तत्स) [पर+चक्र+ई] वि. १. पराई, अन्यत्री, विप. आफन्त । २. अपरिचित व्यक्ति, पराइ मान्छे ।

**परलोक** - (तत्स) [पर+लोक] ना. १. मृत्युपछि पुगिन्छ भन्ने ठानिएको, स्वर्ग । २. मृत्यु, मरण ।

**बाल्मीकि** - ना. संस्कृतका प्रसिद्ध साहित्यकार, हिन्दु धर्मको पवित्र धार्मिक ग्रन्थ महाभारतका रचनाकार ।

**ब्यारेक** - ना. सैनिकहरु बस्ने सरकारी छाउनी, सैनिक शिविर ।

**भर्सेली** - [भर्स+एली] ना. चुलाको चम्कानेरको सम्म ठाँउ । भातको भाडाँ एकछिन भर्सेलीमा राखियो ।

**भुसुक्कै** - (अमु) क्रियो. १. बिर्सदा, निदाउँदा, डढ्दा, निभ्दा, वा बिग्रदाको किसिम । मैले झोला भुसुक्कै बिर्सेछु । ना.२. विनाश, वरवाद, सखाप । गाईले मकै भुसुक्कै पारेछ ।

**भ्याकुर** - ना. तरुलका जस्ता लहराका जरा वा आख्लाहरुमा बाटुलो आकारको फल फल्ने एकप्रकारको कन्द । (उदा. तरुल भ्याकुर) ।

**माहात्म्य** - (तत्स) [<माहात्मा+य] ना. १. देवीदेवता, महापुरुष आदिको महिमा वा ब्रच, उपासना आदिको वर्णन भएको ग्रन्थ । २. कसैको गुण, महत्वको वखान, गुणगान, महिमा ( उदा.गुरुको माहात्म्य) ।

**लिङ्कन** - अमेरिकाका १६ औं राष्ट्रपति, राजनीतिज्ञ, कानुनविद् ।

**लेनिन** - ना. रसियन राजनीतिज्ञ ।

**विस्मार्क** - ना. जर्मनका पहिलो शासक ।

**वेदव्यास** - (तत्स) [वेद+व्यास] ना. महाभारत र अठार पुराणका रचयिता मानिने एक ऋषि, वेदलाई ४ भागमा विभाजन गर्ने व्यास ऋषि ।

**संहार** - (तत्स) [सम्+हार] ना. १. बिगार्ने वा ध्वस्त पार्ने काम, विनाश, ध्वंश । २. काटाकाट, मारामार, हत्या, हिंसा । ३. निचोड, समाप्ति ।

**सत्यवादी** - (तत्स) [सत्य+वादी] वि. १. साँचो बोल्ने, सत्यनिष्ठ, सत्यवान् । २. दृढप्रतिज्ञ ।

**सदाचारी** - (तत्स) [सदाचार+ई] वि. सदाचारमा रहने, असल आचरण भएको, मर्यादामा बस्ने, नैतिक ।

**सर्वकालीन** - वि. सबै समय, कालमा ।

**सर्वदेशीय** - वि. सबै देशमा ।

**सर्वधर्मीय** - वि. सबै धर्ममा ।

**सामर्थ्य** - (तत्स) [<समर्थ+य] ना. १. समर्थमा हुने गुण, सर्मथता । २. योग्यता, क्षमता । ३. बल, शक्ति ।

**सार्त्र** - ना. फ्रान्सेली साहित्यकार, दार्शनिक ।

**सुरक्षा** - (तत्स) [सु+रक्षा] नाा. १. जोगाउने माम, बचाउने काम, रक्षा, बचाब । २. रेखदेख, हेरचाह ।

**सौभाग्य** - (तत्स) [<सु+भाग्य] ना. १. सुख तथा समृद्धिको परिस्थिति वा त्यस्तो अवसर, भाग्य । २. मङ्गल कल्याण । तिम्रो सौभाग्य बढोस् । ३.सधवा नारीको पन, सौभाग्यवतीको विशेषता वा चिनाने । ४. सधवा नारीको शृङ्गार, सुन्दरता ।

**हाउडी** - वि. गम्भीरता नभएको, हलुका स्वभावको, अविश्वसनीय । २. उडन्ते कुरा गर्ने, फन्टुस ।

## पाठ : १४
## म सडक बोल्दै छु (कविता)

**अपेक्षा** - (तत्स) [अप+ईक्ष+आ] ना. १. कुनै पनि कुरा पाउने आशा, इच्छा, चाहना । २. दाँजो, तुलना । गत सालको अपेक्षा यसपालि धानको उत्पादन बढ्ने देखिन्छ ।

**कबाज** - (आ) ना. सैनिकहरुलाई खुला चैरमा गराइने शारीरिक व्यायाम वा त्यस्तो प्रक्षिण, परेड ।

**कवाज** - (आ) ना. हे. कबाज ।

**खत्तम** - (आ) ना. १. कुनै कामको समाप्तिक, अन्त्य । २. विनाश, नाश, वरवाद, विध्वंश । ३. मृत्यु, अवसान । ४. गुज्रिएको, ज्यादै खराब ।

**गिर** - (आ) ना. काठको भकुन्डो ।

**चिप्लेटी** - [चिप्लो+एटी] ना. १. भिरालोमा चिप्लिएर खेल्ने एकप्रकारको खेल । २. चिप्लिएर खेल्ने साधन । बाल्यकालमा चिप्लेटी खेल्न खुब रहर लाग्थ्यो ।

**झुर** - वि. १. खरिएको, सुकेको, झुरो । २. काम नलाग्ने, बिकामे, थोत्रो, रद्दी (उदा. झुर सामान, झुर काम) ।

**तर्साउने** - [तर्स+आउ+ने] वि. १. त्रास देखाउने, डर लाग्दो कुराबाट झस्काउने । २. भुतप्रेत, हाउगुजी आदि ।

**त्रासद** - (तत्स) [त्रास+द] वि. १. त्रास बढाउने, डर उत्पन्न गराउने । २. अत्यन्त पीडादायी, दर्दनाक ।

**थकित** - [थाक+इत] वि. थाकेको, गलित, थकाइले गलेको ।

**निश्चित** - (तत्स) [निस्+चित] ना. १. पक्का, निधो गरिएको, निधो भएको (विप.अनिश्चित) २. तोकिएको, खास । ३. निर्णय, टुङ्गो ।

**फन्को** - [फन्क+ओ] ना. १. घुम्ने काम, डोरी आदिको बँधाइका पटक, फेरो आदि ।

**बेकाल** - ना. काल नआएको, काल नआइकन ।

**भेल** - ना. झरीले आकाशबाट बर्सेको पानी सँगेलिएर नदी आदिमा उर्लेको जलप्रवाह, ठुलो भल, बाढी ।

**रद्दी** - (आ)[रद्द+ई] वि. १. काम नलाग्ने, बेकम्मा, व्यर्थको । ना. २. फोहोर मैला कसिङ्गर ।

**लाञ्छित** - (तत्स) [लाञ्छ+इत] वि. १. लाञ्छना लगाइएको, कलङ्कित, दोषी । २.आरोपित, अभियुक्त ।

**शब्दहीन** - वि. अनुभुत विषयवस्तुलाइ व्यक्त गर्न कुनै ध्वनि वा वर्ण नभएको अवस्था । उसको अवस्था देखेर हामी शब्दहीन भयौ ।

**सम्भार** - (तत्स) [सम्+भार] ना. १. समालेर राख्ने काम, जोगाएर राख्ने काम, जतन ।

## पाठ : १५
## टीका

**अर्पझ्ट** - क्रियो. अकास्मात्, अचानक, एक्कासि ।

**खिन्न** - (तत्स) [खिद्+न] वि. चिन्तित, दिकदार, उदास, दिक्क ।

**खोपा** - [खोप+आ] ना. खोपो परेको ठाँउ, खोच, चेपो ।

**चचहुई** - [चच+हुइ] ना. १. पिङ खेल्दा वा रुखको हाँगा वा लहरा समाई मच्चिदाँ भनिने शव्द । २. वर र पर गरिरहँदा वा कहिले यता र कहिले उता पुग्दाको अवस्था, अनिर्णय ।

**चारकुने** - [चार+कुनो+ए] वि. चार कुना भएको, चारपाटे, वर्गाकार वा आयतकार ।

**चिरञ्जीवि** - [चिरम्+जीवि] वि. धेरै समयसम्म बाँच्ने, लामो आयु भएको, दीर्घजीवि ।

**जहान** - (आ) ना. १. एउटै घरमा बस्ने र एकै भान्सामा खाना खाने मानिसको समुह, परिवार २. पत्नी, स्वास्नी । ३. पति, लोग्ने ।

**टुकी** - ना. धातुको भाँडामा मट्टीतेल हालेर सलेदो राखी बालिने बती वा त्यस्तो बत्तीको भाँडो, डिबिया, कुपी ।

**डाँक** - (आ) ना. १. हुलाकद्वारा चिठी, पत्र आदि ओहोरदोहोर गराउने व्यवस्था । २. यात्रु वा सबारीको पहिलो टोली, अग्रिम दल ।

**डिबिया** - [डिब्बा+इया] ना. हे. टुकी ।

**ढिको** - ना. नफोरिएको तथा नधुलिएको डल्लो ।

**देश पस्नु** - विदेश जानु ।

**पुकार** - (तत्स) [पु+कार] ना. हे. पुकारा ।

**पुकारा** - (तत्स) [पुकार+आ] ना. १. कसैलाई टाढाबाट ठुलो आवाजले बोलाउने काम । २. सङ्कट पर्दा गुहार्ने काम, गुहार । ३. बिन्ती, प्रार्थना, अनुनय ।

**बर्ख** - ना. १. साल, वर्ष २. उमेर

**बा** - ना. बाबु, बुबा, पिता ।

**बा** - नि. अनुनेय, स्नेह आदि जनाउन प्रयोग हुने शब्द । यति काम गर बा ।

**मुद्रा** - (तत्स) [मुद्र+आ] १. पैसा, सिक्का । २. छाप, प्रतीक । ३. नाक कान औँलो आदिमा लगाइने गोलो एकप्रकारको वस्तु; मुन्द्रो, मुन्द्री, औँठी । ४. परम्परागत छापाखानामा छपाइका निमित्त प्रयोग हुने उल्टो अक्षर काटिएका धातुका टुक्रा (टाइप) ।

**मुद्रा** - [मुद्र+आ] ना. १. नृत्य गर्दा शारीरिक अङ्ग सञ्चालनका विभिन्न क्रिया, स्थिति । २. योग ध्यान गर्दा मुख्यत : हालको सञ्चालनद्वारा गरिने विभिन्न सङ्केत वा अवस्था । ३. मनको भाव देखिने शरीरका विभिन्न आकृति वा स्थिति ।

**मैना** - ना. कालो जिउ र पंहेलो चुच्चो हुने सिकाएको कुरा सुगा जस्तो बोल्ने एक जातको चरो, सरिका ।

**हंस** - (तत्स) ना. १. चेतना, होस, सुद्धि । २. प्राण, आत्मा । मेरो हंसले ठाँउ छोड्यो ।

**हंस** - (तत्स) ना. हे. हाँस ।

**हंसले ठाँउ ओड्नु** - चेतना हराउनु ।

## पाठ : १६
## माउजङ बाबुसाहेबको कोट

**अजेय** - (तत्स) [अ+जेय] वि. जित्न नसकिने, अपराजेय (उदा.अजेय शक्ति, अजेय सेना) ।

**अपहरण** - [अप+हरण] ना. १. कसैको माल वा सम्पत्ति लुट्ने काम, लुट । २. कसैलाई जबरजस्ती लिएर जाने काम, हरण (उदा. यात्रुहरुको अपहरण) । ३ यान वा वाहनलाई जबरजस्ती अर्कै दिशातिर लैजाने काम, अपचलन ।

**अभिमान** - (तत्स) [अभि+मान] ना. १.आफुलाई ठुलो ठान्ने भावना वा त्यस्तो सोचाइ, घमन्ड, अहङ्कार, गवै । २. आफ्नो योग्यता, दक्षता वा प्रतिष्ठाको गौरव ।

**अभ्यस्त** - (तत्स) [अभि+अस्त] वि. १.अभ्यास गरिएको, अभ्यासले गर्दा बानी परेको । २. निपुण, दक्ष, विप. अनभ्यस्त । उनी साइकल चलाउनमा अभ्यस्त छिन् ।

**अवश्य** - (तत्स) [अ+वश्य] क्रियो. १. निश्चय, पक्का वा जरुर भन्ने अर्थ बुझाउनका लागि वाक्यमा प्रयोग हुने शब्द । २. अरुले भनेको कुराको समर्थन जनाउन वाक्यको अगाडि आउने शब्द ।

**अवश्मेव**- (तत्स) [अवश्यम्+एव] क्रियो. हे. अवश्य ।

**असीम**- (तत्स) [<अ+सीमा] वि. १. सीमा नभएको, हद तोक्न नसकिने, असीमित, विप. सीमित । २. अपार, अथाह, वेहद ।

**अहङ्कार** - (तत्स) [अहम्+कार] ना. १. आफुलाई ठुलो ठान्ने स्वभाव, घमन्ड, मपाइँ । २. तडकभडक, भड्किलोपन ।

**आघात** - (तत्स) [आ+घात] ना. १. अकास्मात् हुने प्रहार, धक्का, ठक्कर, चोट । २. मानसिक कष्ट, पीडा । परीक्षामा छोरी अनुर्तीण हुदाँ उसलाई आघात पर्‍यो । ३. हानी, नोक्सानी । ४. वाक्य वा शब्दहरुको उच्चारण गर्दा खास अक्षर वा शब्दमा दिइने जोड, स्वराघात, बलाघात ।

**आतङ्क** - (तत्स) ना. १. अन्याय तथा अत्याचारको पीडा वा त्रासबाट हुने अन्योल, अत्यास । २. महामारीको प्रकोपबाट हुने सन्त्रास, विपत्ति ।

**आवेग** - (तत्स) [आ+वेग] ना. १. मनमा आकस्मात् उठ्ने खलबली, मनको असामान्य स्थिति, मनोविकार, आवेश । २. मानसिक उत्तेजना, झोक, रिस । रिसको आवेगमा मैले उसले भनेको कुरा सुनिनँ । ३. समुन्द्रको छाल, नदीको
उद्वेग वा भेल ।

**आर्द्रता**- (तत्स) [आर्द्र+ता] ना. चिसोपना, रसिलोपन, ओस ।

**इख** - ना. हे. ईख ।

**इस्त्री** - (आ) ना. कोइला वा बिजुलीको तापले लुगालाई सम्याउने साधन,  आइरन ।

**उत्कण्ठा** - (तत्स) [उत्+कण्ठ +आ] ना. कुनै विषयबारेमा जान्ने, अनुभव गर्ने वा हेर्ने उत्सुकता, जिज्ञासा, खुलदुली । मलाई महाभारत पढ्ने उत्कण्ठा बढेको  छ ।

**उद्दण्ड** - (तत्स) [उत्+दण्ड] वि. १. नियम वा अनुशासनामा नबस्ने, उत्ताउलो, उच्छृङ्खल, उज्जन्ड । २. अभद्र, छाडा, उग्र स्वभावको ।

**उद्विग्न** - (तत्स) [उत्+विग्न] वि. १. आवेग तथा संवेगले आकुल, व्याकुल, डर तथा त्रासले आतङ्कित, चिन्तित, सन्तप्त । २. हडबडाएको । ऊ परीक्षामा असफल हुने डरले उद्विग्न भएको छ ।

**उद्वेग** - (तत्स) [उत्+वेग] ना. १. मनको हडबडी, आवेग, आवेश । २. तीव्र वेग ।

**ऊनी** - (ऊन+ई) ना ऊनको धागोबाट बनेको, ऊनको । (ऊनी कपडा, ऊनी धागो)

**ओभरकोट** - (आ) [ओभर+कोट] ना. घुडाँमुनी सम्म पुग्ने लामो कोट, लम्बुकोट ।

**कथञ्चित** - (तत्स) [कथम्+चित्] क्रियो. कुनै परिस्थितिमा, अर्को स्थिति भएमा, अन्याथा, कदाचित् ।

**कदाचित्** - (तत्स) [कदा+चित्] क्रियो. हे. कथञ्चित् ।

**कायाकल्प** - (तत्स) [काया+कल्प] वि. १. औषधी उपचारद्वारा तन्दुरुस्त बनेको, तरुनोपन आएको । ना. २. व्यापक परिवर्तन, उलटपुलट, दश वर्ष नबित्दै यस सहरको कायाकल्प भएछ ।

**कालिगड** - (आ) ना. १. धातु, पत्थर, काठ आदिको शिल्पसम्बन्धी वा हस्तकला सम्बन्धी काम गर्ने व्यक्ति, शिल्पकार, शिल्पी । २. कलपुर्जा आदि जडान गर्ने व्यक्ति, मिस्त्री ।

**केन्द्राकर्षण** - मुख्य रुपमा ध्यान तान्ने ।

**क्रोधी** - (आ) वि. क्रोध गर्ने, रिसाहा, झोकी ।

**क्षमाशील** - (तत्स) [क्षमा+शील] वि. सहनशील, क्षमावान्, सहिष्णु । सन्तहरु क्षमाशील हुन्छन् ।

**क्षोभ** - ना. कसैको अनुचित व्यवहाप्रति देखाइने आवेश, आपत्तिजनक कार्यप्रति जनाइएको आक्रोश वा वा क्रोध ।

**क्लेश** - (तत्स) ना. मानविय कष्ट, मनोव्याथा, छटपटी । यस ठाँउमा आएपछि उसको मनको क्लेश हट्यो ।

**खिल्ली** - चुरोट, बिँडी, पान आदिको एकाइ ।

**खिल्ली** - [खिल्ल+ई] ना. हस्सी, उपहास, मजाक । उनले मेरो विचारको खिल्ली उडाइन ।

**गुरुता** - (तत्स) [गुरु+ता] ना. १. गुरु हुनुको स्थिति, गुरुमा हुने गुण वा विशिष्टता । २. गहकिलो, गहनता, गरिमा, गुरुत्व ३. भार, बोझ ।

**गुरुत्व** - (तत्स) [गुरु+त्व] ना. हे. गुरुता ।

**गौरवशाली** - (तत्स) [गौरव+शाली] वि. १. महत्वपूर्ण, महिमाले युक्त, गौरवान्वित । २. प्रतिष्ठित, सम्मानित, उत्कर्षपूर्ण । गुरु गौरवशाली पदमा र्निवाचित हुनु भएकोमा हामी धेरै खुसी छौ ।

**चक्षु** - (तत्स) ना. १. आखाँ, नेत्र । २. दृष्टि, हेर्ने शक्ति ।

**जफत** - (आ) ना. १. कसैको धनमफ आफ्नो अधीनमा लिने काम, हडप्ने काम । २. जबरजस्ती खोसेर तानेर लिने काम, थिचोमिचो ।

**जेब** - (आ) ना. खल्ती, गोजी (जेबखर्च, जेबघडी) ।

**ठुल्याइँ** - ठुलो हौँ भन्ने भाव ।

**ठेलमठेल** - ना. १. धेरै जनामा एकले अर्कालाई ठेल्ने तथा धकेल्ने काम, धक्काधक्की, ठेलाठेल ।

**तन** - ना. शरीर, जिउ । उनी तन, मन, धन लगाई समाज सेवामा लागेका छन् ।

**तात्कालिक** - (तत्स) [तत्काल+इक] वि. १. त्यस बेलाको, त्यस समयको, तत्कालीन । २. त्यस क्षणको, तत्कालिक ।

**तीक्ष्ण** - (तत्स) वि. १. तिखो, धारिलो । २. तेजिलो, टाठो । ३. तिख्खर तीव्र (उदा. तीक्ष्ण स्वर, तीक्ष्ण स्वाद) ।

**त्रिपाई** - [त्रि+पाउ+इ] ना. तिनवटा पाउ वा खुट्टा भएको काठ, फलाम आदिको बस्ने साधन, तिनखुट्टे बस्यौटो ।

**दामी** - [दाम+इ] वि. धेरै दाम पर्ने, महँगो, बहुमूल्य (उदा. दामी कपडा, दामी सामान) ।

**दौडाहा**- [दौड+आहा] ना. १. अन्तर्गतका कार्यालयको कामको निरीक्षण गर्न उच्च अधिकृतद्धारा गरिने भ्रमण । कार्यलयको निरीक्षणका लागि दौडाहा खटिएको छ । २. खास क्षेत्र वा जिल्लाको वस्तुस्थिति बुझ्रेर समस्या समाधान गर्न खटाइने अधिकार सम्पन्न व्यक्ति वा टोली । ३. आक्रामक रोग, हृदयघात, दौरा, चक्कर ।

**धसिनु** - [धस्+इ+(नु)] ककि. १. धस्ने काम गरिनु, रगेडिनु, धसारिनु, घोटिनु । २. रोपिनु वा गाडिनु । जमिनमा लौरो धसियो । ३. तल झर्नु, भासिनु, धस्कनु । ४. दलिनु, पोतिनु । अनुहारमा मोसो धसियो । ५. काममा लागिपर्नु, कसिएर लाग्नु । आफूले त पढाइमा घुँडा धसियो ।

**धृष्टता** - (तत्स) [धृष्ट+ता] ना. १. ढिठोपन, जिद्दी, हठ, उर्घेल्याइँ । उसले अनुमतिविना सभामा बोल्ने धृष्टता गऱ्यो । २. उद्दण्डता । ३. निर्लज्जता ।

**निरीक्षण** - (तत्स) [निर्+ईक्षण] ना. १. कुनै कार्य तथा गतिविधिको रेखदेख, हेरविचार । २. जाँच । जिल्ला शिक्षाअधिकारीले विद्यालयको निरीक्षण गरे ।

**निर्विकार** - (तत्स) [निर्+विकार] वि. १. विकार नहुने, अन्य कारणले प्रभावित वा विकृत नभएको, अविकृत । २. नबदलिने, परिर्वतन नभएको । जहिले पनि उसको अनुहार निर्विकार देखिन्छ ।

**प.क.ज** - राणाकालमा पश्चिमतिरको कमान्ड गर्ने जर्नेल, पश्चिमतिरको कमान्डिङ जर्नेल ।

**परिपालक** - (तत्स) [परि+पालक] वि. १.राम्ररी परिपालन गर्ने, पालनपोषण गर्ने । ना.२. सरंक्षक ।

**परिमेय** - (तत्स) [<परि+मा+य] वि. १. परिमाण लिन सकिने, नाप्न तथा तौलन लायक, विप. अपरिमेय ।

**प्रलय**- (तत्स) [प्र+लय] ना. १. सृष्टिको विनाश, विप. सृष्टि । २. संसारका सबै दुष्ट वस्तुहरुको मूलतत्वमा विलीन हुने स्थिति वा प्रक्रिया । ३. सर्वनाश । ४. अकल्पनीय स्थिति, अथाह, भार, ठुलो सङ्कट । उसलाई कामको प्रलय पऱ्यो ।

**प्रसङ्ग** - (तत्स) [प्र+सङ्ग] ना. १. कुनै कार्य वा विषयको सन्दर्भ, परिवेश, प्रकरण । उसको विवाहको प्रसङ्ग चल्यो । २. कामकुराको सिलसिला वा कम । ३. मौका, अवसर ।

**बकस** - (आ) ना. ठुलाबडाले कुनै व्यक्तिका गतिविधिबाट सन्तुष्ट भएर दिइने पुरस्कार, बक्सिस, परितोषिक । उसले रामलाई जग्गा बकस दियो ।

**बग्गी** - (आ) ना. बस्ने गद्यादार सिटहरु भएको घोडाले तान्ने एक प्रकारको सवारी साधन ।

**बडप्पन** - [बडो+पन] ना. १. आफुलाई ठुलो मान्ने प्रवृति, फुर्ती, घमन्ड । ऊ मसगँ बडप्पन देखाउँछ । २. गौरव, स्वाभिमान । ३. महानता, उदारता ।

**बडा हाकिम** - [बडा+हाकिम] ना. १. पहिलेको जिल्लाको प्रमुख प्रशासक, प्रमुख जिल्ला अधिकारी । २. ठुलो हाकिम ।

**बर्बरता** - [बर्बर+ता] ना. १. बर्बर व्यक्तिमा हुने प्रवृति, असभ्यता, जङ्गलीपन । २. क्रुरता, निष्ठुरता ।

**बिर्ता** - ना. कुनै साहसिक वा महत्वपूर्ण काम गरेबापत तिरो नतिरी भोग गर्न राजाबाट प्राप्त भएको जमिन । मध्यकालीन नेपालमा बिर्ता दिने प्रथा थियो ।

**बेपरवाह** - [बे+परवाह] वि. १. वास्ता नगरिएको, निस्फिकि, लापरवाह, उसको भाइ खानपानमा बेपरवाह छ । क्रियो.२. परवाह नगरिकन, निस्फिकिसाथ, जथाभाबी । उसले विवाहमा बेपरवाह खर्च गऱ्यो ।

**भयत्रस्त** - ना. डरलाग्दो ।

**भारत** - ना. १. दक्षिण एसियाको एक विशाल देश, नेपालको सिमाना जोडिएको देश । २. भारतवर्ष ।

**महिमा** - (तत्स) [<महत्+इमा] ना. १. प्रभापशाली स्थिति, महत्व, गुरुत्व, गरिमा (उदा. विद्यालयको महिमा) । २.प्रसिद्धि, ख्याति, माहात्म्य, प्रशंसा । (उदा. ईश्वरको महिमा, जनताको महिमा) ।

**मानस** - (तत्स) वि. मनसम्बन्धी, अर्न्तहृदयले मानेको, मानसिक, आन्तिरिक । (उदा. मानस पुत्र, मानस गुरु) ।

**मारपिट** - [मार+पिट्] ना. १. मार्ने तथा पिट्ने काम, पिटापिट । दुईपक्षका बिचमा मारपिट भयो । २. मारकाट, मारामार, काटाकाट ।

**मुस्लो** - [<मुसल+ओ] ना. १. दन्केको ठुलो ज्वालो, लप्को (उदा. आगोको मुस्लो । २. बादल, हावा हुरी आदिको उर्लंदो तथा बेगिलो लहर (उदा. बादलको मुस्लो, धुँवाको मुस्लो) । ३. पानीको र्दर्को, र्देको वर्षा, पानीको प्रवाह । ४. मासुको पिण्ड, लोला । ५. रिसको आवेग ।

**मूक** - (तत्स) वि. १. बोल्न नसक्ने, बोली नभएको (उदा. मूक प्राणी) । ना. २. बोल्न नसक्ने व्यक्ति, लाटो, गोज्याङ्ग्रो । ३. ठाँउ पर्दा पनि बोल्न नसक्ने, निमुखा, निरीह ।

**रफ्फु** - (आ) ना. प्वाल परेको लुगालाई उस्तै रङ देखिने गरी मिही बनाएर बुन्ने काम वा त्यस्तो बुनाइ ।

**राजसी** - (तत्स) [<रजस+ई] वि. १. राजाका लागि उपयुक्त, राजालाई  सुहाउने । २. रजोगुणसम्बन्धी, सुखसयलसँग सम्बन्धित, सौखिन, धाकी । (उदा. राजसी चाला) ।

**रैती** - (आ) ना. १. सामन्ती समाजमा सर्वसाधारणलाई जनाउने शब्द, दुनियाँ, प्रजा, जनता । २. जग्गाधनीको खेतबारी कमाउने व्यक्ति, मोही ।

**लय** - (तत्स) [<ली+अ] ना. १. गीत वा कविता आदि गाउँदा हुने स्वरको उतारचढाव, आरोह-अवरोह, लेग्रो । २. तल्लीनता, एकाग्रता

**लेमन** - ना. हे. कागति ।

**वस्तुतः** - (तत्स) [वस्तु+तः] क्रियो. कुनै भनाइ वा वर्णनका निष्कर्ष दिने सन्दर्भमा वाक्यको अगाडि आई प्रयोग हुने शब्द, वास्तवमा, साँचो रुपमा, यर्थाथतः । वस्तुतः ऊ इमान्दार मान्छे हो ।

**विरुप** - (तत्स) [वि+रुप] वि. १. रुप खराब भएको, भद्दा आकृतिको, कुरुप । फोहोरमा खेलेर बच्चाहरु कुरुप भए । २. शोभा वा कान्ति नभएको, फुस्रो ।

**विषाद** - (तत्स) [<वि+साद] ना. १. चाहेको कुरा प्राप्त नहुँदा वा नचाहेको कुरा हुदाँ मनमा उत्पन्न हुने दुःख, खिन्न्ता, खेद, २. उदासिनता, नैराश्यता, दिकदारी ।

**सखाप** -  (आ) ना. १. ध्वस्त पार्ने काम, नाश, विनाश । गाईले बारीको मकै सखाप पारेछ । २. सिद्ध्याउने काम, समाप्ति ।

**साध्य** - (तत्स) [साध्+य] वि. १. सिद्ध गर्नुपर्ने, सिद्ध गर्न सकिने, पूरा गर्न सकिने (उदा. साध्य कार्य, साध्य विषय) । २. सम्भव हुने, सम्भाव्य । ३. निको पार्नुपर्ने, निको पार्न सकिने, विप. असाध्य । ना. ४. कुनै साधन वा माध्यमद्धारा प्राप्त गर्नुपर्ने कुरा, लक्ष्य उद्देश्य । साधनविना साध्य प्राप्त गर्न कठिन छ । ५. गणितका नियमद्धारा प्रमाणित गर्नुपर्ने हिसाब वा रेखाचित्रलाई नियममा घटाएर देखाउनुपर्ने विषय । (उदा. ज्यामितिका साध्यहरु) ।

**हिन्दुस्थान** - (तत्स) [<हिन्दु+स्थान] ना. हे. भारत ।

**हिफाजत** - (आ) ना. जोगाएर राख्ने काम, जोहो, जगेडा, सुरक्षा, जतन ।

# अध्यायः पाँच

## सारांश, निष्कर्ष तथा सुझाव

### सारांश

प्रस्तुत नमूना कोशमा समावेश गरिएका ७०० शब्दमध्ये प्रस्तुत गरिएको सूचनाको विवरण सारांशमा यसप्रकार रहेको छ : पाठ एकमा ७५ ओटा शब्दहरको अर्थ दिइएको छ । जसमध्ये ५७ ओटा तत्सम र ३ ओटा आगन्तुक शब्दहरु रहेका छन् । १२ ओटा शब्दलाई वाक्यमा प्रयोग गरिएको छ । उदाहरण १३ ओटा, विपरीतार्थी शब्दहरु ९ ओटा र २ ओटा उखान टुक्का पनि समावेश गरिएको छ । पाठ दुईमा २८ ओटा शब्दहरु समावेश गरिएको छ । १८ ओटा तत्सम र ६ ओटा आगन्तुक शब्दहरु रहेका छन् । तिन ओटा शब्दको वाक्यमा प्रयोग, छ ओटाको विप., उदाहरण १ समावेश गरिएको छ । पाठ तिनमा रहेका ६२ शब्दहरु मध्ये, ४७ ओटा तत्सम र ७ ओटा आगन्तुक शब्दहरु दिइएका छन् । ११ ओटा शब्दलाई वाक्यमा प्रयोग, ९ ओटा उदाहरण, ९ ओटा शब्दको विप. पनि दिइएको छ । पाठ चारमा रहेका ३० शब्दमध्ये, १८ ओटा तत्सम र ३ ओटा आगन्तुक शब्दहरु रहेका छन् । ५ ओटा विपरीतर्थी र २ ओटा शब्दलाई वाक्यमा प्रयोग समेत गरिएको छ । पाठ पाँचमा रहेका ३६ शब्दहरु मध्ये, २० ओटा तत्सम र ५ ओटा आगन्तुक शब्दहरु दिइएका छन् । ४ ओटा शब्दलाई वाक्यमा प्रयोग, ७ ओटा उदाहरण, २ ओटा शब्दको विप. पनि दिइएको छ । पाठ ६ मा भने थोरै मात्र कठिन शब्दहरु रहेका छन् जम्मा रहेका ८ शब्दहरु मध्ये, ५ ओटा तत्सम र २ ओटा आगन्तुक शब्दहरु दिइएका छन् । १ओटा शब्दलाई वाक्यमा प्रयोग, १ ओटाको उदाहरण समावेश गरिएको छ । पाठ सातमा रहेका ७० शब्दहरु मध्ये, २३ ओटा तत्सम र ९ ओटा आगन्तुक शब्दहरु दिइएका छन् । १९ ओटा शब्दलाई वाक्यमा प्रयोग, ६ ओटा उदाहरण, ४ ओटा शब्दको विप. पनि दिइएको छ । पाठ आठमा रहेका ४२ शब्दहरु मध्ये, १७ ओटा तत्सम र २ ओटा आगन्तुक शब्दहरु दिइएका छन् । ४ ओटा शब्दलाई वाक्यमा प्रयोग, ९ ओटा उदाहरण, ४ ओटा शब्दको विप. पनि दिइएको छ । पाठ नौमा रहेका ४८ शब्दहरु मध्ये, ३५ ओटा तत्सम र  १ ओटा आगन्तुक शब्दहरु दिइएका छन् । १८ ओटा शब्दलाई वाक्यमा प्रयोग, ५ ओटा उदाहरण, ४ ओटा शब्दको विप. पनि दिइएको छ । पाठ दशमा रहेका ४८

शब्दहरु मध्ये, ३४ ओटा तत्सम र ७ ओटा आगन्तुक शब्दहरु दिइएका छन् । १३ ओटा शब्दलाई वाक्यमा प्रयोग, ७ ओटा उदाहरण, ३ ओटा शब्दको विप. पनि दिइएको छ । पाठ एघारमा रहेका ५६ शब्दहरु मध्ये, १५ ओटा तत्सम र १४ ओटा आगन्तुक शब्दहरु दिइएका छन् । १६ ओटा शब्दलाई वाक्यमा प्रयोग, ८ ओटा उदाहरण, २ ओटा शब्दको विप. पनि दिइएको छ । पाठ बाह्र क्लारा जेटकिनको जीवनीबाट ३६ ओटा शब्दको अर्थ दिइएको छ । जसमध्ये ३३ ओटा आगन्तुक र ३ ओटा तत्सम शब्दहरु रहेका छन् । १० ओटा शब्दलाई वाक्यमा प्रयोग गरिएको छ भने २५ ओटाको उदाहरण र ५ ओटा शब्दको विप. पनि समेटिएको छ । पाठ तेह्रमा ४७ मध्ये १ ओटा आगन्तुक र १५ ओटा तत्सम शब्दहरु रहेका छन् । ६ ओटा शब्दलाई वाक्यमा प्रयोग गरिएको छ भने ४ ओटाको उदाहरण र १ ओटा शब्दको विप. पनि समेटिएको छ । पाठ चौधमा जम्मा १८ शब्दको अर्थ दिइएको छ । जसमध्ये ओटा ४ आगन्तुक र ५ ओटा तत्सम शब्दहरु रहेका छन् । १ ओटा शब्दलाई वाक्यमा प्रयोग पनि गरिएको छ । पाठ पन्ध्रमा २३ ओटा शब्दको अर्थ समावेश गरिएको छ । १३ ओटाको उदाहरण,३ ओटा शब्दको विप. र २६ ओटा शब्दलाई वाक्यमा प्रयोग गरिएको छ । यस पाठमा जम्मा ६ आटा तत्सम र २ ओटा आगन्तुक शब्दहरु रहेका छन् । पाठ सोह्रमा जम्मा ८० ओटा शब्दहरु समाविष्ट छन्, जसमध्ये १० ओटा आगन्तुक र ४३ ओटा तत्सम शब्दहरु रहेका छन् । २६ ओटा शब्दलाई वाक्यमा प्रयोग गरिएको छ, १३ओटाको उदाहरण र ५ ओटा शब्दको विप. पनि समेटिएको छ ।

## निष्कर्ष

प्रस्तुत शोधकार्यको शीर्षकले नै यसको सीमा निर्धारण गरेको छ । यो कोश कक्षा दशका बालबालिकाका लागि नमुनाका रूपमा तयार गरिएको हो । यस प्रकारको कोश निर्माण गर्न सकियो भने विद्यालय तहदेखि नै कोश हेर्ने र नेपाली भाषाका शब्दहरूको सही उच्चारण गरी शुद्ध प्रयोग गर्ने बानीको विकास गर्न सहज हुनसक्छ । यस शोध कार्यमा कक्षा दशको नेपाली पाठ्यपुस्तकमा रहेका कठिन शब्दहरुको पाठगत रुपमा वर्णानुक्रममा राखेर शब्दको स्रोत, शब्दवर्ग, अर्थ, उदाहरण, वाक्यमा प्रयोग, पर्याय, विपर्याय जस्ता पक्षहरु समावेश

गरिएको छ। कक्षा दशको नेपाली किताबमा रहेका कठिन शब्दहरु मात्र समावेश गरिएकोले यस कोशलाई पूर्ण कोश नभई नमुना नेपाली कोश भनिएको हो ।

प्रस्तुत कोशमा ७०० जति शब्द र तिनका अर्थहरु समावेश गरिएको छ। प्रायः सबै शब्दहरुको शब्दवर्ग र व्युत्पति देखाउने प्रयास गरिएको छ। आधा जति शब्दहरुको वाक्यमा प्रयोग पनि गरिएको छ र केही शब्दको पर्याय, विपर्याय, उदाहरण समेत समावेश गरिएको छ। स्नात्तकोत्तर उपाधिका लागि तयार पारिएको यस कोशले अन्य विविध नमूना कोश निमार्णमा सहयोग गर्ने छ ।

शब्दकोश निर्माण कार्य आफैँमा एका जटिल कार्य हो । अझ विद्यालय तहका बालबालिकाको क्षमता अनुसारका कठिन शब्दहरु खोजी गरी कोश निमार्ण गर्ने कार्य झन जटिल हुदाँ रहेछ। निरन्तर अध्ययन र अभ्यासको प्रतिफल स्वरुप प्रस्तुत नमूना कोश तयार पारिएको हो ।

शब्दकोश निर्माणका समस्याहरूमा नेपाली वर्णविन्यासलाई पनि लिन सकिन्छ । एक्काइसौँ शताब्दीमा आइपुग्दा पनि नेपाली हिज्जे वा वर्णविन्यासले स्थायी रुप ग्रहणागर्न सकेको छैन । एकदम लहडी रूपमा शब्दको स्वरूपमा फेरबदल गर्ने समस्याले भाषालाई अमर्यादित र टुङ्गो नलागेको अवस्थामा पुऱ्याएको छ । यसलाई कसैले जीवन्त भाषा परिवर्तनशील हुन्छ भन्ने तर्क दिएर पन्छिन खोज्छ भने त्यो क्षणिक तर्कका लागि तर्क मात्र साबित हुन सक्छ। वर्णविन्यास सम्बन्धी अन्योलताले नमूना कोश निमार्णको क्रममा अझ बढी कठिन स्थिति आइपऱ्यो । कक्षा दशको नेपाली किताबमा प्रयुक्त वर्णविन्यास र नेपाल सरकारबाट स्वीकृत वर्णविन्यास फरक फरक रहेकाले यसमा बढी असहज परिस्थितिको सामना गर्नपरेको छ। यसका साथै नेपाल बहुविविधतामा एकताले समृद्ध हुनु, विज्ञान र प्रविधिको विकासमा तीव्रता आदि कारणले नेपाली भाषाको स्तरीय र मानक रुप छुट्याएर मानक कोश निमार्ण गर्नु एक कठिन कार्य हो। यी विविध समस्यासगँ जुध्दैँ, निरन्तर अध्ययन र अनुसन्धानको प्रतिफल स्वरुप यो नमूना कोश तयार पारिएको हो।

कक्षागत र विषयगत रुपमा कोश निमार्ण नगरिनु, शब्दकोश प्रयोगको अभाव रहनु, कतिपय विद्यालयमा शब्दकोश नहुनु, शब्दकोश भएतापनि आवश्यकता अनुसार प्रयोग नगरिनु, नेपाली विषय शिक्षकले मात्र शुद्ध बोल्नु र लेख्नुपर्छ भन्ने मान्यता राखी अरुले कालो वा सेतो पाटीमा समेत अशुद्ध प्रयोग गर्नु जस्ता कारण नेपाली भाषा भाषाको खितडी बन्न पुगेको छ।

यस्तो कठिन परिस्थितिमा पनि विद्यालय तहको कक्षागत र विषयगत शब्दकोश निमार्ण गर्दा शिक्षक, विद्यार्थी र सरोकारवाला सबै पक्षलाई फाइदा हुने ठानी पा. डा. हेमाङ्गराज अधिकारीको प्रयोगात्मक नेपाली शब्दकोशलाई आधार मानी यो नमूना शब्दकोश तयार पारिएको छ ।

यो नमूना कोशका उपयोगिता निम्न रहेका छन् :

१) कठिन शब्दको अर्थ थाहा पाउन ।

२) शब्दको शब्द निमार्ण प्रकिया थाहा पाउन ।

३) शब्दवर्ग पहिचान गर्न ।

४) उदाहरण, वाक्यमा प्रयोग आदिबाट शब्दको अर्थ प्रस्ट हुन ।

५) पर्यायवाची, अनेकार्थी र विपरीतार्थी शब्दहरु पत्ता लगाउन ।

६) शब्दकोशको सही र प्रभावकारी रुपमा प्रयोग गर्न ।

७) भाषाको मानक रुपसगँ परिचित हुन ।

८) शब्दहरुको शुद्ध उच्चारण थाहा पाउन ।

९) शब्दको शुद्ध हिज्जे प्रयोग गर्न ।

१०) शब्दहरुलाई कोशीय अनुकममा राख्न ।

## सुझावहरु

नेपाली भाषा नेपालको राष्ट्र भाषा, सरकारी कामकाजको भाषा, सञ्चारको भाषा, शिक्षाको माध्यम भाषा हो । नेपाल बहुविविधतामा रमेको देश हो । यहाँ विविध जात, जाति, भाषा भाषी रहेका छन् । नेपालका विविध जातजाति र भाषाभाषीले बोल्ने नेपाली भाषामा स्तरीयता र प्रभावकारीता ल्याउनक लागि विविध किसिमको शब्दकोश निमार्ण र उचित प्रयोग गर्नु अति आवश्यक र महत्वपूर्ण कुरा हो । नेपाली भाषा र अन्य राष्ट्रिय तथा अन्तराष्ट्रिय भाषाबिच समन्वय गरी विविध द्विभाषिक तथा बहुभाषिक कोश निमार्णका लागि पनि विविध सरोकारवाला निकायले पहल गर्नुपर्छ ।

नेपाली भाषाका विकास र विस्तारमा विगतदेखि वर्तमान सम्म विभिन्न स्वदेशी तथा विदेशी विद्वानहरुले एकभाषी, द्विभाषी तथा बहुभाषी कोशको विकासमा दिइएको देन महत्वपूर्ण रहेको छ ।

कोश निमार्ण आफैँमा एक जटिल कार्य हो, भनिन्छ समय र धैर्यका कुवेरले पनि धर्मराउने स्थिति आँउछ । त्यसैले यो कार्य सहजताका साथ सम्पन्न गर्न निरन्तर अध्ययन र मेहनतका साथै सहज वातावरणको आवश्यकता पर्दछ ।

कोश निमार्ण कार्यलाई प्रभावकारी बनाउन नीति निमार्ण तह, कार्यान्वयन तह र अनुसन्धान तह सबैले खेल्नुपर्ने भुमिका समान रहेको छ । हरेक तहका लागि सुझावहरु निम्नानुसार रहेका छन् :

### नीति निर्माण तह

कुनै पनि कार्य प्रभावकारी रुपमा सफल पार्नका लागि नीति पनि प्रभावकारी हुन आवश्यक छ । शब्दकोश निर्माणका क्षेत्रमा नीति निर्मातालाई निम्न सुझाव दिन सकिन्छ :

- वर्णविन्यासका क्षेत्रम रहेका विविध अन्योलतललाई समयमा नै टुङ्गो लगाउनु पर्छ ।

- हरेक तह र विषयका पाठ्यपुस्तकमा प्रयोग गरिएको वर्णविन्यासगत विविधतालाई कम गरी एकै खालको वर्णविन्यास प्रयोग गरिनुपर्छ ।
- कक्षागत आवश्यकता र विद्यार्थीको क्षमतालाई मध्यनजर गरी तहगत र विषयगत कोश निमार्ण कार्य गरिनुपर्छ ।
- पाठ्यपुस्तकमा समाविष्ट अभ्यासमा शब्दकोशको प्रयोग सम्बन्धी पर्याप्त र विविध क्रियाकलाप समावेश गरिनुपर्छ ।
- नेपाली शब्दको ठूलो ढुकुटी सहर र काँठतिर मात्र होइन दुर्गम पहाडी जिल्लामा पनि भएकाले लोप हुन लागेका विविध नेपाली शब्दहरु खोजी तिनलाई कोशमा स्थान दिएर भाषाका शब्दहरुलाई लोप हुनबाट बचाउनु पर्छ ।

**कार्यान्वयन तह**

नीति मात्र प्रभावकारी बनाएर कुनै पनि कार्यमा सफलता प्राप्त गर्न सकिदैंन, यसको कार्यान्वयन पनि प्रभावकारी नै हुन आवश्यक छ । नीतिलाई सफल बनाउन कार्यान्वयन तहको ठुलो भूमिका रहेको हुन्छ । कार्यान्वयन तहले निम्न कुरामा सचेतता अपनाउनु पर्ने रहेको छ :

- पाठ्यपुस्तकमा भएका कठिन शब्दहरुको अर्थ शब्दकोश हेरेर पत्ता लगाउन अभ्यास गराउने ।
- विद्यार्थीलाई कठिन शब्दको उच्चारण, शब्दको स्रोत, व्युत्पत्ति, शब्दवर्ग र अर्थ, उदाहरण जस्ता पक्षहरु शब्दकोश हेरी पत्ता लगाउन लगाउने ।
- वर्णविन्यास सम्बन्धी हिज्जे प्रतियोगिता र अर्थ सम्बन्धी प्रतियोगिता पनि सञ्चालन गर्ने ।
- शब्दकोश प्रयोग सम्बन्धी अभ्यासात्मक कार्यमा शिक्षकले बढी जोड दिनुपर्दछ ।

**अनुसन्धान तह**

कक्षा दशको नेपाली पाठ्यपुस्तकमा आधारित यो नमूना नेपाली शब्दकोश मात्र हो । यस अनुसन्धानका आधारमा निम्न प्रकारका अन्य अनुसन्धानात्मक कार्य सम्पन्न गर्न सकिन्छ :

- कक्षा एघारको अनिवार्य र ऐच्छिक नेपाली विषयको शब्दकोश निमार्णको अध्ययन ।
- कक्षा बाह्रको अनिवार्य र ऐच्छिक नेपाली विषयको शब्दकोश निमार्णको अध्ययन ।
- आधारभूत तहको नेपाली विषयको शब्दकोश निर्माणको अध्ययन ।
- विद्यालयका प्रत्येक तह र प्रत्येक कक्षाका नेपाली विषयको शब्दकोश निर्माणको अध्ययन ।

## सन्दर्भ सूचीहरु

अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई, सम्पा.(२०६१), प्रयोगात्मक नेपाली शब्दकोश, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

ढकाल, शान्ति प्रसाद (२०७०), प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरु, काठमाडौं : शुभकामना प्रकाशन ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०६९), सामान्य र प्रायोगिक भाषाविज्ञान, काठ्माडौं : एम. के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

नेपाली बृहत् शब्दकोश, (२०४०), काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

भट्टराई, प्रेमप्रसाद (२०६७), प्रारम्भिक नेपाली नमुना शब्दकोश, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि ।

भण्डारी, पारसमणि र अन्य (२०६८), प्रायोगिक भाषाविज्ञान, काठमाडौं : पिनाकल पब्लिकेसन ।

भण्डारी, पारसमणि, रामनाथ ओझा र डोलराज अर्याल (२०७१), भाषिक अनुसन्धान विधि, काठमाडौं : पिनाकल पब्लिकेसन प्रा.लि.।

भण्डारी, पारसमणि र अन्य (२०६८), प्रायोगिक भाषाविज्ञान, काठमाडौं : पिनाकल पब्लिकेसन ।

लम्साल, रामचन्द्र (२०५७), कोश विज्ञान र नेपाली कोश, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, इन्दिरा (२०७३), कक्षा नौको नेपाली किताबमा आधारित नमुना नेपाली शब्दकोश, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. ।

शर्मा बसन्तकुमार (२०७०), नेपाली शब्दसागर, काठमाडौं : शब्दार्थ प्रकाशन ।

## कक्षा दशको नेपाली किताबमा आधारित नमुना शब्दकोश परिशिष्ट

### शब्दकोशका निम्ति प्रयोग गरिएका नमुना शब्दहरु

### पाठ एक : जन्मभूमि

अधिपति, अधीनस्थ, अनिष्ट, अनुकरणीय, अपहरण, अपार, अविस्मरणीय, अहङ्कार, आजन्म, आत्मसात्, आर्दश, इन्द्रेनी, उत्तराधिकारी, उत्तेजित, एकान्त, कर्म, कलङ्क, कुलद्रोही, क्षितिज, गम्भीर, घमन्ड, चानचुने, चाहना, जननी ताजा, थुम्को, दुर्दशा, नित्यकर्म, पक्ष, पक्षपाती, पराइ, परास्त, प्रतीक्षा, प्रस्ताव, प्रहर, फौज, बलबुता, भव्य, भूभाग, मुक्त, मोह, युद्ध, योग्य, राजकाज, रामचन्द्र, लक्षमण, लङ्का, लडाइँ, लालच, लोकप्रिय, लोभ, वानर, विजय, विभीषंण, वीर, वैज्ञानिक, वैभव, शक्ति, शत्रुता, शान्त, शौच, सफलता, समृद्ध, सम्पत्ति, सर्वाधिक, सुग्रीव, सुन्दर, स्मृति, स्वजन, स्वतः, स्वर्ग, हक, हडप्नु, हनुमान आदि ।

### पाठ दुई : सन्तुष्टि

अन्याय, इलमी, ओत्न, ख्याल, गम्म, जगत, जर्नादन, टम्म, दुर्गन्ध, फगत, मनमस्त, ममता, मर्म, मिजास, मोचन, रचना, लाञ्छना, विलास, सञ्चिता, सन्तुष्टि, सिर्जना, सीमा, सुगन्ध, सृजना, सृष्टि, स्वावलम्बी आदि ।

### पाठ तिन : सन्दुक रुइत

अध्ययनशील, अन्तरिक्ष, अपरेसन, अभाव, आकृष्ट, आत्मबल, आविष्कार, इन्ट्राओकुलर लेन्स, इन्स्टिच्युट, एम.बि.बि.एस, कोसेली, क्याम्प, क्षयरोग, खोच, गौरव, चस्मा, चिकित्सक, जनरल, जिज्ञासु, दुर्गम, दृढ, दृष्टि, दृष्टिविहीन, परम्परा, परामर्श, पलायन, प्रख्यात, प्रविधि, प्रवृति, प्रवेशिका, पोको, फिजिसियन, भयङ्कर, भयावह, भावुक, भूगोल, भूपरिवेष्ठित, मधुमेय, मानचित्र, मुग्ध, मोतियाविन्दु, मोतीविन्दु, रक्तचाप, रुइतेक्टोमी, विकट, विख्यात, विशिष्ट, विशेषज्ञ, वृत्तिचित्र, शल्यक्रिया, शिखर, सङ्कीर्णता, सङ्घर्ष, सर्मपित, समुन्नति, सर्वोपरि, साहस, स्नेह, हिमशृङ्खला, हृदय विदारक आदि ।

### पाठ चार : थान्का चित्र

अथाह, अप्राप्य, आयात, आस्था, इष्ट देवता, क्षति, खाइबा, गन्तव्य, गुम्बा, चिनो, ट्रेसिङ् पेपर, ढुवानी, थाङ्का, पञ्चबुद्ध, पहिचान, प्रतिस्पर्धा, प्रतीक, फ्रेम, बहुजातीय, बहुधार्मिक, बहुभाषिक, बुद्धदर्शन, महानिवार्ण, महापरिनिवार्ण, मौलिक, रासायनिक, लेप, वरदान, विज्ञ,

विश्वव्यापीकरण, दर्शज, पदक, पोलियो, प्रतियोगिता, प्राविधिक, बौद्धिक, भाषण, मननीय, मानविकी, मुस्किल, यार्सागुम्बा, राजनीति, विकट, विवश, सद्दे, समाजशास्त्र, सयल, साहित्य, सिर्जनात्मक, सुन, सृजनात्मक, स्वर्ण, हाँडी घोप्टे, हासिल, हीनताबोध आदि ।

**पाठ पाँच : म पनि सक्छु**

अपवाद, अपहेलित, अपाङगता, इच्छाशक्ति, इन्जिनियर, कानुन, जर्जर, जीविकोपार्जन, झस्का, झस्को, तिरस्कार, दर्शन, पदक, पोलियो, प्रतियोगिता, प्राविधिक, बौदि्धक, भाषण, मननीय, मानविकी, मुस्किल, यार्सागुम्बा, राजनीति, विकट, विवश, सद्दे, समाजशास्त्र, सयल, साहित्य, सिर्जनात्मक, सुन, सृजनात्मक, स्वर्ण, हाँडी घोप्टे, हीनताबोध आदि ।

**पाठ छ : व्यापारिक चिठी**

आत्मीयता, उपर्युक्त, पेस्की, बिल, भवदीय, भुक्तानी, महाप्रबन्धक, शीघ्रातिशीघ्र आदि ।

**पाठ सात : प्रत्यागमन**

अनुपम, अमङ्गल, अप्रत्यासित, अलौकिक, असरल्ल, आँचल, आरोग्य, उल्का, कान्तिहीन, कृतघ्न, कोपरा, खर्पन, चकला, छिडीँ, जिलेवी, जेरी, टहल्न, ढुङ्ग्रो, तपस्या, तामदान, तारन्तार, त्याग, थुकदानी, दरिद्र, दारुण, दोलाई, धिक्कार, धितो, नानाओली, नानाथरी, नानावली, निमग्न, पितृमातृहीन, पुनरागमन, पूर्वाभ्यास, पौरख, पौष्टिक, प्रत्यागमन, प्राध्यापक, प्रोफेसर, फिकदानी, वरियात, बर्कत, बर्को, बर्फी, बारा, बारा, बार्ली, वीभत्स, भुङ्ग्रो, भोगटे, मातृत्व, मालताल, मालमत्ता, मुगी, रौनक, लम्पट, लरी, वरन्डा, सुश्रुषा, सशङ्कित, सियाँली, सूचक, सोमत, हलुवाबेत आदि ।

**पाठ आठ : वर्षा**

अमित, अवनिको, आसमान, कबुली, कलिलिन, करुण, गगन, गरजी, गाना, घर्षी, चद्दर, चपलवयसी, चिर, जलधि, झिल्का, झिल्के, तृण, धरा, पारावारा, पिच्छे, पृथ्वी, पोल्टो, प्रभु, मेघ, मोती, रङ्गधार, रतन निधि, रुख, वहाड, वायुपङ्खी, विटप, विमान, वृक्ष, शिखर, शैल, सङ्गित-केली, सलिल, साम्य, सुखजलधि, हरा आदि ।

**पाठ नौ : हाम्रो संस्कृति**

अनुकरण, अनेकन, अपरिर्वतनशील, अभिन्न, अवलोकन, असीमित, आचारसंहिता, आड, आर्थिक, उत्पीडन, उद्गम, उन्मुख, एकताबद्ध, एकाकार, कडी, ग्रहण, चिन्तन, जीवनशैली, तिलक, त्रास, परिमार्जन, परिष्कृत, पहिरन, पारख, पुर्खा, प्रथा, पश्रय, प्रमाणिकता, बलिप्रथा, यथावत्, रीतिरिवाज, वाङ्मय, विकासोन्मुख, विकृति, विद्वेष, संस्कार, सस्कृति, सङ्घ, समयानुकुल, समष्टि, सम्मत, सहरीकरण, सहिष्णुता, सर्न्दभ, सापेक्षता, हाउगुजी आदि ।

**पाठ दश : स्थानीयकरण भन्दा विश्वव्यापीकरण वेश**

अनुचित, अनुत्पादक, अन्तरराष्ट्रिय, अन्तराष्ट्रिय, अभिनेता, अभिसन्धि, अर्थतन्त्र, अवमुल्यन, अस्मिता, आर्जनमुखी, इर्माकेटिङ, इमेल, इलर्निङ, इलाइब्रेरी, इहेल्थ, उपभोक्ता, एकाधिकार, कृपावाद, खण्डन, गुणस्तरीय, थातथलो, थातवास, द्योतक, नातावाद, निर्णायक, निष्प्रभावी, परनिर्भरता, परिचालन, पुँजी, बहुराष्ट्रिय, बालिग, भोगवादी, मण्डन, मण्डल, मानवअधिकार, रेमिट्यान्स, लगानी, लोकतन्त्र, वाक्-स्वतन्त्रता, विर्सजन, विस्तार, विस्थापित, संर्वधन, संवाहक, सङ्कुचित, सङग्रहणीय, समवेदना, सेयर आदि ।

**पाठ एघार : लक्ष्मीपूजा**

अड्डा, अनभरी, अन्तस्करण, आच्छादित, आभा, उत्फुल्ल, उत्सुक, उपेक्षा, उल्लास, कल्याङकुलुङ, कल्याङ्मल्याङ्, कालकोठरी, किचिपिची, किचिमिची, कौडी, खाल, खुब, ख्याक, गोलमाल, जितौरी, टन्टा, ढक्की, ढुक्क, तमाखु, ताजगी, दलिन, दिल, दीप, नासमझ, निर्दोष, निर्दोषपूर्ण, निश्वास, निस्तब्ध, निहारिनु, पालचा, प्यार, बखत, बेमजा, बेमज्जा, मग्न, मिहिन, मुस्कुराहट, रवाफ, वखत, लक्कु, लङ्गुरबुर्जा, वाक्पटुता, सरजाम, सुचित, स्तब्ध, स्तम्भित, हलवाई आदि ।

**पाठ बाह्र : क्लारा जेटकिन**

अत्याधुनिक, अधिवेशन, अनौपचारिक, आकृष्ट, उन्नत, उलङ्घन, एकल, औपचारिक, कल्याण, दशक, दाम्पत्य, निधन, निर्वासित, पाक्षिक, प्रणेता, प्रतिबन्धित, प्रयत्न प्रसिद्धि, प्रेरक, फुकुवा, मासिक, यातना, प्रसिद्धि, प्रेरक, फुकुवा, मासिक, यातना, शताब्दी, संलग्न, सभ्यता, सर्मथन, सर्मपण, समाजवादी, सहज, साम्यवाद, सार्थक, स्तुत्य, स्मरणीय, हमेसा, हरहमेरसा, होनहार आदि ।

**पाठ तेह्र : जय भुँडी**

अठार अणुबम, अधिष्ठात्री, अलेक्जेडर, अवरोहण, उपासना, कुम्भकर्ण, काइष्ट, खँगारेको, गोसाइँकुण्ड, गोसाइथान, घ्याम्पा, चङ्खेज खाँ, चामत्कारी, टाल्सटाय, टैगोर, ठण्डाराम, दृष्टान्त, देवाधिदेव, नेपोलियन, नैष्ठिक, नैवेद, नैवेद्य, परचकी, बाल्मीकि, ब्यारेक, भर्सेली, भुसुक्कै, भ्याकुर, माहात्म्य, लिङ्कन, लेनिन, विस्मार्क, वेदव्यास, संहार, सत्यवादी, सदाचारी, सर्वकालीन, सर्वदेशीय, सर्वधर्मीय, सामर्थ्य, सार्त्र, सुरक्षा, सौभाग्य, हाउडी आदि ।

**पाठ चौध : म सडक बोल्दै छु ।**

अपेक्षा, कबाज, कवाज, खत्तम, गिर, चिप्लेटी, झुर, तर्साउने, त्रासद, थकित, निश्चित, फन्को, बेकाल, भेल, रद्दी, लाञ्छित, शब्दहीन, सम्भार आदि ।

**पाठ पन्ध्र : टीका**

अर्पझट, खिन्न, खोपा, चचहुई, चारकुने, चिरञ्जीवि, जहान, टुकी, डाँक, डिबिया, ढिको, देश पस्नु, पुकार, पुकारा, बर्ख, बा, मुद्रा, मैना, हंस, हंसले ठाँउ छोड्नु आदि ।

**पाठ सोह्र : माउजङ बाबुसाहेबको कोट**

अजेय, अपहरण, अभिमान, अभ्यस्त, अवश्य, अवश्मेव, असीम, अहङ्कार, आघात, आतङ्क, आवेग, आर्द्रता, इख, इस्त्री, उत्कण्ठा, उद्दण्ड, उद्विग्न, उद्वेग, ऊनी, ओभरकोट, कदाचित्, कायाकल्प, कालिगड, केन्द्राकर्षण, कोधी, क्षमाशील, क्षोभ, क्लेश, खिल्ली, गुरुता, गुरुत्व, गौरवशाली, चक्षु, जफत, जेब, ठुल्याइँ, ठेलमठेल, तन, तात्कालिक, तीक्ष्ण, त्रिपाई, दामी, दौडाहा, धसिनु, धृष्टता, निरीक्षण, निर्विकार, प.क.ज, परिपालक, परिमेय, प्रलय, पसङ्ग, बकस, बग्गी, बडप्पन, बडा हाकिम, बर्बरता, बिर्ता, बेपरवाह, भयत्रस्त, भारत, महिमा, मानस, मारपिट, मुस्लो, मुक, रफ्फु, राजसी, रैती, लय, लेमन, वस्तुतः विरुप, विषाद, सखाप, साध्य, हिन्दुस्थान, हिफाजत ।

# व्यत्तिगत विवरण

**नाम** : कमला थपलिया

**जन्म** : २०५०/११/०६

**पिताको नाम** : दिर्घराज थपलिया

**माताको नाम** : दुर्गादेवी थपलिया

**पतिको नाम** : लोकेन्द्र राज दाहाल

**स्थायी ठेगाना** : कनकाई नगरपालिका ५, झापा ।

**सर्म्पक नम्बर** : ९८१५९८११८१

**नागरिकता** : नेपाली

**धर्म** : हिन्दु

**मातृभाषा** : नेपाली

**बैवाहिक स्थिति** : विवाहित

**पेशा** : शिक्षण

**शैक्षिक योग्यता :**

**क.स तह अध्ययन गरेको संस्था**

१. एस. एल.सी (२०६५) : श्री प्रणामी माध्यमिक विद्यालय, आठराई गाँउपालिका ४, तेह्रथुम ।

२. + २ (२०६८) : श्री प्रणामी माध्यमिक विद्यालय, आठराई गाँउपालिका ४, तेह्रथुम ।

३. बि.एड (२०७१) : श्री कनकाई बहुमुखी क्याम्पस, कनकाई नगरपालिका ४, झापा ।

४. एम.एड : श्री कनकाई बहुमुखी क्याम्पस, कनकाई नगरपालिका ४, झापा ।